जि.प्र.का.दर्ता नं. ४७५/२२५

स्थानीय क्षेत्रको बलियो आधार

# स्थानीय सरोकार

मासिक

वर्ष ३ | अङ्क ६ | असोज २०८२

LOCAL CONCERNS A MONTHLY MAGAZINE






# तेस्रो वार्षिकोत्सव

विशेषाङ्क

"विकास निर्माण, समृद्धि र पुन:निर्माणमा
स्थानीय सरकारको बलियो आधार"

KHUSI INTERNATIONAL

CONSULTANCY & EDUCATIONAL CENTER

GO GLOBAL WITH US

# STUDY IN SOUTH KOREA



**We got varieties of course options**

**MAJOR: BACHELOR'S IN INFORMATION TETCHNOLOGY**

**REQUIREMENTS**

- ☑ GPA: 3.2 OR ABOVE
- ☑ IELTS: OVERALL 5.5 OR ABOVE
- ☑ GROUP VERIFICATION AND VISA DATE

**BOOK YOUR SEATS ON TIME**

**Get Free Consultation Now**

01-5357867
9815617805

For More Info
Contact Us

khusiinternationalnepal07@gmail.com
Bagbazaar, Kathmandu Nepal

"Partnership for Urban Governance"

DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
## Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
**PO Box** : 14286, Kathmandu, Nepal
**Tel** : (977-1) 4525692, 4520559
**Email** : info@muannepal.org.np, muan@ntc.net.np

**Ref.**

## शुभकामना

नेपालको संविधानले राज्यको मुल संरचना संघ प्रदेश र स्थानीय गरी तीन तहको हुने र तिनको एकल र साझा अधिकार सूची अनुसूचीहरुमा व्यवस्था भए बमोजिम हुने कुरा उल्लेख गरेको छ । सहकारिता र समन्वयको र सहअस्तित्वको सिद्धान्तमा आधारित संघीय प्रणालीमा एक संङ्घीय सरकार, सात प्रादेशिक सरकार र ७५३ स्थानीय सरकार सञ्चालित छन् । लोकतन्त्रको जग भनेकै स्थानीय सरकार हुन् । स्थानीय सरकारहरू जिम्मेवार र संवेदनशील नभए लोकतन्त्र मजबुत बन्न सक्दैन । कुनै पनि समाज या देश कति लोकतान्त्रिक छ भन्ने बुझ्नु परे त्यहाँको स्थानीय सरकारका गतिविधिलाई हेर्ने गरिन्छ । संविधान अनुरुप स्थानीय सरकारहरुको संस्थागत तथा बहुआयामिक विकासका लागि भिन्नभिन्न भौगोलिक तथा सामाजिक अवस्था र स्रोत-साधनका आ-आफ्नै परिवेश बोकेका साना ठूला सबै नगरपालिकाहरुका लागि एउटै साझा चौतारीको रुपमा विकास गर्न गठन भएको **नेपाल नगरपालिका संघले** नगरपालिकाहरुको नीतिगत विषयमा पैरवी, क्षमता अभिवृद्धि र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । निगरानी दैनिक मिडियाद्वारा प्रकाशित हुँदै आएको **'स्थानीय सरोकार मासिक'** ले स्थानीय सरकार र स्थानीय क्षेत्रको युगान्तकारी परिवर्तनको लागि पत्रपत्रिकाको माध्यमबाट देश जनता र मुलुकको आर्थिक सुव्यवस्थाका लागि कलम चलाउँदै आएको थाहा पाउँदा नेपाल नगरपालिका संघ खुशी व्यक्त गर्दछ । सुशासन, स्थानीय तहमा देखिएका अनियमितता, अनुशासनहिनता एवं दण्डहिनताको विरुद्ध कलम चलाउनुका साथै सरकार र नीजि क्षेत्रले शुरु गरेका आर्थिक सुधारका कियाकलापहरुलाई आम सर्वसाधारण समक्ष संप्रेषण गरी सकारात्मक आर्थिक वातावरण सिर्जनालाई आफ्नो मुख्य कर्तव्यको रुपमा स्वीकार गरी आफ्नो तेश्रो वार्षिकोत्सवको अवसरमा विशेषांक प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहन्छु ।

अन्तमा स्थानीय सरकारका बारेमा चासो राख्ने स्थानीय सरकारका सम्पूर्ण सरोकारवालाहरुसँग सम्बन्ध, समन्वय, सम्पर्क र विविध गतिविधि सञ्चालका साथै सूचना संप्रेषण मार्फत समाज प्रति उत्तरदायी, निष्पक्ष विश्वसनीय समाचार मार्फत वित्तीय चेतना अभिवृद्धि गर्न एवं युवाहरुमा उद्यमशीलता विकास गराउन यस **'स्थानीय सरोकार मासिक'** ले आगामी दिनमा अझ सफलता हासिल गर्दै सबैको लागि उपयोगी सिद्ध हुने विश्वासका साथ शुभकामना व्यक्त गर्दछु ।

१२ भदौ,२०८२

भीम प्रसाद ढुंगाना
अध्यक्ष

प्रमुख, नीलकण्ठ नगरपालिका

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल
## National Association of Rural Municipalities in Nepal (NARMIN)

मिति: २०८२।०५।१९

## शुभकामना सन्देश

स्थानीय सरोकार मासिक पत्रिकाले दोश्रो वर्ष पूरा गरी तेश्रोमा प्रवेश गरेको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

सरकार लोकतान्त्रिक मूल्य मान्यता र पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा छ। सार्वजनिक सरोकारको विषयमा नागरिकले सूचना माग्ने र पाउने मौलिक हक कार्यान्वयनमा प्रतिबद्ध छ। मुलुकको राजनीतिलाई स्थिर, लोकतान्त्रिक शासन प्रणालीलाई बलियो र अर्थतन्त्रलाई सबल बनाउन सञ्चार माध्यमको विशेष भूमिका हुन्छ।

हाम्रो अर्थतन्त्रमा पूँजीगत खर्च, राजस्व परिचालन, उत्पादनको क्षेत्रमा लगानी, रोजगारी सिर्जना, उद्यमशीलता लगायतका क्षेत्रहरुमा समस्या, चुनौती र अवसरहरू छन्। सरकार अर्थतन्त्रमा देखा परेका समस्याहरूलाई समाधान गर्दै नयाँ अवसरहरू सिर्जना गर्नका लागि सबै क्षेत्रहरूसँग हातेमालो गर्दै अघि बढेको छ। सरकारको यस कदमलाई सफल पार्न सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिका रहने र यस मासिकले समेत उपयुक्त भूमिका निर्वाह गर्ने विश्वास लिएको छु।

स्थानीय सरोकार मासिकले विगतमा निर्वाह गरेको भूमिकाको प्रशंसा गर्दै आगामी दिनमा अझ परिस्कृत र परिपक्व रुपमा प्रस्तुत हुनेछ भन्ने विश्वास लिएको छु। यस मासिकले स्वतन्त्र र निश्पक्ष पत्रकारिताको मूल्य मान्यतालाई आत्मसात् गर्दै देशको शहरी क्षेत्रसँग जोडिएका समाचार तथा बहसलाई जनता र नीति निर्माता समक्ष पुर्याउने विश्वास समेत लिएको छु।

अन्त्यमा, तेश्रो वार्षिकोत्सवका अवसरमा स्थानीय सरोकार मासिक परिवारको उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

लक्ष्मीदेवी पाण्डे
अध्यक्ष

पत्राचार ठेगाना: पो.ब.नं. १२९५१, का.म.न.पा. अनामनगर-२९, काठमाडौं, नेपाल, फोन नं. ९७७-१-५३२९८४१
Mailing Address: G.P.O. Box: 12951, Anamnagar, Kathmandu, Nepal Phone: +977-1-5329841 Email: info@narmin.org.np Website: www.narmin.org.np

# प्रकाशकीय

## 'विकास निर्माण, समृद्धि र पुन:निर्माणमा स्थानीय सरकारको बलियो आधार' -स्थानीय सरोकार

"विकास निर्माण, समृद्धि र पुनःनिर्माणमा स्थानीय सरकारको बलियो आधार" भन्ने मूल नाराका साथ प्रकाशन सुरू गरेको दोस्रो वर्ष पूरा भएर आजबाट तेस्रो वर्षमा प्रवेश गरेका छौ ।

अधिकांश छापा पत्र-पत्रिकाहरू आर्थिक भार धान्न नसकेर बन्द भैरहेको अवस्थामा पत्रिकालाई नियमित सञ्चालनका लागि सहयोग गर्नुहुने सम्पूर्ण विज्ञापनदाता, पाठकबृन्द, शुभचिन्तक तथा सहयोगीहरूमा आभार प्रकट गर्न चाहन्छौ ।

हालसम्मको अवधिमा भएका कमीकमजोरीहरूलाई सुधार्दै आगामी दिनमा अझै सशक्त रूपमा अगाडि बढ्न प्रण गर्दछौ । साथै प्राविधिक रूपमा यदि कहीँकतै यस स्थानीय सरोकार पत्रिका मार्फत् उठान गर्नुपर्ने विषयले स्थान नपाएको भए आगामी दिनहरूमा पक्कै पनि त्यसको स्थान अग्रपंतीमा हुनेछ भन्ने विश्वास दिलाउन चाहन्छौ ।

कसैको डर, धम्की, त्रास र भयमा नपरी निष्पक्ष रूपमा हाम्रा कलमहरू प्रवाहित हुनेछन्, जनताको सच्चा पहरेदार र खबरदारीका रूपमा सधै खटिरहनेछौ भन्ने कुरा पनि पाठकवृन्द एवम् शुभ चिन्तकहरूमा विश्वास दिलाउन चाहन्छौ ।

विगतका वर्षहरूलाई फर्केर हेर्दा मरूभूमिको छाती दोहा कतारदेखि रमलघारी अरबसम्मको यात्रामा नेपाली कामदारहरूले भोगेको दुःख र पीडाको बैसाकीरूपी साहारा बन्दै आएको अर्को रूप हो निगरानी ब्यूरो । यस ब्यूरो अन्तर्गत हालसम्म करिब ३३ जना नेपाली युवायुवतीलाई भारतको तामिलनाडु प्रान्त कान्जिपुरम्देखि बिशाखापट्नाको कोठीसम्म, कुवेतको जेलदेखि रमलको उजाड भूमिसम्म, साउदीको दमामदेखि रियादसम्म, कतारको अबुहमुरदेखि सनैयासम्म, युएइको आबुधावीदेखि रसलख्यैमासम्म, कुवेतमा नरकीय जीवन बिताईरहेका चेली र यूरोपका लिबिया, केन्यासम्म यस ब्यूरोले दुःख पाएका नेपाली कामदारलाई स्वदेश फिर्ता गरी घरपरिवारसम्म मिलाउने कुरामा महत्वपूर्ण भूमिका निर्वाह गरेको अवगत गराउन चाहन्छौं ।

प्रमाणसहित सत्यको पक्षमा निरन्तर कलम चलाउँदाका चुनौती कतिसम्म बढिसकेको छ भन्ने कयौं घटनाले स्थापित गर्छ । सँधै 'सत्यको सधैँ जित हुन्छ' भन्ने स्थापित गर्ने घटना पनि यही भयो ।

स्थानीय तह र आम नागरिकबिचको पुलको भूमिकामा कटिबद्ध यस स्थानीय सरोकार पत्रिकाले आवाजविहिनहरूको आवाज र बेथिति, विसंगती र भ्रष्ट्राचारको विरूद्ध सदैव खरो बुलन्द आवाजको रूपमा आफ्नो दोस्रो वर्षे कार्यकाललाई पूरा गर्न विभिन्न वाधा अड्चन, अवरोधको सामनासँग जुध्दै र लड्दै आईरहेको कुरा अवगत गराउन चाहन्छौं । यस स्थानीय सरोकार पत्रिकाले उठाएका धेरै विषयहरूले सार्थक प्राथमिकता र राज्यको आर्थिक भारमा राजश्व उठानको लागि पनि टेवा पुगेको हामीले महसुस गर्दै आएका छौं ।

सूचना-प्रविधिको विकाससँगै सामाजिक सञ्जालको उछालले छापा पत्रकारिताको विस्तारमा पक्कै चुनौती थपेको छ । तर, सत्य र झुट तथा सत्य र भ्रमको सीमा पनि एकदमै साँघुरिएको छ । समाचारको प्रामाणिकता र प्रशोधनका लागि अहिले पनि छापा पत्रकारिताको विकल्प तयार भइसकेको छैन । हामीले आफ्नो जमिन त्यहीँ देखेका छौं ।

पत्रिकाको आम्दानीको मुख्य स्रोत भनेकै विज्ञापन हो । विज्ञापनले नै दैनिक पत्रिकाको खर्च जुटेको हुन्छ । प्रकाशनको सुरूवातदेखि हालसम्म विभिन्न अवस्थामा विज्ञापन प्रकाशित गरी पत्रिकालाई नियमित रूपमा प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण विज्ञापनदाता महानुभावहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौ ।

यहाँहरूको साथ, सहयोग र विश्वासले पत्रिकालाई दोस्रो वर्षसम्म नियमित प्रकाशन गर्न सफल भएका छौ, आगामी दिनहरूमा पनि यहाँहरूको साथ र सहयोग यसैगरी रहिरहनेछ भन्ने अपेक्षा लिएका छौ ।

नागरिकका समस्याहरूको समाधान गर्न तथा सम्बन्धीत पक्षलाई झकझक्याउन कुनै पनि सन्देह नमानी अहोरात्र रूपमा खटिने प्रण गर्दै आगामी दिनहरूमा आदरणीय पाठकबृन्द, शुभचिन्तक एवम् विज्ञापनदाताहरूको सल्लाहलाई पनि मनन गर्दै अगाडि बढ्नेछौ । धन्यवाद ।

***प्रकाशकः***

***जीवन शर्मा***

प्रकाशक
**निगरानी दैनिक मिडिया प्रा. लि.**

अध्यक्ष
**निर्मला दंगाल**

प्रधान सम्पादक
**जीवन शर्मा**

प्रबन्धक
**टि.एन घमला**

सम्पादक
**नर बहादुर तामाङ**

सह–सम्पादक
**शालिकराम भट्ट**

संवाददाता
**राधिका ढकाल**
**दिपकराज जोशी**

विशेष सल्लाहकार
**दर्शनाचार्य लक्ष्मीप्रसाद ढकाल**

सल्लाहकार
**डा. श्रीकृष्ण वाग्ले**
**डा. हरि जोशी**
**रामचन्द्र लामिछाने**

कानुनी सल्लाहकार
**अधिवक्ता गोविन्द पन्थी**
**अधिवक्ता कृष्ण प्रसाद भट्टराई**

फोटो पत्रकार
**सरोज राई**

**कार्यालय**
चावहिल-७, काठमाडौं
फोन : ०१-५९१९५४४, ९८५-१०५३९३०
ई-मेल : news.nigranidainik@gmail.com
www.nigranidainik.com
मूल्य रू. १००/-

कम्प्यूटर
**क्रिस्जल डिजाईन हाउस**
बालुवाटार, काठमाडौं
९८४३४९२८४२

मुद्रण
**युनिक प्रिन्ट हाउस प्रा. लि.**
काठमाडौं-७, चावहिल

# सम्पादकीय

यतिबेला देशमा नेपालीहरूको महान पर्व बडादशैं र तिहारको माहोलले छपक्कै छोपेको छ । चारैतिर दशैंको रौनकले देश चाडपर्वमय बनेको छ । यस्तो अवस्थामा विभिन्न समस्या आउनु स्वभाविक हो । महंगी, यातायात व्यवस्थापनमा समस्या लगायतका विषय बर्सैनिदेखिँदै आएको छ । यसरी चाडपर्वको बेलामा स्थानीय सरकारले यी विषयमा ध्यान दिने हो भने चाडपर्वलाई शान्त, सुन्दर र रमणीय बनाउन सकिन्छ ।

**नागरिकको सुरक्षाः** स्थानीय प्रशासनले पर्वको दिनहरूमा नागरिकहरूको सुरक्षाको ख्याल राख्नुपर्छ । यसले अपराधिक क्रियाकलाप रोक्दै नागरिकको सुरक्षा सुनिश्चित गर्नका लागि विभिन्न कार्यहरू गर्नुपर्छ ।

**यातायात व्यवस्थापन** : दशैं र तिहारको अवसरमा मानिसहरू विभिन्न स्थानमा आवतजावत गर्ने भएकोले यातायातको व्यवस्थापन हुन पनि निकै नै कठिनाई हुन सक्छ । स्थानीय प्रशासनले सहुलियत गराउनका लागि ट्राफिक व्यवस्थापन योजना अमलमा ल्याउनुपर्छ, जसमा अस्थायी पार्किङ क्षेत्रहरू तोक्ने रूट फ्रि गराउने जस्ता कार्य गर्न सक्छ ।

**फोहोर व्यवस्थापन** : पर्वहरू विभिन्न खाद्यान्न तथा खाद्यवस्तुको धेरै नै प्रयोग हुने हुँदा प्याकेजिङ र प्रयुक्त पदार्थहरूले धेरै मात्रामा फोहोर उत्पन्न गर्छ। यस्तोमा स्थानीय प्रशासनले सार्वजनिक स्थानहरूलाई सफा राख्न चुस्त दुरूस्त रूपमा हुने विभिन्न योजना कार्यान्वयन गराउनु पर्छ ।

**मूल्यवृद्धिमा नियन्त्रण** : जब जब चाडपर्व नजिकिँदै जान्छ बजारमा मूल्यवृद्धिका घटनाहरू बढ्दै जान्छ। यस्तोमा स्थानीय प्रशासनले पर्वको अवसरमा आवश्यक वस्तुहरूको मूल्य नियन्त्रणमा महत्त्व दिनुपर्छ। यसले नागरिकहरूको लागि आवश्यक वस्त्रहरू अरू वस्तुहरूसँग सार्थक र सस्तो बनाउँछ।

**सांस्कृतिक संरक्षण** : दशैं र तिहार मात्र धार्मिक चाड भन्दा बढी हुन्छ, यसले स्थानीय प्रशासनलाई अपर्व र भण्डारीको बारेमा विचार गर्न आग्रह गर्छ। स्थानीय प्रशासनले सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न र परम्परागत कला र शिल्पकलाको प्रशासन र संरक्षणका लागि प्रमोट गर्न पनि ध्यान दिनुपर्छ ।

**प्रदूषण नियन्त्रण** : चाडबाडमा विभिन्न मनोरञ्जनात्मक क्रियाकलापहरू भइरहेका हुन्छन् । तर यसमा धेरै शब्द प्रदूषण समस्या उत्पन्न भइरहेको हुन्छ । त्यसैले स्थानीय प्रशासनले शान्त वातावरण बनाउन नगर तथा गाउँमा विभिन्न कार्यहरू गर्न जरूरी छ जसले शब्द तथा ध्वनि प्रदूषणलाई न्यूनीकरण गरोस् ।

आपत्कालीन सेवा : स्थानीय प्रशासनले पर्वको दिनहरूमा आपतकालीन सेवाहरू, जस्तै एम्बुलेन्स र अग्निसेवाहरूलाई तयारी अवस्थामा राख्न अत्यन्तै जरूरी छ । चाडबाडमा अप्रत्यासित रूपमा हुने घटनाहरूलाई सम्बोधन गर्नका लागि स्थानीय सरकार तम्तयार हुन अत्यावश्यक छ । स्थानीय प्रशासनको सक्रिय सहभागिता र समुदायका प्रमुख र संगठनहरूसँगका संयोजनामा पर्वलाई सुरक्षित, मनोरञ्जनका साथै स्थानीय कानुन र नियमकम मनाउन सकिन्छ । माथि उल्लेखित कुरामा स्थानीय सरकारले ध्यान दिने हो भने दशैं र तिहारको उत्सवलाई सुरक्षित, रमाइलो, र रमणीय पर्व बनाउन सकिन्छ ।

आवरण

# साहस र सत्य निष्ठाको प्रतिक अनुकरणीय प्रहरी अतिरिक्त महानिरीक्षक कार्की

## प्रहरी संगठनमा स्वभाविक नेतृत्व हस्तान्तरणको बाटो

शालिक भट्ट



फोटो सौजन्यः नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल

*आर्थिक वर्ष ०८०/८१ को माघ महिनामा लुम्बिनी प्रदेशमा ४,८९,५५,४५० राजस्व छली पक्राउ गरिएकोमा कार्कीकै नेतृत्वमा ०८१/८२ को माघ महिनामा सतप्रतिशत वृद्धि भै ९,०४,६५,३५० अबैध राजस्व छली पक्राउ गरिएको देखिन्छ। यसका साथै कार्कीले आफ्नो कार्यकालमा अरू पनि उल्लेख्य कामहरू गरेका छन् जुन देश र जनताको हकहितमा छन्। उनले "लागूऔषध सेवनले ज्यान लिन्छ, जेल पुऱ्याउँछ, बिदेश जानबाट रोकिन्छ" भन्ने नाराका साथ लागूऔषध विरूद्ध सर्च एण्ड स्वीप तथा रिले सचेतनात्मक ऱ्याली अभियान संचालन गरे। प्रहरी कर्मचारीलाई सुसूचित गर्ने उद्देश्यले सम्पूर्ण प्रहरी कार्यालयहरूमा 'प्रहरी प्रतिज्ञा' र 'सुरक्षाका ७ सुत्र' टाँसिनुमा उनको नै भूमिका छ।*

काठमाडौं - वि.सं. २०१२ सालमा स्थापना भएदेखि नेपाल प्रहरीमा आजसम्म धेरै नै नेतृत्व फेरियो। नेतृत्वसँगै त्यसपछिका पदहरूमा पनि प्रशस्तै मुहार बदलिए। संगठन प्रमुख प्रहरी महानिरीक्षकको पदावधि सकिएसँगै प्रहरी अतिरिक्त महानिरीक्षक मध्येका अब्बल दर्जाका एक उक्त स्थानमा पुग्ने क्रम जारी नै छ।

यो बीचमा आएका धेरैले आ-आफ्नो तवरबाट विभिन्न उल्लेखनीय कामहरू गरे। कतिपय चर्चाको शिखरमा पुगे त कतिपयले गुपचुपमै आफ्नो कार्यकाल पूरा गरे। यी सबै मध्ये अलि फरक धार र सोचाइका राष्ट्रसेवक हुन् प्रहरी अतिरिक्त महानिरीक्षक दान बहादुर कार्की। २०५४ साल चैत १८ गते प्रहरी निरीक्षकका रूपमा नेपाल प्रहरीको जागिर खान पुगेका उनले त्यसपछि देश र जनताका लागि निकै नै उल्लेखनीय काम गरेका छन्।

२०६६ मंसिर २६ गते प्रहरी नायब उपरीक्षक, २०७४ साउन १९ गते प्रहरी उपरीक्षक, २०७९ साउन ३ गते वरिष्ठ उपरीक्षक,

## आवरण

२०८१ जेठ १३ गते प्रहरी नायब महानिरीक्षक हुँदै २०८२ बैशाख ११ गते प्रहरी अतिरिक्त महानिरीक्षकको रूपमा पदोन्नती भएका उनी नेपाल प्रहरीका उदाहरणीय प्रदेश प्रमुख हुन् ।

उनले २०८१ मंसिर २९ गतेबाट २०८२ वैशाख १३ सम्म लुम्बिनी प्रदेश प्रहरी कार्यालयको प्रमुखको जिम्मेवारी निर्वाह गरे । लुम्बिनी प्रदेशमा काम गर्दा उनले यति छोटो अबधिमै व्यक्तिगत जीवनलाई भुलेर देश र जनताको शान्ति सुरक्षाको लागि आफ्नो जीवन समर्पण गर्नु नै नेपाल प्रहरीको कर्तव्य हो भन्ने कुरालाई पुष्टि गरेर देशका लागि अतुलनीय योगदान दिए भन्दा फरक नपर्ला ।

लुम्बिनी प्रदेशमा प्रहरी प्रमुखको रूपमा कार्यरत रहँदा उनले त्यहाँको शान्ति सुरक्षाको लागि उल्लेखनीय काम गरेका छन् । आत्महत्या न्यूनीकरण कार्ययोजना २०८१, विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना २०८१, लैंगिक हिंसा सम्बन्धी १६ दिने कार्ययोजना, अपराध न्यूनीकरण कार्ययोजना २०८१, कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन कार्ययोजना २०८१, जघन्य, संगठित प्रकृतिका अपराध अनुसन्धान कार्ययोजना २०८१, सिमावर्ती अपराध, चोरी निकासी पैठारी नियन्त्रण सम्बन्धी कार्ययोजना २०८१ यी सबै उनकै पालाबाट सुरू भएको हो ।



यसका साथै उनकै पालामा प्रदेश प्रहरी कार्यालयको लागि जग्गा प्राप्तिको प्रकृया प्रदेश मन्त्रीपरिषद्बाट स्वीकृत गराइ तालुक मन्त्रालयमा पठाइएको थियो । 'अन्तर जिल्ला मूल्यांकन मार्गनिर्देशन' र 'अन्तर-ईकाई कार्यसम्पादन प्रतियोगिता मार्गनिर्देशन' तयार गरी कार्यान्वयनमा ल्याउनुका साथै सोको आधारमा मासिक रिपोर्ट कार्ड उपलब्ध गराउने व्यवस्था गर्नुका साथै हराएका मानिस, बेवारिसे लाश र सवारी साधनको विवरण एकीकृत गरी प्रदेशभरका सम्पूर्ण (कम्प्युटर भएका) युनिटसम्म वितरण गरी खोजी कार्यलाई एक विशेष अभियानको रूपमा संचालन गरिएको थियो ।

उनले आत्महत्या रोकथामको लागि मिडिया, रेडियो सामाजिक सञ्जालको प्रयोग गरी जनचेतना अभियान संचालन गरे । तस्कर हरूको तारोमा पर्ने जोखिम मोल्दै आफूले सुशासनमा उल्लेख्य काम गर्ने भन्दै आफ्ना सिर्जनात्मक कामबाट अपराध नियन्त्रण र शान्ति सुरक्षामा फड्को मारेर जनताको मन जितेर प्रहरी प्रतिको जनधारणा मै सकारात्मक फड्को मार्ने प्रयत्नमा अहिले पनि हरदम तल्लिन छन् एआइजिपि कार्की । लुम्बिनी प्रदेशमा रहँदा उनका काम कारबाही बारे मातहतको कपिलवस्तु राजमार्गमा कार्यरत एक ट्राफिक प्रहरी हवलदारले नाम उल्लेख नगर्ने सर्तमा पहिलाको तुलनामा कार्की प्रमुख हुँदा छोटो समयमा नै प्रहरी कामकारबाहीमा भएको सुधार आफूले पहिलोपटक देखेको बताएको पूर्व डिएसपी हाल अधिबक्ता गोविन्द पन्थीले आफ्नो एक लेखमा उल्लेख गरेका छन् । 'हामीलाई कसैले खाजाखान जाउ भन्यो भने पनि कतै सरले पठाएका मान्छे त होइनन् भनेर डर लाग्छ र हामी जान छाडेका छौं । एक सिनियर प्रहरी अधिकृतका अनुसार प्रदेशको नेतृत्वले बदल्न खोज्दा कति सम्भव छ भन्ने गतिलो उदाहरण दान सरको कामकारबाही ले छर्लङ्ग पार्छ,' पन्थीले लेखेका छन् ।

कार्कीले लुम्बिनीमा रहँदा राजस्व छली नियन्त्रणमा पनि महत्त्वपूर्ण काम गरेका छन् । उनका भारत सरकारबाट वैधानिक रूपमा निर्यात गर्न नदिएका सामाग्री पैठारीमा नियन्त्रण, भन्सार छली नियन्त्रणमा नाकामै कडाइ गर्ने र एकपटक चेक जाँच गरेका गाडीलाई ठाउँ ठाउँमा जाँच गरी हैरानी नदिने, भारत प्रवेश गर्दा नेपाली गाडीलाई जे जस्तो शुल्क लाग्छ भारतीय गाडी नेपाल प्रवेश गर्दा पनि सोही मुताबिक गर्ने लगायतका कामले राजस्व छलीलाई बन्द गराउन निकै नै मद्दत गऱ्यो ।

आर्थिक वर्ष ०८०/८१ को माघ महिनामा लुम्बिनी प्रदेशमा ४,८९,५५,४५० राजस्व छली पक्राउ गरिएकोमा कार्कीकै नेतृत्वमा ०८१/८२ को माघ महिनामा सतप्रतिशत वृद्धि भै ९,०४,६५,३५० अबैध राजस्व छली पक्राउ गरिएको देखिन्छ । यसका साथै कार्कीले

**आवरण**

आफ्नो कार्यकालमा अरू पनि उल्लेख्य कामहरू गरेका छन् जुन देश र जनताको हकहितमा छन् । उनले "लागूऔषध सेवनले ज्यान लिन्छ, जेल पुऱ्याउँछ, बिदेश जानबाट रोकिन्छ" भन्ने नाराका साथ लागूऔषध विरूद्ध सर्च एण्ड स्वीप तथा रिले सचेतनात्मक ऱ्याली अभियान संचालन गरे । प्रहरी कर्मचारीलाई सुसूचित गर्ने उद्देश्यले सम्पूर्ण प्रहरी कार्यालयहरूमा 'प्रहरी प्रतिज्ञा' र 'सुरक्षाका ७ सुत्र' टाँसिनुमा उनको नै भूमिका छ ।

यसअघि कार्कीले २०८१ जेठ २१ देखि २०८१ मंसिर २८ गतेसम्म नेपाल प्रहरीको केन्द्रीय प्रवक्ताको रूपमा काम गरेका थिए ।

प्रवक्ताको रूपमा उनले नेपाल प्रहरीका वेवसाइट, रेडियो-टिभी कार्यक्रम, सामाजिक सञ्जाल मनिटरिङ युनिट, केन्द्रीय प्रहरी समाचार कक्ष जस्ता सांगठानिक सूचना संप्रेषणका माध्यमले सार्वजनिक सरोकार र महत्वका विषयमा नेपाल प्रहरीको आधिकारिक धारणा प्रकाशन एवं प्रसारण गर्नुका साथै नियमित सञ्चारकर्मी भेटघाट, आवश्यकता अनुसार प्रेस विज्ञप्ती एवं आम सञ्चार माध्यमसँग समन्वय गर्दै जनमानसमा नेपाल प्रहरीको छवी उँचो गराउने, प्रदेश प्रहरी कार्यालयहरूदेखि जिल्ला तहसम्मका सूचना अधिकारीहरूलाई सूचना संप्रेषणका सम्बन्धमा निर्देशन दिने, सम्पादित कार्यको अनुगमन गर्ने तथा सेवा प्रदायक कार्यालयहरूमा नागरिक बडापत्र, नागरिक सहायता कक्ष, उजुरी छानबिन शाखामार्फत प्रभावकारी सेवा प्रवाह एवं सूचना वर्गीकरण र अध्यावधिक गरी प्रहरी सूचना प्रसारण र प्रकाशन सफल रूपमा सम्पन्न गरे ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम मार्फत आम-नागरिकलाई सु-सूचित गर्ने उद्देश्यले सार्वजनिक, सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरण, लागूऔषध दुर्व्यसन, बैङ्किङ कसुर लगायतका विभिन्न आर्थिक अपराधहरू, ठगी, साईवर अपराधको जोखिम जस्ता विषयसँग सम्बन्धित सन्देशमूलक भिडियोहरू निर्माण गरी प्रचार प्रसार, नेपाल प्रहरी प्रधान कार्यालय श्रव्यदृश्य शाखाबाट अपराध नियन्त्रण, विपद व्यवस्थापन सम्बन्धी वृत्तचित्र र डकुड्रामा तयार गरी विभिन्न सञ्चार माध्यमबाट प्रशारण गर्ने लगायतका काम कार्कीको नेतृत्वमा सम्पन्न भए ।

नेपाल प्रहरी ऐन, नियमावली, नीति, निर्देशन विपरीत गैरव्यवसायिक आचरण, व्यवहार गर्ने एवं प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, हेलो सरकार, राष्ट्रिय मानव अधिकार आयोग लगायत विभिन्न सरकारी, गैरसरकारी कार्यालय, सञ्चारगृह र सञ्चारकर्मी, संघ-संस्था वा व्यक्तिबाट सिधै वा सामाजिक सञ्जालबाट प्राप्त उजुरीहरूका सम्बन्धमा छानबिन र अनुसन्धान पश्चात प्रहरी महानिरीक्षकज्यूसँग समन्वय गरी अनुशासनात्मक एवं फौजदारी कसुरमा कारवाही गरी गराई प्रहरीमा सांगठानिक एवं व्यवसायिक मापदण्ड स्थापित गर्नुका साथै प्राप्त उजुरीको फर्छौट प्रतिशतलाई शतप्रतिशतमा पुऱ्याउनमा उनको ठूलो भूमिका रह्यो ।

हाल कार्की नेपाल प्रहरी प्रशासन कार्यालय मानवश्रोत विकास विभाग प्रमुखको भूमिकामा कार्यरत छन् । विभाग प्रमुखका रूपमा कार्कीले कर्मचारी प्रशासन शाखाबाट हुने प्रहरी कर्मचारीको सरूवा, बढुवा, काज, पदस्थापन लगायतको कार्यहरूमा निष्पक्षता र पारदर्शिता कायम गर्दै मानवश्रोत विकास विभाग मातहतका सम्पूर्ण शाखाहरूबाट हुने हरेक काम कारवाहीलाई उच्च प्राथमिकता र महत्वका साथ नियमित अनुगमन, सुपरिवेक्षण र निर्देशन दिएका छन् । उनले कार्य सम्पादन मूल्याङ्कन भर्ने भराउने सम्बन्धमा सम्पूर्ण प्रदेश प्रहरी कार्यालय, तालिम केन्द्र, जिल्ला प्रहरी कार्यालय लगायतका प्रमूखहरूलाई आवश्यक निर्देशन दिएका छन् । यसका साथै मानव श्रोत विकास विभाग अन्तर्गतका सम्पूर्ण शाखाहरूको निरीक्षण गरी अभिलेख व्यवस्थापनमा देखिएका कमीकमजोरी औंल्याई सुधारका लागि आवश्यक निर्देशन गर्नुका साथै पूराना कागज पत्र धुल्याई प्रतिवेदन पेश गर्नका लागि समिति गठन गराएका छन् ।

### अहिलेका प्रधानमन्त्रीको ज्यान जोगाउन उबेला देखाए साहस

वि.सं २०७३ फागुन २३ मा नेकपा (एमाले) ले मेची-महाकाली अभियान अन्तर्गत सप्तरीको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्र, बासबिट्टीमा एक सभा आयोजना गरेको थियो । सोही कार्यक्रममा तत्कालीन अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गरिरहेका थिए ।

उक्त कार्यक्रममा मधेसी मोर्चाले एमालेलाई मधेशमा प्रवेश गर्न रोक गरेको घोषणा गरेका थिए । कार्यक्रमको समाप्तातिर लगभग अपराह्न ४:४५ बजे प्रहरी र सशस्त्र प्रहरी (एपीएफ) को सुरक्षा व्यवस्थाबीच मलेठ-चोक नजिकै मधेसी मोर्चाका प्रदर्शनकारीहरूले हमला गरे । रणनीतिक रूपमा अगाडि बढेको आन्दोलनकारीहरू र सुरक्षा दलबीच झडप भयो । उक्त झडप यो स्थितिमा पुग्यो कि प्रहरीले गोली नचलाई सुखै पाएन । गोली चलाउनै पर्ने कारण भने हालका प्रधानमन्त्री तथा तत्कालीन एमाले अध्यक्ष केपी शर्मा ओलीमाथिको आक्रमण थियो । आन्दोलनकारीहरू यतिसम्म उग्र भइसकेका थिए कि आयोजक पार्टीका अध्यक्षको ज्यान नै लिने सोच बनाइसकेका थिए । सोही अनुरूप उनीहरू अगाडि बढेका थिए । तर, त्यतिबेला उक्त कार्यक्रमको सुरक्षाको जिम्मा लिएर प्रमुख भएर त्यहाँ पुगेका तत्कालीन डिएसपी कार्कीको अदम्य साहसका अगाडि आन्दोलनकारीको केही पनि लागेन । उनी आफ्नो ज्यान भन्दा नि केपी ओलीको ज्यान ठूलो ठान्दै उनको सुरक्षाका लागि दत्तचित्त भएर लागे । 'त्यतिबेला उनलाई आफ्नो ज्यान भन्दा पनि अहिलेका प्रधानमन्त्रीको चिन्ता भएका कारण, अगाडि ढुंगामुढासहित अवस्था उग्र बन्दै आफ्नो ज्यान समेत जोखिममा पारेर केपी ओलीको सुरक्षामा ढाल बनेर बसेका कारण उक्त स्थानमा ठुलो क्षति हुनबाट जोगिएको उक्त स्थानमा सुरक्षामा खटिएका एक अधिकृतले बताए ।

आवरण

### भाडा माझ्ने र परिवारलाई सघाउने बाल्यकालका कार्की

गुल्मीको मालिका गाँउपालिका वडा नम्बर ७ मा जन्मिएका कार्कीको बाल्यकाल परिवारको अत्यन्तै माया र स्नेहमा बित्यो। आमा घर परिवारको काममा सघाउने, भाडा माझ्ने, कुचो लगाउने लगायतका सबै काममा कार्कीले हात बढाउँथे । वक्तृत्वकला, हाजिरी जवाफ, फुटबल, सांस्कृतिक कार्यक्रमहरू लगायतमा भाग लिन कहिले पनि नछुटाउने उनी स्कुले जीवनमा जेहनदार छात्रको सूचीमा अग्रस्थानमै पर्थे। पढाई राम्रो भएको विद्यार्थीले कक्षा 'टप' गर्ने परिपाटी पछ्याउँदै उनी ३ कक्षाबाट सिधै ५ कक्षामा पुगेका थिए । निकै नै मिलनसार उनी अरूको दुःखलाई आफ्नै मान्दै सहयोग गर्न पछि नहट्ने स्वभावका थिए उनी। गल्मीको खन्जडमा प्राथमिक तहको अध्ययन गरेपछि परिवारले काठमाडौं नपठाउँदा बिद्रोह गरेर आफ्नै गाउँको भोटेदमाइसँग घरमा भएको फाटेको छाताको झोला सिलाउन लगाएर उपत्यका छिरेका उनले होस्टेल बसेर निजी विद्यालयबाट माध्यमिक तहसम्मको अध्ययन गरे । परिवारले मायाको कारण सानो उमेरमा आफूहरूबाट टाढा पठाउन नखोज्दा उनले सान्केतिक बिद्रोह गरेर काठमाडौं लागे। त्यसपछि उनले ल क्याम्पस र आरआर क्याम्पसबाट स्नातक उत्तीर्ण गरेका थिए।

### सरकारी जागिरको मोह

देश र जनताको सेवाका लागि र वास्तविक पीडितलाई न्याय दिन सरकारी जागिर जतिको उपयुक्त माध्यम नहुने सोचका उनले नेपाल प्रहरीमा जागिर खाएर सरकारी कामको थालनी गरे। उनी सानैदेखि अग्रजहरूको घरमा गएर पढ्ने र कसरी लोकसेवा तयारी गर्ने विषयमा निकै नै चासो राख्थे। त्यस बेलामा उनका शिक्षकहरूले पनि सरकारी तहमा नै काम गर्नुपर्छ भनेर मार्गनिर्देश गर्ने गर्थे।

सुरूमा सरकारी जागिरे बनेर कूटनीतिक सेवातर्फ सेवा गर्ने योजना बनाएका उनी कूटनीतिक सेवाभन्दा अघि प्रहरीको परीक्षा खुलेकाले त्यसै तर्फ मोडिएका थिए। कुटनीतिक सेवाको तयारी गरेपनि उनले प्रहरीमा नाम निकाल्न सफल भए। प्रहरीले खोलेको दरबन्दीमा पास भएपछि नेपाल प्रहरीमै काम गर्ने योजना बनाउँदै विगत २७ वर्ष देखि उनी देशको सेवामा तल्लीन छन्। २०५४ चैत १८ गते प्रहरी निरीक्षकका रूपमा नेपाल प्रहरी सङ्गठनमा भर्ना भएका कार्कीको सुरूवाती तलब मासिक चार हजार रूपैयाँ थियो। द्वन्द्वको समयमा प्रहरीमा नियुक्ति पाएका उनी लोकसेवाको परीक्षा दिएर प्रहरी बन्ने पहिलो ब्याजी हुन्।

### साङ्गीतिक क्षेत्रमा छ विशेष रूचि

सरकारी जागिरसँगै उनमा सांगीतिक क्षेत्रमा पनि विशेष रूचि छ। बाल्यकालमा गायन र नृत्य दुवै गर्ने गरेका उनका तीन चार वटा गीतहरू बजारमा आइसकेका छन्। प्रहरीको दायित्व बोधका साथै प्रहरीको गाथा, वीरता, लोक पीडा, सौन्दर्यता र प्रहरीको भावना उनका गीतहरूमा समेटिएका हुन्छन् । उनको १ वटा प्रहरी गीत, ३ दसैं तिहारको गीत सार्वजनिक भइसकेको छ। पछिल्लो समय उनको गीत चलचित्र हरिबहादुरको जुत्तामा पनि समावेश भएको छ।

### राष्ट्रिय तथा अन्तराष्ट्रिय पुरस्कारबाट सम्मानित

देश र जनताका अहोरात्र खटिएका कार्कीले पटक पटक विभिन्न पुरस्कार तथा विभूषणहरू प्राप्त गरेका छन्। २०६० साल बैशाख १ गते पूर्वी टिमोरमा संयुक्त राष्ट्रसंघ मिशनले उनलाई संयुक्त राष्ट्र संघ पदकबाट विभूषित गरेको थियो। त्यसैगरी प्रहरी प्रधान कार्यालय नक्सालले सोही दिन प्रदेश सेवा पदक प्रदान गऱ्यो। २०६० कात्तिक १४, मंसिर २३ र २०६१ वैशाख १८ गते संयुक्त राष्ट्रसंघबाट प्रशंसा पत्र प्राप्त गरेका उनलाई २०७५ अशोज ३ गते नेपाल सरकारले प्रवल जनसेवा श्री पदक सम्माननीय रास्ट्रपतिबाट प्रदान गरिएको थियो। त्यस्तै जनस्तरबाट पुरस्कार प्राप्त गर्ने सायद नेपाल प्रहरीका पहिलो व्यक्ति कार्की हुन। उनलाई गण्डकी प्रदेश सरकारले २०७६ फागुन ४ गते पचास हजार रूपैयाँ नगद सहित प्रशंसा पत्र प्रदान गरेको थियो। उनले १४ वटा संगठनबाट पुरस्कार प्राप्त गरेका छन भने हालसम्म कुनै विभागिय कारबाहीमा परेका छैनन्।

देशका महत्वपूर्ण जिल्लाहरू कास्की, कपिलवस्तु, सप्तरी, झापा, काठमाडौं र लुम्बिनी प्रदेश समेतको कमाण्ड गरिसकेका कार्की जेष्ठता र कार्य सम्पादनमा एक नम्वरमा रहेकोले भावी प्रहरी प्रमुखका निर्बिकल्प दावेदारको रूपमा हेरिएको छ। उनले प्रहरी संगठनमा रहेर देशका विभिन्न आपराधिक क्रियाकलाप रोक्न धेरै नै ठूलो भूमिका निर्वाह गरेका छन्। एक अवकाश प्राप्त सिनियर प्रहरी अधिकारीका अनुसार सरकारले साँच्चिकै सुशाशन दिन चाहन्छ भने प्रहरी सुध्रदा ७० प्रतिशत सुशासन ल्याउन सकिन्छ। त्यसको लागि प्रहरीको नेतृत्व सिर्जनशील र सुधारोन्मुख भावनाको हुँदा त्यो सम्भव हुने र देशले शुशासनमा फड्को मार्न सक्ने हुनसक्छ। त्यस्को लागि अब आउने प्रहरीको नेतृत्व वरियता र कार्यसम्पादनमै उत्कृष्ट छानिनु पर्दछ । यो पटक सरकारले राजनीतिक सौदाबाजी प्रहरी नेतृत्व छनौटमा गरेन भने नेपालमा प्रहरी कार्य शैली परिवर्तनमा उल्लेख्य फड्को मार्ने र त्यसको जस सिधै सरकारले प्राप्त गर्ने अवस्था हुने उनले बताए। तसर्थ यस्ता सिर्जनशील र कार्य सम्पादनमा उत्कृष्ट जनप्रेमी प्रहरी नेतृत्व अबको आवश्यकता पनि हो र जन अपेक्षा पनि दल, र सरकारले सुरक्षा निकायमा अस्वभाविक हस्तक्षेप नगरोस ताको प्रहरी सेवा सरल र सहज तरिकाले समान तबरले उपलब्ध होस भन्ने नै हो । यी याबत कुराले यो पुष्टि गर्छ कि जनता र कामलाई नै सर्वोपरी ठान्ने एआइजिपि कार्की एक अनुकरणीय तथा अदाहरणीय प्रहरी अधिकारी हुन्।

# वैदेशिक रोजगार ठगी, भिजिट भिषाको आवरणमा मानव तस्करी र अनुसन्धान अनि पीडितलाई प्राप्त न्याय १

*केही वर्षयता नेपालमा वैदेशिक रोजगारी ठगीका उजुरी उकालो लागेका छन् । चालु आर्थिक वर्षमा उपत्यका अपराध अनुसन्धान कार्यालयमा ४ सयभन्दा बढी यससम्बन्धी ठाडो निवेदन दर्ता भइसकेका छन् । अन्य प्रहरी युनिटमा के कति छन त्यो डाटा उपलब्ध छैन। त्यसरी निवेदन लिएर आउने नागरिक पनि विभागमा भन्दा प्रहरीतिरै बढी आएको देखिएको छ र, त्यो क्रम बर्सेनि बढ्दो छ ।*




वैदेशिक रोजगारीमा ठगीसम्बन्धी मुद्दा अनुसन्धान र अभियोजनको अधिकार वैदेशिक रोजगार विभागमा छ । तर, कानूनले प्रहरीलाई यससम्बन्धी अनुसन्धानको अधिकार नै दिएको छैन र यस्ता मुद्दामा गम्भीर अनुसन्धान गर्न अनेकन अडचन छन् । अहिले वैदेशिक रोजगारिको नाममा धेरै युवा ठगिएका छन् । म्यानपावरहरूले युरोप पठाउने भनी करिब पचास हजार र दलालले पचास हजार गरी एक लाख राहदानी युरोप पठाइने भनी कम्तिमा प्रति व्यक्ति एक लाख डिपोजिट लिएर राखिएको अनुमान छ । विभागको तथ्यांक हेर्ने हो भने वार्षिक करिब ४००९४५००४५ मात्र युरोप रोजगारीको लागि गएको देखिन्छ । यसबाट अनुमान के गर्न सकिन्छ भने करिब ९५ हजार युवा युवती ठगिन क्यु मा रहेको देखिन्छ । त्यसरी युरोप जान बसेका पीडित एकै साथ न्याय माग्न आए भनी हाम्रा अनुसंधान निकायले थेग्न सक्ने अवस्था छैन। त्यस्मा अन्य खाडी मुलुकमा जाने संस्थागत र व्यक्तिगत लाई हिसाब गर्दा त्यो संख्या डबल हुन्छ अर्थात करिब दुई लाखको संख्या पुग्न सक्छ । वैदेशिक रोजगार विभागका एक आँकडा हेर्दा विभागमा १३ करोड रूपैयाँ ठगिएको सम्बन्धी मुद्दा दर्ता भएको उल्लेख छ भने प्रहरीको उपत्यका अपराध अनुसन्धान कार्यालयले प्रस्तुत गरेको आँकडा हेर्दा २६ करोड ७२ लाख रूपैयाँ ठगिएको ठाडो निवेदन दर्ता भएका देखिन्छन् । त्यो पनि लगभग एकै अवधिमा ।

यसले वैदेशिक रोजगारीमा जान तयार नेपाली नागरिकबाट मोटो रकम असुलेर फरार रहेका दलालहरूलाई पक्राउ र कानूनी दायरामा ल्याउन सर्वसाधारणमा विभागभन्दा प्रहरीप्रति बढी विश्वास देखाउँछ ।

उदाहरणको लागि वैदेशिक रोजगारीमा युरोप पठाउँछु भन्दै ६१५ जनाबाट करोडौं ठगेका विकास वाइवा भनिने सुजन तामाङको केस विभागको एकपटक टाउको दुखाइको विषय बन्यो । तामाङले कन्सलटेन्सी दर्ता गरी ६१५ जनालाई युरोपेली मुलुक पठाउँछु भन्दै ठगी गरेका थिए ।

विभागले तामाङविरूद्ध पक्राउ पुर्जी जारी गरेर उपत्यका अपराध अनुसन्धान कार्यालयमा पठाएको थियो । प्रहरी टोलीले तामाङलाई पक्राउ गरी थप अनुसन्धानका लागि विभागको जिम्मा लगायो । तर २७ करोड रूपैयाँभन्दा बढी ठगी गरेका तामाङको विषयमा एक महिना पूरा हुँदा पनि विभाग कुनै निष्कर्षमा पुग्न सकेन र उसले समय पुगे पछि मुद्दा दायर गऱ्यो ।

पीडितहरूले भने न्यायको बदला तारिक धाउन पऱ्यो र पीडकबाट कुनै सम्पत्ती खोज्ने र रोक्ने काम नभएकोले पीडितलाई आफू ठगिएको रकम फिर्ता पाउने आश छैन । तर उक्त रकम फिर्ता गराउन विभागले किन सकेन र कसरी अनुसन्धान फितलो भयो । कारण तामाङको मुद्दा निष्कर्षमा पुऱ्याउन उच्च प्रविधिको आवश्यकता देखियो, जुन विभागसँग उपलब्ध थिएन । र, यो केस निष्कर्षमा पुऱ्याउने क्षमता विभागका अनुसन्धान अधिकृतहरूमा देखिएन पनि ।

निजामती कर्मचारीमा अपराध अनुसन्धानको कुनै सीप र तालिम उपलब्ध छैन । त्यो सीप र तालिम नेपाल प्रहरीमा मात्र छ । त्यसैले हो वैदेशिक रोजगार विभाग वैदेशिक रोजगारीमा भइआएका

ठगी अनुसन्धानमा निरिह देखिएको पनि ।

केही वर्षयता नेपालमा वैदेशिक रोजगारी ठगीका उजुरी उकालो लागेका छन् । चालु आर्थिक वर्षमा उपत्यका अपराध अनुसन्धान कार्यालयमा ४ सयभन्दा बढी यससम्बन्धी ठाडो निवेदन दर्ता भइसकेका छन् । अन्य प्रहरी युनिटमा के कति छन् त्यो डाटा उपलब्ध छैन। त्यसरी निवेदन लिएर आउने नागरिक पनि विभागमा भन्दा प्रहरीतिरै बढी आएको देखिएको छ। र, त्यो क्रम बर्सेनि बढ्दो छ।

तर, वैदेशिक रोजगारी ठगीसम्बन्धी मुद्दा चलाउने अधिकार प्रहरीलाई छैन । त्यससम्बन्धी सम्पूर्ण अधिकार कानूनले वैदेशिक रोजगार विभागलाई दिएको छ। र, विभागबाट खटिएका निजामती कर्मचारीहरूले नै विगत १७ वर्षदेखि यससम्बन्धी मुद्दा हेर्दै आएका छन् ।

यससम्बन्धी सम्पूर्ण दायित्व निजामती कर्मचारीलाई दिँदा पनि ठगी रोकिनुको साटो अझ उकालो लागेको छ । वैदेशिक ठगीसम्बन्धी मुद्दा हेर्ने विभागका निजामती कर्मचारी नै असक्षम हुन् त ? यो अहिले गम्भीर प्रश्न बनेको छ। त्यसो भए प्रहरीलाई नै यससम्बन्धी मुद्दा हेर्ने अधिकार दिँदा निजामती कर्मचारीबाट भन्दा राम्रो कार्य सम्पादन हुन सक्छ त ? यो पनि आम नागरिकको चासोको विषय बनेको छ।

२०६४ सालमा बनेको वैदेशिक रोजगारी ठगीसम्बन्धी ऐन संशोधन गरी त्यससम्बन्धी अधिकार प्रहरीलाई दिइयो भने निजामती कर्मचारीभन्दा प्रहरीले राम्रो प्रतिफल दिनसक्ने र पीडितले न्याय पाउने पनि देखिन्छ।

अहिले नेपालबाट २०२२ मा १७७३१०, २०२३ मा २०४५३५, २०२४ मा २७६६२४ र २०२५ को मे २१ सम्म ९६५३८ जना गरी ७५५००७ जना विभिन्न मुलुकमा घुम्न गएको तथ्यांकले देखाउछ र जाने क्रममा एयरपोर्ट बाट सोही अबधिमा २०४९८ फिर्ता आएको देखिन्छ। त्यस्मा के कति संख्या भिजिटमा गएर फर्कियो भन्ने डाटा अहिले सम्म कतै उपलब्ध छैन। जसको कारण भिजिटमा गएका मध्ये कति काममा लागे र कति अलपत्र परेका छन भन्ने छुट्याउन गाह्रो छ। जुन कुरा नेपाल सरकारको अभिलेखमा छैन तर छानबिन हुँदा खोज्न भने सकिन्छ। तब मात्र सेटिङको वास्तविक रकम देखिन सक्ने छ। यस्ता मानव तस्करी का घटना २०६० साल देखि रातो पासपोर्ट मा भिईपी को राहदानी उअ(फोटो बदल्ने) प्रयोग गरेर प्रति व्यक्ति २५ लाख तिरेर गएको समेत अनुसंधान बाट खुलेको थियो । त्यसमा माननीय सांसद नै सङ्लग्न भएका थिए। अर्कोतर्फ बङगाली नागरिकले नेपाली राहदानीमा आफ्नो फोटो टासेर प्रतिव्यक्ति डेढ लाख देखि दुई लाख खर्चेर दलाल मार्फत सेटिङ गरेर पठाइने गरेको रहस्य पनि नखुलेको होइन तर अनुसन्धान जरोमा कहिल्यै पुग्न सकेन र यो सेटिङ विभिन्न रूपमा कायम रहदै आएको थियो। पछिल्लो पटक अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अद्यागमन प्रमुख सहसचिव तिर्थ राज भट्टराईलाई केहीदिन अगाडि नियन्त्रणमा लिएको र केही समयको अनुसन्धान पश्चात छाडेकोमा यत्रतत्र चर्चा पाइरहेको छ। नेपालबाट भिजिट भिसामा आउने समस्या विशुद्ध मानव तस्करी हो। किनकी भिजिटबाट गएर कामको खोजिको लागि दलालको प्रलोभनमा परी युवा युवती जोखिम युक्त स्थानमा समेत पुग्छन् । जब गन्तव्यमा पुग्न सक्दैनन् र फर्कनु पर्छ तब मात्र यस्ता कुरा बाहिर आउने गर्दछन्। प्रहरीले अहिले मानव तस्करी सम्बन्धी मुद्दामा कानूनी प्रक्रियाबाट कानुनको अभावमा अलग बसिरहनु परेको छ । ऐनमा सामान्य संशोधन गरे पनि त्यो अपुग रहेको देखिन्छ। ऐनले नै अधिकार नदिएकाले ठ्याक्कै मानव तस्करीमा मुद्दा चलाउन नसकिने अवस्था छ।

कन्सलटेन्सी , ट्राभल र कतिपय म्यानपावर समेतले प्लसटुको नक्कली सर्टिफिकेट र नेपाल सरकारको छाप लाग्ने आवश्यक सबै कागजातमा वडा कार्यालयबाटै लगाएको छाप समेत रकम लिएर बनाउने गरेको भेटिने गरेको पाइन्छ। भिजिट भिसामा मानिसहरू पैसा दिएर दलाल मार्फत गैर कानुनी तबर बाट विदेशिन खोजिरहेका छन्, जसलाई मानव तस्करी भनिन्छ। मानव तस्करीसम्बन्धी नेपालमा कानून यथेस्ठ छैन र बनेको विधेयक पनि कता गएर थन्कियो अत्तो पत्तो छैन।

## अनुसन्धानमा जटिलता :

अनुसन्धान निकायलाई जघन्य अपराधको अनुसन्धानमा अर्को समस्या पनि छ। त्यो हो व्यक्तिको कल डिटेल्स प्राप्त गर्न कानूनी अडचन। यदि शुक्रबार तीन बजेपछि अपराध भयो भने प्रहरीलाई त्यससम्बन्धी अनुसन्धान अघि बढाउन अदालतको आदेश पर्खिनुपर्छ, शनिबार अदालत बन्द हुन्छ। आइतबार १० बजेपछि मात्र अदालतको आदेश लिन कानूनी प्रक्रिया अघि बढाउनुपर्छ। आदेश आउन्जेल पर्खिनैपर्छ। नत्र, व्यक्तिगत गोपनीयता हनन गर्न पाइँदैन भनेर कानूनले बाँधेको छ।

उक्त प्रक्रिया पूरा गर्नीतिर लाग्दा प्रहरीले समयमै पीडकलाई कानूनी दायरामा ल्याउन नसकेको अवस्थामा निजामती बाट गरिने अनुसन्धान त झन बयानमुखी मात्र हुने हो जस्लाई न्यायालयले वास्तविक प्रमाण मान्दैन र अभियुक्तले अदालतमा बयान बदलिहाल्छ। जसको कारण वैदेशिक रोजगार पीडितले न्याय पाउन निकै गाह्रो छ। छिमेकी देश भारतमा नेपालको नायब निरीक्षक (सई) तहको अधिकृतलाई फोन ट्यापिङ गर्ने अधिकार दिइएको छ। नेपालमा भने प्रहरीको प्रधान कार्यालय समेतलाई पनि त्यो अधिकार प्राप्त छैन।

अझ पछिल्लो समय त मुस्किलले १० प्रतिशत कलबाट

फोन नम्बरबाट फोन नम्बरमै हुन्छ । किनकि, मानिस ह्वाट्सएप, म्यासेन्जर, इमो, भाइबरजस्ता भर्चुअल माध्यमबाट कुराकानी गर्छन् ती सामाजिक सञ्जालका कार्यालय नेपालमा छैनन् । इमेलबाट सम्बन्धित सामाजिक सञ्जालका कार्यालयमा पठाइने अनुरोध तत्काल रेस्पोन्स हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन । र, यसले झनै चुनौती थपेको छ । कलको डिटेल्स निकाल्न पनि अदालतको आदेश लिएर सम्बन्धित सेवा प्रदायक (नेपाल टेलिकम, एनसेल)कहाँ धाउनुपर्छ । त्यतिन्जेलमा पीडक कहाँ पुगिसकेका हुन्छ, पत्ता लगाउनै गाह्रो पर्छ ।

**धर्म भनेकै न्याय भन्ने सोचको बिकास अनुसन्धान अधिकारीबाट गरिनु पर्ने :**

हाम्रा रीतिरिवाजले पनि न्यायलाई धर्मसँग जोडेका छन् । नेपालको हकमा त्यही न्याय सर्वसाधारणका लागि टाढिदै गएको छ । 'पीडितलाई न्याय दिन सकियो भने मात्र वास्तविक धर्म प्राप्त हुन्छ,' भन्ने मान्यता अनुसन्धान कार्यमा खटिएका अधिकारीमा भए मात्र पीडित राज्यका निकाय प्रति सकारात्मक बन्न सक्छन् । न्याय दिँदा मात्र धर्म हुने सोच विकास भएमा मात्र यस पाटोमा सुधार हुने देखिन्छ । 'पीडितलाई न्याय दिन्छु भन्ने कुरामा यो र त्यो भन्ने कुनै अपेक्षा राखिएन भने जुनसुकै निकायले न्याय दिन सक्छन ।'

अहिले वैदेशिक रोजगार विभागमा कुनै पनि लेनदेनमा 'वैदेशिक' भन्ने शब्द हालिदिएकै भरमा मात्र मुद्दा दर्ता हुन्छ । तर, कुनै समय आफैं पीडित भएका व्यक्ति अहिले पीडकको अवतारमा छन् । 'विभागले 'वैदेशिक' लेखिएकै भरमा मात्र मुद्दा दर्ता गराउने गरेको छ । वैदेशिक रोजगार भनी प्रमाण फेला नपरेको खण्डमा मुद्दा दर्ता गराएको भेटिँदैन । जाने र पठाउने भनिएको मानिसबीच भएको म्यासेज, च्याटिङ केलाएर पनि निवेदन दर्ता गराउन सकिन्छ । तर, त्यसो गरिएको भेटिँदैन । त्यस्ता प्रमाण जुटाएर मात्र निवेदन दर्ता गराउन पीडितले अहिले प्रहरीकै सहारा लिनु परिरहेको छ ।'

राज्यका निकायले पहिले नै प्रमाण खोज्ने होइन । कुनै कारोबार विश्वासका आधारमा पनि हुन्छ । जब काम हुँदैन, तब ठगिएको थाहा हुन्छ । र, प्रमाण राज्यका निकायले नै खोजिदिनुपर्ने हो तर त्यसो गरेको पाइँदैन । 'प्रमाण दिएर कसैले ठग्दैन । त्यसैले कर्मचारीले वा अनुसन्धान अधिकारीले पहिले नै पीडितबाट प्रमाण माग्नु उचित होइन, 'वैदेशिक लेखिएमा हिसाब भइहाल्ने । तर, एजेन्टको फन्दामा परेर ठगिएका तर 'वैदेशिक' शब्द नदेखिएका निरिह सर्वसाधारणको मुद्दा नै दर्ता नहुनु उचित होइन।'

यसरी ठगीमा परेमा व्यक्ति र दलालहरू बीच भएको म्यासेज मात्र होइन, सापटी दिने व्यक्तिलाई बोलाएर कुन प्रयोजनका लागि सापटी दिएको हो भनी सोधपुछ गरियो भने पनि वास्तविक पीडित हो या होइन भनेर थाहा पाउन अधिकारीले सक्छन तर, विभागले अहिले त्यसो गर्दैन ।


**देवदह नगरपालिकाको अनुरोध**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**ध्रुव प्रसाद खरेल** नगर प्रमुख | **विद्या लक्ष्मी गुरूङ** | **मधु कृष्ण पौड्याल** प्रमुख प्रशासकीय अधिकृत

**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

**सूर्योदय नगरपालिकाको अनुरोध**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**रण बहादुर राई** नगर प्रमुख | **दुर्गा कुमार बराल** नगर उप-प्रमुख | **अमृत बहादुर राई** प्रमुख प्रशासकीय अधिकृत

**सूर्योदय नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
फिक्कल, इलाम, नेपाल

# २०८२ सालको 'जोखिम पत्रकारिता पुरस्कार' सुरक्षा सरोकारकर्मी दिपक राज जोशीलाई

*उनको पत्रकारिता यात्रा सहज थिएन। समाचार लेखेकै कारण कहिले राज्यका संयन्त्रबाट साइबर मुद्दा दायर गरेर त्रास सिर्जना गरियो, कहिले प्रहरीका केही उच्च अधिकारीबाट प्रत्यक्ष धम्की दिइयो, र कहिले विभिन्न पक्षबाट सामाजिक तथा व्यावसायिक दबाब थोपारियो। यी सबै कठिनाइका वाबजुत उनका कलम रोकिएनन्, उनका आवाज दबिएनन्। कलम नै सबैभन्दा ठूलो र शक्तिशाली हतियार हो।*



काठमाडौं। स्थानीय सरोकार पत्रिकाले स्थापना कालदेखि नै पत्रकारिता क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। हरेक वर्ष पत्रिकाको वार्षिकोत्सवको अवसरमा पत्रकारितामा जोखिम मोल्दै सत्य तथ्य उजागर गर्ने, जनहितका सवालमा निष्कपट भएर कलम चलाउने, र समाजलाई सचेत बनाउन अग्रसर रहेका पत्रकारमध्ये एक जनालाई "जोखिम पत्रकारिता पुरस्कार" द्वारा सम्मानित गर्ने परम्परा स्थापना गरिएको छ।

यसै परम्परालाई निरन्तरता दिँदै, २०८२ सालको "जोखिम पत्रकारिता पुरस्कार" सुरक्षा सरोकारकर्मी तथा युवा पत्रकार दिपक राज जोशीलाई प्रदान गरिने भएको छ।

## निर्भिकता र प्रतिबद्धताको परिचय

सुदूरपश्चिमको कैलालीका स्थानीय, हाल राजधानी काठमाडौंमा सकृय दिपक राज जोशी विगत एक दशकदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील छन्। उनले आफ्नो करियरको शुरूदेखि नै सुरक्षा, अपराध, न्याय प्रणाली र प्रहरी-नागरिक सम्बन्ध जस्ता संवेदनशील क्षेत्रलाई प्रमुख कार्यक्षेत्र बनाए। उनका समाचार र विश्लेषणहरूले अपराध नियन्त्रण, सुरक्षा निकायको उत्तरदायित्व, नागरिक अधिकार र सामाजिक न्यायबारे राष्ट्रिय स्तरमा गम्भीर बहस जन्माएका छन्।

तर उनको पत्रकारिता यात्रा सहज थिएन। समाचार लेखेकै कारण कहिले राज्यका संयन्त्रबाट साइबर मुद्दा दायर गरेर त्रास सिर्जना गरियो, कहिले प्रहरीका केही उच्च अधिकारीबाट प्रत्यक्ष धम्की दिइयो, र कहिले विभिन्न पक्षबाट सामाजिक तथा व्यावसायिक दबाब थोपारियो। यी सबै कठिनाइका वाबजुत उनका कलम रोकिएनन्, उनका आवाज दबिएनन्। कलम नै सबैभन्दा ठूलो र शक्तिशाली हतियार हो। यसले देश र जनताको शान्ति सुरक्षा र सदभावमा निकै नै महत्वपूर्ण योगदान दिन्छ भन्ने भाव बोकेर हिँडेका उनी सत्यतथ्यको पक्षमा निर्भिक भएर उभिने, अडिक पत्रकारका रूपमा परिचित हुँदै गएका छन्।

## आफ्नै मिडिया सञ्चालन र नयाँ अभ्यास

पत्रकारितामा एक दशक पूरा गर्न लाग्दा जोशीले दुई वर्षअघि आफ्नै समाचार अनलाइन "सुरक्षा सरोकार डटकम" संचालनमा ल्याए। यस अनलाइनमार्फत उनले एउटै सुरक्षा बिटमा आधारित रहेर निरन्तर समाचार, विश्लेषण र विचार प्रकाशित गर्दै आएका छन्।

उनको यो प्रयास पत्रकारिता क्षेत्रमा एउटा अनौठो तर प्रेरणादायी उदाहरण हो। धेरैजसो अनलाइन पोर्टलहरूले विविध विषयलाई समेट्ने परम्परा बनाउँदै गर्दा एकै बिटमा केन्द्रित भएर पनि मिडिया सञ्चालन गर्न सकिन्छ भन्ने उदाहरण उनले प्रस्तुत गरेका छन्। सुरक्षासम्बन्धी कमजोरी, अवसर, चुनौती र नीतिगत प्रश्नहरूलाई निरन्तर प्रस्तुत गर्दै उनले समाजमा सुरक्षा विषयको महत्वलाई अझ गहिराइका साथ स्थापित गराएका छन्।

जोशीको पत्रकारिता केवल घटनाको विवरणमा सीमित छैन। उनले प्रत्येक समाचारलाई जनचासो र उत्तरदायित्वसँग जोडेर प्रस्तुत गर्ने विशिष्ट शैली विकास गरेका छन्। अपराध नियन्त्रण, सुरक्षा नीतिको सुधार, र प्रहरी-नागरिक सम्बन्ध मजबुत बनाउन उनले कलम चलाउँदै आएका छन्। साथै, युवापुस्तालाई पत्रकारितामा आकर्षित गर्ने, सत्य र निष्पक्षताको बाटो रोज्न प्रेरित गर्ने उनी एक उदाहरणीय सुरक्षा पत्रकार हुन्।

# इलाम नगरको दूरदृष्टि समुन्नत इलाम मूल्याङ्कनमा पनि नगरपालिका उत्कृष्ट



काठमाडौं । इलामको इलाम नगरपालिका स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकन (लिजा) मा उत्कृष्ट १० भित्र पर्न सफल भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१को स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकनमा देशभरीका ७५३ वटा स्थानीय तहमध्ये ९० अंकसहित इलामको इलाम नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको हो । मन्त्रालयले स्थानीय सरकारको क्षमता मूल्यांकनका लागि १० क्षेत्र र सूचक तोकेको थियो ।

'स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन जनप्रतिनिधि निर्वाचित भएर आएपछिका असल अभ्यासलाई संस्थागत गरी प्रवर्धन गर्न, कमी-कमजोरीबाट पाठ सिकेर आगामी दिनमा नागरिककेन्द्रित सरकारको अवधारणामा सहयोग गर्नेगरी मन्त्रालयबाट कार्यविधि जारी गरी कार्यान्वयनमा आएको हो,' मन्त्रालयले निकालेको विज्ञप्तिमा उल्लेख छ।

स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धि लेखाजोखा गरी सबल र दुर्बल पक्ष पहिचान गर्न मन्त्रालयले स्वमूल्यांकनको अवधारणा ल्याएको हो । स्थानीय तहमा जनप्रतिनिधि आएको करिब ५ वर्ष भएको छ।

यसबीचमा विकास तथा सुशासनमा रहेका कमी-कमजोरीबारे जानकारी लिन, आवधिक समीक्षाको आधार पत्ता लगाउन र गाउँपालिका तथा नगरपालिकाको बीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराउन प्रयत्न गरिएको मन्त्रालयले जनाएको छ।

शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय गरी १० वटा क्षेत्र र त्यसमा फरक फरक पूर्णांक तोकिएको थियो । त्यसमा नीलकण्ठ नगरपालिका सबैभन्दा बढी अंक ल्याएर पहिलो भएको हो ।

स्थानीय तहको कार्यप्रक्रिया, उपलब्धि र शासकीय पद्धतिको लेखाजोखा गरी सुधारका क्षेत्र पहिचान गर्ने र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले मन्त्रालयले हरेक वर्ष यो मूल्यांकन गर्दै आएको छ।

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा फेरि पनि उत्कृष्ट बन्यो अर्जुनचौपारी गाउँपालिका



काठमाडौं । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका देशभरीको उत्कृष्ट १० मध्ये एक बनेको छ। गाउँपालिका स्वमूल्याङ्कनमा ८८.७५ अङ्क प्राप्त गर्दै उत्कृष्ट १० भित्र पर्न सफल भएको हो।

स्थानीय तहले आफ्नो संरचना, नीति, योजना, बजेट, सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता, प्राविधिक दक्षता र सहकार्य क्षमतामा नियमित आत्मपरीक्षण गर्न सकेमा मात्र दीगो विकासतर्फ अगाडि बढ्न सक्छ। स्वमूल्याङ्कनले बलियो पक्ष, कमजोरी, अवसर र चुनौती (SWOC) प्रस्ट पार्छ, जसको आधारमा सुधारात्मक कदम चाल्न सजिलो हुन्छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा अन्तर्गत शासकीय प्रवन्ध १००, संगठन तथा प्रशासन १००, वार्षिक बजेट तथा योजना व्यवस्थापन १००, वित्तीय एवम् आर्थिक व्यवस्थापन १००, सेवा प्रवाह १००, न्यायिक कार्य सम्पादन १००, भौतिक पूर्वाधार ९२.३१, सामाजिक समावेशीकरण १००, वातावरण संरक्षण तथा विपद व्यवस्थापन ८८.८९, सहकार्य र समन्वय १०० अंक हासलि गरेको थियो।

अर्जुनचौपारीका लागि पनि अब संस्थागत क्षमता स्वमूल्याङ्कनलाई औपचारिक प्रक्रिया बनाउनुपर्ने आवश्यकता छ । यसले कर्मचारीको दक्षता अभिवृद्धि, सेवा प्रवाहमा पारदर्शिता, नागरिकमैत्री प्रशासन, योजना र बजेटको प्रभावकारी प्रयोग, सुशासन र जवाफदेहिताको अभ्यासलाई सुदृढ बनाउन मद्दत गर्नेछ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको मूल्यांकनमा अर्जुनचौपारी गाउँपालिका गतवर्ष जिल्लाकै पहिलो बनेको थियो।

मन्त्रालयले हरेक वर्ष स्थानीय तहहरूको कार्य सम्पादन मूल्याङ्कन गर्ने गरेको छ। सोही मूल्याङ्कनका आधारमा स्थानीय तहले बजेट पाउने गरेका छन् । मन्त्रालयले स्थानीय सरकारको क्षमता मूल्यांकनका लागि १० क्षेत्र र सूचक तोकेको थियो।

शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय गरी १० वटा क्षेत्र र त्यसमा फरक फरक पूर्णांक तोकिएको थियो । त्यसमा नीलकण्ठ नगरपालिका सबैभन्दा बढी अंक ल्याएर पहिलो भएको हो।

स्थानीय तहको कार्यप्रक्रिया, उपलब्धि र शासकीय पद्धतिको लेखाजोखा गरी सुधारका क्षेत्र पहिचान गर्ने र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले मन्त्रालयले हरेक वर्ष यो मूल्यांकन गर्दै आएको छ।

# शिक्षामा फड्को मार्दै बेलकोटगढी नगरपालिका



नुवाकोट । पछिल्लो समय देशका विभिन्न शैक्षिक संस्थाहरू सुदृढ हुँदै जानेक्रममा छन् । विशेषगरी सरकारी, सामुदायिक विद्यालयहरूको शैक्षिक स्तर बढ्दै गएको देखिन्छ।

यसैक्रममा नुवाकोटको बेलकोटगढीका सामुदायिक विद्यालयहरू पनि माथि उक्लिँदै गएका छन् । विगतका तुलनामा यसपाली एसइइ परीक्षामा नगरपालिकाले राम्रो अंक प्राप्त गरेको छ। ५४ वटा सामुदायिक विद्यालयबाट ६४.२९ प्रतिशत विद्यार्थीले एसईई परीक्षा राम्रो अकंका साथ उतिर्ण गरेका छन्।

विगतमा बामे सर्दै गरेको शिक्षाको अवस्था अब बिस्तारै हिड्न सक्नेमा पुगेको नगरपालिकाका शिक्षा शाखा प्रमुख सलबहादुर पाण्डे बताउँछन् । 'हाम्रो नगरपाकिभित्र पहिले विद्यालयहरूको अवस्था निकै नै खराब थियो । विद्यार्थी कम भएको ठाउँमा शिक्षक धेरै र धेरै विद्यार्थीभएको कम शिक्षक भएको अवस्था थियो,' 'उनी भन्छन्, 'अहिले समायोजन गरेर मिलाएका छौं ।' नगरपालिकाले ४ वटा विद्यालय समायोज गरी ४५ शिक्षक व्यवस्थापन गरेको छ।

समग्रमा नगरपालिकाका विद्यालयहरू पहिलेको तुलनामा सुधारिँदै गएको श्री कल्याणीदेवी माविका शिक्षक बद्री घिमिरे बताउँछन्। नगरपालिकाले उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वितरण गर्ने गरेको उनको भनाइ छ। विभिन्न समस्या र कमीकमजोरीका वावजुत पनि नगरपालिकाले शिक्षा क्षेत्रमा फड्को मारेको उनले बताए । स्थानीय तह निर्वाचन ताका निकै नै खराब स्थितिमा रहेको शिक्षा क्षेत्र नगरपालिकाले अनुगमन गर्दै विद्यालय समायोजन, शिक्षक व्यवस्थापन लगायतका कामबाट सुधार भएको नगर प्रमुख जगतबहादुर गुरूङको भनाई छ। 'कुनै विद्यालयमा ७ जना विद्यार्थीका लागि १२ जना शिक्षक त कतै धेरै विद्यार्थीका लागि कम शिक्षक भएको अवस्था थियो। हामीले सबै समायोजन गऱ्यौ।

विद्यार्थी कम भएको विद्यालयका कक्षा झारेर धेरै विद्यार्थी भएको विद्यालयमा शिक्षक व्यवस्थापन गरेका छौं,' उनी भन्छन्, 'जहाँ विद्यार्थी त्यहाँ शिक्षक नारा सहित हामीले गरेको कामले अहिले शिक्षा क्षेत्रमा राम्रो सुधार हुँदै आएको छ। अहिले जिल्लाभर हामी शिक्षा क्षेत्रमा तेस्रो स्थानमा छौं। अब आगामी वर्ष पहिलो हुनेगरी काम गरिरहेका छौं।' नगरपालिकाले यस वर्ष पनि शिक्षा क्षेत्रको विकासका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ।


## बेलकोटगढी नगरपालिकाको अनुरोध

१. बालविवाहलाई निरूत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं। २. सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं। ३. सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। ४. कर तिर्नु सबै नागरिकको कर्तव्य हो। कर तिरौं सभ्य नागरिकको परिचय दिऔं। ५. सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं। ६. सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं। ७. लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।

**जगत बहादुर गुरूङ**
नगर प्रमुख

**शिव प्रसाद दाहाल**
नगर उप-प्रमुख

**दिपक थिङ**
प्रमुख प्रशासकीय अधिकृत

**बेलकोटगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, नुवाकोट, नेपाल

# अपागंता क्षेत्रमा नमुना गोकर्णेश्वर नगरपालिका



काठमाडौं । स्थानीय तहको प्रमुख दायित्व मध्ये एक हो । सबै नागरिकलाई समान अवसर सुनिश्चित गर्दै समावेशी विकास गर्नु । विशेषगरी अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यका सेवा, सुविधा र अवसरमा पहुँच दिनु मात्र होइन, सम्मानजनक जीवनयापनका लागि अनुकूल वातावरण सिर्जना गर्नु पनि स्थानीय तहको जिम्मेवारी हो । यस सन्दर्भमा गोकर्णेश्वर नगरपालिकाले अपाङ्गता क्षेत्रमा देखाएको सक्रियता र उपलब्धि सराहनीय छ ।

गोकर्णेश्वरले अपाङ्गता भएका व्यक्तिहरूको तथ्यांक संकलनदेखि लिएर विशेष सहयोग कार्यक्रम, रोजगारीका अवसर, शिक्षा तथा स्वास्थ्यमा पहुँच विस्तार, र सार्वजनिक स्थलहरू अपाङ्गमैत्री बनाउन गरेको प्रयासले यस नगरलाई नमुना बनाउन मद्दत पुर्‍याएको छ । नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता मात्र होइन, आत्मनिर्भर बन्ने वातावरण तयार गर्ने उद्यमशीलतालाई प्रोत्साहन गरेको छ, जुन अन्य स्थानीय तहहरूका लागि पनि अनुकरणीय अभ्यास हो ।

नेपालमा अझै धेरै ठाउँमा अपाङ्गता भएका व्यक्तिहरू बेवास्ता र विभेदमा परिरहेका छन्। उनीहरूलाई सेवामा पहुँच दिलाउने संरचनात्मक सुधार र सचेतनाको कमी छ । यस्ता अवस्थामा गोकर्णेश्वरले गरेको पहलले अपाङ्गता क्षेत्रलाई प्राथमिकतामा राख्दा स्थानीय शासन कति प्रभावकारी र जनमैत्री बन्न सक्छ भन्ने देखाएको छ ।

देशका विभिन्न स्थानीय तहमध्ये काठमाडौंको गोकर्णेश्वर नगरपालिका अपागंता क्षेत्रमा नमुना बनेको छ । अपगंता भएका व्यक्तिहरूको हक हितका लागि नगर पालिकाले गरेका कार्यहरू निकै नै सरहानीय बन्दै गएको छ ।

नगरपालिकाले देशभरका ह्वील चियर प्रयोग गर्नेहरूका लागि निःशुल्क मर्मत केन्द्र सञ्चालन गरेको छ । नेपाल अर्थोपेडिक अस्पताल परिसरमा सञ्चालित उक्त केन्द्रमा ह्वीलचियर प्रयोगकर्ता दोलखाका रामकाजी मिजार कर्मचारीका रूपमा कार्यरत छ । उनी दैनिक ४-५ वटा ह्विलचियर मर्मत गर्छन् । डाले घाँस काट्न लाग्दा करेन्ट लागेर मेरूदण्ड पक्षघात भएका उनी एकपटक साथीहरूसँग बाहिर घुम्न जाँदा ह्वील चियर बिग्रिएर कतै पनि बनाउन नपाएपछि आँफै सिकेर बनाउने अठोटका साथ अघि बढेको बताउँछन् ।

विभिन्न संघसंस्थाको सहयोगमा तालिम लिएपछि उनी गोकर्णेश्वर नगर पालिकाले सञ्चालन गरेको निःशुल्क ह्वीलचियर मर्मत केन्द्रमा काम गर्न आइपुगेका हुन् । देशभरका विभिन्न स्थानबाट त्यहाँ ह्वीलचियर मर्मतका लागि मानिसहरू आउने गरेको उनको भनाइ छ ।

त्यहाँ आउने उपयोगकर्ताहरू पनि नगरपालिकाले दिएको सेवाप्रति सन्तुष्ट छन् । ह्वीलचियर बिग्रियो भने नयाँ किन्नुपर्ने अवस्थाबाट बनाउन सकिने अवस्थामा पुग्नुमा नगरपालिकाको महत्वपूर्ण योगदान रहेको मर्मत केन्द्रमा आएका एक सेवाग्राहीले बताए ।

उनी भन्छन्, 'यहाँ मर्मत केन्द्र बनेर धेरै नै राहत पुगेको छ । पहिला केही भए धेरै ठाउँमा धाउनु पर्थ्यो अहिले सबै काम यही हुन्छ । अन्त जानै पर्दैन यही बन्छ ।' उनीजस्तै अरूपनि नगरपालिकाले यस्तो कार्य गरेर धेरै नै सहज र सरल भएको बताउँछन् ।

उक्त केन्द्रमा नेपाली मात्र होइन विदेशीहरू पनि ह्वीलचियर मर्मतका लागि आउने गरेका छन् । यो सबै कार्यका लागि नगरपालिकाले बर्सेनि १० लाख बजेट छुट्याउने गरेको छ । यो सबका जिम्मेवार हुन नगर प्रमुख दिपक रिसाल । नगर प्रमुख हुनुभन्दा अगाडि नै जोरपाटीको उकालोमा ह्वीलचियर फसेको देखेपछि देशभर निःशुल्क मर्मत केन्द्र बनाउनुपर्ने सोच आफूमा आएको रिसाल बताउँछन् । निर्वाचनमा आफूले जितेपछि आफ्नो सोचको पहिलो सुरूवात स्वरूप निःशुल्क ह्वीलचियर मर्मत केन्द्र सञ्चालन गरेको उनको भनाइ छ । यसका साथै नगरपालिकाले अर्थोपेडिक अस्पताल, खगेन्द्र विशेष नवजिवन विद्यालय लगायतका अपागंता क्षेत्रसँग सम्बन्धित संस्थाहरूलाई सहयोग गर्दै आएको छ ।

# सूचना र प्रविधिमा उत्कृष्ट पाँचपोखरी थाङपाल गाउँपालिका




काठमाडौं - पछिल्लो समय सूचना र प्रविधिको क्षेत्रमा विश्वले अग्रगामी फड्को मार्दै गर्दा नेपालमा पनि यसको विकास भइरहेको छ।

नेपालका स्थानीय तहहरूले प्रविधिको प्रयोग गर्दै आफ्ना कामलाई जनस्तरसम्म पुऱ्याउने क्रम जारी नै छ । सोही क्रममा सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिकाले स्थानीय तहहरूमै पहिलो पटक पालिकाभरी डिजिटल प्रोफाइ तयार तथा डिजिटल घरधुरी नम्बर प्रदान गरेको छ।

आजको युग सूचना र प्रविधिबाटै परिभाषित हुन्छ । प्रविधिको प्रभावकारी प्रयोगले मात्र प्रशासनिक सेवा सरल, पारदर्शी र जनमैत्री बनाउन सकिन्छ। यसै सन्दर्भमा पाँचपोखरी थाङपाल गाउँपालिकाले सूचना र प्रविधिको प्रयोगमा देखाएको उत्कृष्टता प्रशंसनीय छ।

गाउँपालिकाले सेवा प्रवाहलाई डिजिटाइजगर्ने,नागरिकलाईअनलाइनमार्फत सहज पहुँच दिने, इ-गभर्नेन्सलाई प्राथमिकतामा राख्ने, र सूचना पारदर्शितामा जोड दिने कार्यले यसलाई नमुना स्थानीय तहको रूपमा उभ्याएको छ। डिजिटल दर्ता प्रणाली, सूचना व्यवस्थापन, अनलाइन सेवा वितरण र प्रविधिमैत्री कार्यशैलीले नागरिकलाई समय, खर्च र श्रमको बचत मात्र गरेको छैन, स्थानीय शासनप्रतिको विश्वास पनि बढाएको छ।

स्थानीय तहले बस्तुगत विवरण Profile तयार गर्नका लागि व्यवसायिक संस्थारफर्म मार्फत उक्त कार्य गराउन त्इच तयार गरिएको ५ । प्रचलित कानुनी व्यवस्था अनुसार दक्षताका आधारमा व्यवसायिक फर्म छनौट गरी पारदर्शी प्रक्रिया र जनसहभागितामूलक विधि अपनाई गाउँ र नगर वस्तुस्थिति विवरण कार्यविधि, २०७५ मा उल्लेख भए बमोजिम पालिकाका वस्तुगत विवरण तयार गर्ने उद्देश्यसहित गाउँपालिकाले हरेक घरमा डिजिटल बोर्ड राखेको हो।

यसबाट जिआइएस आधारित भू-सूचना व्यवस्थापन, डिजिटल डेटा संकलन र व्यवस्थापन प्रणालीको स्थापना, विपद पोर्टलसँग समायोजना र आपतकालीन व्यवस्थापन, स्थानीय तहको विकास योजनासँग समन्वय, विविध क्षेत्रगत तथ्यांक व्यवस्थापन, स्थानीय तहका नागरिक सेवा प्रणाली सुधार, मानवीय स्रोत क्षमता अभिवृद्धि, सरोकारवाल निकायहरूसँग समन्वय, स्थानीय अर्थतन्त्र र विकासका लागि तथ्यांक व्यवस्थापन र तथ्यांक तथा प्रोफाइलको निरन्तर अद्यावधिक लगायतका काम गर्न निकै नै भएको गाउँपालिकाका सूचना प्रविधि अधिकृत नारायण क्षेत्रीले बताए। देशभरका अन्य स्थानीय तहहरूले हालसम्म यो तवरले काम शुरू गरेका छैनन्।

नेपालका धेरै स्थानीय तहहरू अझै कागजपातमै अड्किएका छन् प्रविधि प्रयोगमा जनशक्ति, सीप र पूर्वाधारको कमी देखिन्छ । यस्ता चुनौतीबीच पाँचपोखरी थाङपालले देखाएको सफलता अन्य स्थानीय तहका लागि मार्गदर्शक बन्न सक्छ।

निष्कर्षमा भन्नुपर्दा, सूचना र प्रविधिको उपयोगमार्फत सेवा प्रवाहमा सुधार ल्याएको पाँचपोखरी थाङपाल गाउँपालिका उत्कृष्ट अभ्यासको उदाहरण बनेको छ। यसको निरन्तरता र विस्तारले मात्र यसलाई दीर्घकालीन रूपमा जनमैत्री सुशासनमा रूपान्तरण गर्न सक्नेछ।

# स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकन लिजाको उत्कृष्ट स्थानीय तहमा देवदह नगरपालिका




काठमाडौं । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकन (लिजा) मा रूपन्देहीको देवदह नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको छ।

मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१को स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकनमा देशभरीका ७५३ वटा स्थानीय तहमध्ये ९०.७५ अंकसहित रूपन्देही नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको हो।

स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकन LIGA मा देवदह नगरपालिका उत्कृष्ट स्थानीय तहको रूपमा चयन हुनु एउटा महत्वपूर्ण उपलब्धि हो।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा अन्तर्गत शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन, सहकार्य र समन्वयमा उतकृष्ठ कार्य हासलि गरेको थियो।

देवदह नगरपालिकाले आफ्नो संगठनात्मक संरचना सुदृढीकरण, प्रशासनिक दक्षता, सूचना प्रवाह, बजेट व्यवस्थापन, सेवा प्रवाहमा पारदर्शिता र नागरिकमैत्री अभ्यासलाई प्राथमिकता दिएको प्रमाण यस उपलब्धिले देखाएको छ। विशेषगरी शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, सामाजिक उत्तरदायित्व र सूचना प्रविधिको प्रयोगमार्फत सेवा सहज र पहुँचयोग्य बनाउन गरिएको पहल सराहनीय छ। यस सफलताले अन्य स्थानीय तहका लागि पनि एउटा उदाहरण प्रस्तुत गरेको छ । स्वशासनलाई सबल बनाउन, नागरिकलाई प्रत्यक्ष लाभ दिने कार्यक्रमलाई प्राथमिकता दिन र सुशासनलाई संस्थागत बनाउन देवदहको अभ्यास अनुकरणीय छ। तर उत्कृष्टताको उपाधि पाएको मात्र पर्याप्त हुँदैन। अझ स्थायी सुधारका लागि संस्थागत नीतिहरूलाई निरन्तर अद्यावधिक गर्दै जाने, नागरिक सहभागिता अझ प्रगाढ बनाउने, पारदर्शितामा कुनै सम्झौता नगर्ने र सामाजिक न्यायलाई सुनिश्चित गर्ने दिशामा नगरपालिका अघि बढ्न जरूरी छ।

मन्त्रालयले स्थानीय सरकारको क्षमता मूल्यांकनका लागि १० क्षेत्र र सूचक तोकेको थियो। स्थानीय तहको कार्यप्रक्रिया, उपलब्धि र शासकीय पद्धतिको लेखाजोखा गरी सुधारका क्षेत्र पहिचान गर्ने र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले मन्त्रालयले हरेक वर्ष यो मूल्यांकन गर्दै आएको छ।

# स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनको उत्कृष्ट धुर्कोट गाउँपालिका



काठमाडौं । स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनमा गुल्मीको धुर्कोट गाउँपालिका उत्कृष्ट १० स्थानीय तहभित्र पर्न सफल भएको छ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्कानुसार धुर्कोट गाउँपालिका ९९ अंकसहित उत्कृष्ट भएको हो।

आर्थिक वर्ष २०८०/०८१ को कार्यसम्पादन मूल्याङ्कनमा धुर्कोट गाउँपालिकाले ७६ दशमलव सात प्रतिशत अङ्क प्राप्त गरी लुम्बिनी प्रदेशका ७३ गाउँपालिकामध्ये पहिलो बनेको छ । देशभरका ७५३ स्थानीय तहमध्ये यो १० औं स्थानमा रहेको आयोगको नतिजामा उल्लेख छ । कार्यसम्पादन मूल्याङ्कनमा लुम्बिनी प्रदेशका गाउँपालिकामध्ये दोस्रो भएको रूरूक्षेत्र गाउँपालिकाले ७६ दशमलव दुई प्रतिशत अङ्क र तेस्रो भएको छत्रकोट गाउँपालिकाले ७४ दशमलव आठ प्रतिशत अङ्क प्राप्त गरेको नतिजामा उल्लेख छ।

प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा पालिकाको कार्यसम्पादन मूल्याङ्कन कार्यविधि-२०७८ अनुसार अङ्क प्रदान गर्दछ । असार १० भित्र बजेट पेस गरे/नगरेको, असार मसान्तभित्र बजेट पास गरे/नगरेको, वार्षिक बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको, विनियोजित रकमअनुसार खर्चको अवस्था, बेरूजु, आवधिक योजनाको तर्जुमा, कक्षा १ देखि ८ सम्म विद्यार्थी भर्ना दरलाई वित्त आयोगले सूचकको रूपमा मापन गरेको छ।

स्थानीय तहको वित्तीय सुशासन गुणस्तर जनताको विश्वास र पारदर्शितासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । वित्तीय व्यवस्थापनमा उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिताले मात्रै स्थानीय सरकारको काम प्रभावकारी देखिन्छ। यस सन्दर्भमा धुर्कोट गाउँपालिकाले वित्तीय सुशासन जोखिम मूल्यांकनमा उत्कृष्ट परिणाम हासिल गर्नु सराहनीय उपलब्धि हो।

नेपालमा धेरै स्थानीय तहहरू अझै बजेट व्यवस्थापन, पारदर्शिता र सार्वजनिक लेखापरीक्षणमा कमजोरी देखाइरहेका बेला धुर्कोट गाउँपालिकाले उदाहरण प्रस्तुत गरेको छ। यसको मतलब, खर्च योजनाबद्ध, पारदर्शी र कानुनी ढाँचामा रहेको छ भन्ने प्रमाणित भएको हो।

यस उपलब्धिले गाउँपालिकामा न केवल जनप्रतिनिधिको उत्तरदायित्व झल्काउँछ, बरू कर्मचारीको कार्यसम्पादन, आन्तरिक नियन्त्रण प्रणाली र जनताको सहभागिता पनि सबल भएको देखाउँछ। यो अभ्यास अन्य स्थानीय तहले पनि अनुकरण गर्न सक्ने खालको हो । अब धुर्कोट गाउँपालिकाले यो सफलता निरन्तरता दिनु आवश्यक छ। सुशासन केवल मूल्यांकनमा मात्र सीमित नभई दैनिक व्यवहारमा पनि उतारिनुपर्छ। बजेट कार्यान्वयनदेखि सार्वजनिक लेखापरीक्षणसम्मका सबै चरणमा पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अझै मजबुत बनाउन सके धुर्कोटले अन्य गाउँपालिकालाई अझै प्रेरणा दिनेछ।

# जनताको मनमा बस्न कोसिस गर्दै वडाध्यक्ष अधिकारी

दाङ। पछिल्लो समय स्थानीय तहले विभिन्न क्षेत्रमा आफ्नो कार्य सम्पादनमा उत्कृष्ट काम गर्दै आइरहेका छन् । त्यसमध्ये लुम्बिनी प्रदेशको दाङ जिल्लास्थित राप्ती गाउँपालिकाले पनि पछिल्ला वर्षहरूमा धेरै नै उदाहरणीय काम गर्दै आएको छ।

विशेषगरी गाउँपालिकाको वडा नम्बर ३ ले अन्य भन्दा उत्कृष्ट काम गरेको छ। उक्त वडाका प्रमुख हुन वडाध्यक्ष उमेश अधिकारी । दाङको राप्ती गाउँपालिका वडा नं ३ मसुरियामा समाजसेवी उत्तम कुमार अधिकारी र स्वास्थ्य स्वयंसेविका पम्फा अधिकारी को कोखबाट २०४५ साल भदौ १ गते जन्मिएका अधिकारीले सानै देखि नै समाजसेवा गर्दै आएका थिए।

घरमा बाआमा नै समाजसेवामा लागेको देखेर उनी पनि सानै देखि यसतर्फ आकर्षित भए। गाउँकै सरकारी विद्यालयमा एसएलसी पास गरेका उनी माथिल्लो तह अध्ययन गर्नको लागि २०६२ सालमा काठमाडौँ छिरे। घरमा आयस्रोतको अवस्था खासै नभएको कारण डिपार्टमेन्टल स्टोरमा काम गर्दै प्लस टु पास गरे । नेपाल प्रहरीमा जागिर खाएर देशको सेवा गर्ने सपना बोकेर शहर पसेका उनले असई पदमा दरखास्त दिए तर सपना पूरा भएन। त्यसपछि बिबिएस दोस्रो वर्ष पढ्दा पढ्दै बीचमै छोडेर गाउँ फर्केका उनी स्थानीय क्लब र सामुदायिक प्रहरी सेवा केन्द्रमा बसेर केही समयससेवाको कार्य गरे।

उनमा पढेको छु भन्नको लागि र मात्र सर्टिफिकेटको लागि मात्र पढ्ने हो भने समय खेर फाल्न हुँदैन केही न केही व्यवसायमा समयमै गर्नुपर्छ भन्ने सोच थियो। सानैदेखि दाङमा खुमबहादुर खड्काले गरेको विकास आँखाले देखेको उनले नेपाली कांग्रेसको रोज्दै राजनीतितर्फ धकेलिए।

निरन्तर समाजसेवामा लागिरहने, सबैलाई माया गर्ने स्वभाव र धेरै साथीभाइ भएका उनलाई नेपाली कांग्रेसले २०७४ सालमा स्थानीय निर्वाचनमा वडा अध्यक्षको टिकट दिएको थियो। त्यसबखत उनी नेकपा माओवादीसँग २६ मतले पराजित हुन पुगे। असफलता नै सफलताको प्रतीक हो भन्ने मान्यताका साथ निरन्तर समाजसेवामा लागेका उनलाई २०७९ सालमा फेरि उनलाई नै वडाध्यक्षको टिकट दिइयो । नेकपा माओवादी र जनमोर्चाको गठबन्धनलाई पराजित गर्दै उनी राप्ती गाउँपालिकामा नेपाली कांग्रेसबाट प्रतिनिधित्व गर्ने एकल वडा अध्यक्ष मात्र हुन पुगे। तर सदस्य भने सबै अन्यदलबाट नै निर्वाचित भए।



लुम्बिनी प्रदेशको राजधानी समेत भएको उनको वडा २०८०/८१ मा नौवटा वडामध्ये राप्ती गाउँपालिकामा प्रथम हुन सफल भयो। राजनीतिलाई पेशा नबनाई व्यवसाय पनि गर्नुपर्छ भन्ने सोचले लुम्बिनी प्रदेशको राजधानी मसुरियामा अहिले उनले बैंकबाट लोन ल्याई छानो कटेज सञ्चालनमा ल्याएका छन् । कटेजमा ७ जनालाई रोजगारी पनि दिएका छन्।

वडाको थोरै बजेटले जनताको इच्छा आकांक्षा पूरा गर्न नसकिएला भन्ने चिन्ताले सधैंभरि उनलाई सताइरहन्छ । तर यसपाली भने उनी लुम्बिनी प्रदेशको बजेट विनियोजनमा २ करोडभन्दा माथि बजेट आफ्नो वडामा पार्न सफल भएका छन्। यो राप्ती गाउँपालिकाको वडाले प्रदेशबाट पाएको सबैभन्दा बढी बजेट हो । उनको लगनशीलता आपसी सहकार्यले गर्दा बजेट ल्याउने र जनताको सेवा गर्ने प्रयासमा निरन्तर लागिरहने अधिकारी पछिल्लो समय जनतामाझ लोकप्रिय बन्दै गएका छन्।

# हरिहरपुरगढी कृषि गाउँपालिकाको रूपमा नवउदयमान पालिका बन्दै



बागमती प्रदेश अन्तर्गत सिन्धुली जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित हरिहरपुरगढी गाउँपालिका एक ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक विविधताले भरिपूर्ण स्थानीय तह हो ।

यस गाउँपालिकाको नामाकरण यहाँ रहेको ऐतिहासिक र प्रख्यात हरिहरपुरगढी किल्लाबाट गरिएको हो । यस किल्लाले सिन्धुलीगढी भन्दा पनि पूरानो इतिहाँस बोकेको किंवदन्तीमा उल्लेख छ । वि.सं.१३८७ मा बाराको सिम्रौनगढका राजा हरिसिंह देव सिन्धुली आई यहाँ एक किल्ला स्थापना गरी बसेपछि यसैलाई राज्यको रूपमा परिणत गराई तिनै राजाले पछी आफ्नै नामबाट नामाकरण गरी यसलाई हरिहरपुरगढी भन्न थालिएको ईतिहाँस छ । यस किल्लाले गोर्खाली र अंग्रेजबीचको युद्धमा पनि महत्वपूर्ण भूमिका खेलेको ईतिहाँस छ ।

यसबाटै नै नामाकरण भएको साविकको हरिहरपुरगढी गाविस वि.सं.२०७३ सालमा राज्य पुर्नसंरचना गरिएपछी सिन्धुली जिल्लाका पश्चिमी भेगका साविकका हरिहरपुरगढी, क्यानेश्वर, पिपलमाडी र महेन्द्रझ्याडी गाविसलाई एकीकृत गर्दै यो गाउँपालिकाको नाम हरि हरपुरगढी कायम गरिएको हो । हाल यस गाउँपालिकामा ८ ओटा वडा रहेका छन् भने यसको कूल क्षेत्रफल ३४३.९ वर्ग किलोमिटर रहेको छ ।

जनप्रतिनिधीको सक्रियताले गाउँपालिकामा पूर्वाधार विकासले तिव्र गति लिएको छ भने पूर्वाधार विकाससंगै गाउँपालिकाले कृषि र पशुपालनको क्षेत्रमा पनि उल्लेख्य प्रगती गरेको छ । हरिहरपुरगढीका नागरिकहरूको मूख्य पेशा कृषि र पशुपालन हो । विशेषगरी धान, मकै, गहुँ, कोदो, फापर, आलु लगायतका तरकारी जन्य बालीहरू यहाँका नागरिकले खेती गर्दै आएका रैथाने बालीहरू हुन् ।

बिगतमा निर्वाहमुखी खेती गर्दै आएका यहाँका कृषकहरूलाई गाउँपालिकाले बिउ बिजनसंगै आर्थिक तथा प्राविधिक सहयोग दिन थालेपछी अहिले यहाँका किसानहरू आधुनिक र व्यावशायीक खेतीतर्फ अग्रसर हुन थालेका छन् ।

सिंचाईको असुविधाका कारण यहाँका किसानहरूमा समस्या आएपछी अहिले शुख्खा जमिनमा गाउँपालिकाले कृषिका लागी सिंचाईको व्यवस्था गरिदिएको छ । शिपमुलक तालिम, क्षमता अभिबृद्धि तालिम र मागमा आधारित विभिन्न खाले कृषि औजार र उपकरण दिएर किसानहरूलाई आत्मनिर्भर बनाउन गाउँपालिका निरन्तर लागिपरेको छ ।

यहाँका नागरिकहरू कृषि पेशासंगै अहिले पशुपंक्षी पालनमा समेत अग्रसर भएका छन् । गाउँपालिकाकाले आर्थिक र प्राविधिक सहयोग गर्न थालेपछी किसानहरूले परम्परागत कृषि प्रणालीबाट आधुनिककिरणतर्फ अग्रसर भएका हुन् ।

हरिहरपुरगढी गाउँपालिकाको मूख्य समस्या सिंचाई र खानेपानीको हो । यस क्षेत्रमा पहाडी भूभागतर्फ सुख्खा र तल्ला तहहरूमा स-साना नदी र खोला नाला रहँदा पनि सिंचाईको उपभोग

गर्न नपाँउदा यहाँका किसानहरू चीन्तीत छन् । यद्धपी कृषिका लागी शुख्खा क्षेत्रमा गाउँपालिकाले सिंचाईको लागी पाईप ट्यांकी लगाएतको विभिन्न व्यवस्था गरिदिएको छ । जसले गर्दा यहाँका किसानहरूलाई केहि राहत मिलेको छ ।

हरिहरपुरगढी गाउँपालिकाले यसको महत्वलाई मध्यनजर गर्दै सिँचाइ सुविधा विस्तारमा महत्वपूर्ण भूमिका खेल्न दिर्घकालिन योजना बनाएको छ । गाउँपालिकाले विभिन्न स्थानमा नयाँ सिँचाइ कुलो तथा नहरहरू निर्माण र भैरहेका कूलो नहरहरूको मर्मत सम्भार गरी किसानहरूको खेतबारीसम्म पानीको पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ । जसले गर्दा वर्षाको भरमा मात्र खेती गर्नुपर्ने किसानहरूको बाध्यता हट्ने जनप्रतिनिधीहरूको बिश्वास छ ।

गाउँपालिकाले प्लास्टिक टर्नेल खेती, अर्गानिक खेती, बेमौसमी तरकारी खेती जस्ता आधुनिक प्रविधिबारे किसानलाई व्यवहारिक तालिम प्रदान गरी व्यावसायिक कृषितर्फ उन्मुख गराँउदै गएको छ । गाउँपालिकाले कृषि शाखा र पशु शाखासंग समन्वय गर्दै स्थानिय श्रोत साधनको प्रयोग गरी बाहिरका बजारमा बिक्री गरी स्थानिय कृषकहरूको आर्थिक स्तरमा बृद्धि गराँउदै गएको छ । गाउँपालिकाले यहाँका युवाहरूलाई बैदेशिक रोजगारीमा जानबाट रोक्न र आर्थिक उत्पादनमा अग्रसर बनाउन बिभिन्न उद्यमशिला कार्यक्रमहरू समेत संचालन गर्दै आएको छ ।

गाउँपालिकाले हाकपारा कृषि घर नामको अर्गानिक पसल संचालनमा ल्याएको छ । यहाँ स्थानीय स्तरमा उत्पादन हुने अर्गानीक सामाग्रीहरू माघे संक्रान्तीमा प्रयोग हुने बिषेश कन्दमुल, दाल, गेडागडी, फापरको पिठो, मसलाजन्य सामाग्रीहरू, सालको पातको टपरी, र कृषि प्रविधिका सामाग्रीहरू सुपथ मूल्यमा बिक्री गर्ने गरेको छ । मानव बस्तीको हिसाबले यो क्षेत्र लगभग ३०० वर्षभन्दा अगाडिदेखि नै निर्वाहमुखी कृषि पेशामा निर्भर रहँदै आएको पाईन्छ । तर हाल गाउँपालिकाले स्थानीय तह आफैं आत्मनिर्भर हुनुपर्छ भन्ने अवधारणाका साथ वैज्ञानिक कृषि प्रणालीबाट युवालाई कृषितर्फ आकर्षित गर्ने निती लिएको छ ।

जस अन्तर्गत कृषि उपजको बजारीकरण र मूल्य सुनिश्चितताको लागी गाउँपालिकाले केहि कदम चालेको देखिन्छ । उत्पादनको उचित मूल्य नपाउँदा किसान निराश हुने समस्यालाई सम्बोधन गर्न अहिले गाउँपालिकाले बजारीकरणमा विशेष ध्यान दिएको छ । जसका लागी गाउँपालिकाले नै कृषिजन्य सामाग्री बजारसम्म लैजान ढुवानीका लागी गाडीको समेत व्यवस्था गरिदिएको छ ।

प्रस्तावित औद्योगिक क्षेत्रका लागि गाउँपालिकाले एक स्थानमा २२० बिगाहा र अर्को स्थानमा २४० बिगाहा गरी ३६० बिगाहा जग्गा छुट्याएको छ । उद्योग सञ्चालन पश्चात् करिव २०० जनाले प्रत्यक्ष र हजारौँले अप्रत्यक्ष लाभ लिन सक्ने छन् ।


## ललितपुर महानगरपालिकाको अनुरोध

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- सार्वजनिक स्थलमा धुम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

चिरीबाबु महर्जन
नगर प्रमुख

मञ्जली शाक्य बज्राचार्य
नगर उप-प्रमुख

रेखा दास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ललितपुर महानगरपालिका
ललितपुर, बागमती प्रदेश, नेपाल

## इन्द्रावती गाउँपालिकाको अनुरोध

- आफ्नो घर-आँगन सफा राखौं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- बालबालिकालाई विद्यालय पठाऔं ।
- बालबालिकालाई काममा नलगाऔं ।
- गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
- गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं ।
- हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
- व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
- आगो बाल्नु परे काम सकिनासाथ तुरून्त निभाउने गरौं ।

झम्क नाथ नेपाल
अध्यक्ष

सोभना तामाङ
उपाध्यक्ष

मनहरि बराल
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# नवउद्यमी पदमलाल पाण्डे-

## संघर्षदेखि सफल उद्यमीसम्मको यात्रा

काठमाडौँ । युवा उद्यमी पदमलाल पाण्डेको जन्म वि.सं. २०४२ साल भदौ १० गते कैलाली जिल्लाको साविक नारायणपुर गाउँ विकास समिति वार्ड नं ९ (हालको टिकापुर नगरपालिका-६) मा भएको हो । उनी आमा जुन कलादेवी पाण्डे र बुवा लोकराज पाण्डेको पाँचौं सन्तानका रूपमा जन्मिएका हुन् । सामान्य किसान परिवारमा जन्मेका पाण्डेका परिवारमा छ जना दाजुभाइ र एक जना दिदी रहेका छन् ।

साधारण किसान परिवारमा जन्मिएका पाण्डे सानैदेखि संघर्षसहितको जीवनमा हुर्किए । खेतबारीमा काम गर्ने, घरायसी काममा आमाबुवालाई सहयोग गर्ने र पढाइलाई निरन्तरता दिने दिनचर्या नै उनको जीवन थियो । बिहान सबेरै खेतबारी, दिउँसो स्कुल र बेलुकी धुलोमाटोबीच किताब खोल्ने । यस्तै अवस्थामा उनको बाल्यकाल बित्यो ।

प्रारम्भिक शिक्षा उनले राष्ट्रिय जनता माध्यमिक विद्यालय, सुनाफाँटाबाट सुरू गरे । २०५८ सालमा सरस्वती माध्यमिक विद्यालय सितापुरबाट एस.एल.सी. उतीर्ण पश्चात उच्च शिक्षा अध्ययनका लागि सुर्खेत शिक्षा क्याम्पसमा भर्ना भए, तर विविध कारणले पढाइ अधुरै रह्यो ।

पाण्डे आफ्नो बाल्यकाललाई निकै रोमाञ्चक तरिकाले सम्झन्छन् उनी घरमा काम गर्ने कमैयासँगै काम गर्थे, सुत्थे र खाना खाँथे। उनीहरूजस्तै समान किसिमको कपडा लगाउँथे। घरमा कुनै भेदभाव नभएकाले उनी सानैदेखि श्रम, समानता र सहकार्यको पाठ सिक्न पुगे ।

उनका बुबा लोकराज पाण्डे गाउँमा 'डाँडाघरे काइला' भनेर चिनिन्थे । पञ्चायती कालमा गाउँमा हुने विवाद वा मेलमिलापका विषयमा सबैले उनलाई नै खोज्थे । समाजमा मान-सम्मान कमाएका उनका बुबा मिलापकर्ता मात्र नभई सहयोगी स्वभावका कारण सबैका प्रिय व्यक्ति थिए।

**संघर्षको कथाः**

काठमाण्डौं आएपछिको सुरूवाती दिनमा पाण्डेको संघर्षको कथा निकै पीडादायी छ । बिहानको खाना खाएपछि उनी सिधै बेलुकाको खाना खान्थे, किनकि दिनभर झोलामा रत्नराशि, पत्थर र अन्य सामग्री बोकेर सडक, गल्ली र पसल-पसलमा पुग्नुपर्ने हुन्थ्यो ।



घाम-पानी, भोक-प्यास सबै बेवास्ता गर्दै उनले संघर्षलाई जीवनको आधार बनाए।

आज उनीसँगै पढ्ने साथीहरू कोही प्रहरी सेवामा सिनियर अफिसर बने, कोही गाउँमै रमाइरहेका छन्, कोही उद्यमशिलातर्फ लागेका छन् भने कोही भारतमा श्रमिक बनेर काम गरिरहेका छन। तर पदमलाल पाण्डे भने आफ्नै दृढता, लगनशीलता र साहसका कारण आज एक सफल उद्यमीका रूपमा परिचित भएका छन।

**काठमाडौंको यात्रा र संघर्षः**

उच्च शिक्षा अधुरो भएपछि पाण्डे काठमाडौं आए। त्यहाँ आइपुग्दा उनको सपना विदेश–विशेषगरी कोरिया जाने थियो। भाषा सिके, तयारी गरे तर भिसा प्रक्रियामा असफल हुँदा सपना अधुरै रह्यो। हातमा केही थोरै रकम थियो, तर छिट्टै सकियो। जीवन अनिश्चिततामा थियो ।

यही अवस्थामा बाँकी रहेको करिब ७० हजार रूपैयाँलाई ठूलो जोखिम मोलेर उनले व्यवसाय सुरू गर्ने साहसिक निर्णय लिए। दिल्लीबाट रत्नराशि र पत्थर ल्याएर झोलामा बोकी काठमाडौंका गल्ली-गल्ली पसल-पसलमा पुग्दै दिनको १४-१५ घण्टा पसिना बगाएर व्यापार सुरू गरे। पूँजीको अभाव, बजारको प्रतिस्पर्धा र कठिन जीवनबीचको यही संघर्ष नै उनको जीवनको Turning Point सावित भयो ।

वि.सं. २०६५ मा उनले काभ्रेपलाञ्चोक, धुलिखेलका अर्जुन आचार्य र अरूणा आचार्यकी कान्छी छोरी सन्ध्या आचार्यसँग प्रेम विवाह गरे। हाल उनी एक छोरा र एक छोरीका अभिभावक हुन्।

**उद्यम र यसको विस्तारः**

संघर्षका ती कठिन दिनपछि उनले पद्मश्री ज्वेलर्सको स्थापना गरे। हाल पद्मश्री ज्वेलर्समा ४५ जनाभन्दा बढी युवाले प्रत्यक्ष रोजगारी पाएका छन्। आफ्नै फ्याक्ट्रीमा उत्पादन हुने चाँदीका भाँडाकुडी, मूर्तिहरू र अन्य धातुजन्य सामग्री काठमाडौंको न्युरोडमा मात्र नभई अस्ट्रेलिया, अमेरिका, क्यानडा, जापानसम्म निर्यात हुने गरेका छन्।



ज्वेलरी व्यवसायमै सीमित नभई उनी हस्पिटालिटी क्षेत्रमा पनि आवद्ध छन् साथै, टिकापुरमा नयाँ प्लास्टिक उद्योग सुरू गर्ने योजना अघि बढाएका छन्। यस कारण उनी टिकापुर क्षेत्रका युवाहरूमाझ ‘सफल युवा उद्यमी’ का रूपमा परिचित छन्।

पाण्डे भन्छन् “सफलता एकैदिनमा पाइँदैन। त्यहाँ पसिना, आँसु र कहिलेकाहीँ हारको पीडा पनि हुन्छ। तर दृढ आत्मबल र जोखिम लिन सक्ने साहस भए सपना वास्तविकता बन्छ।”


उनको अनुभवले देखाउँछ - राज्यको पूर्ण सहुलियत र नीतिगत सहयोग नभए पनि आत्मविश्वास र लगनशीलता भए सफलता सम्भव हुन्छ। ग्रामीण किसान परिवारबाट राजधानीसम्मको संघर्षपूर्ण यात्रामा उक्लँदै उनी आफ्नै गाउँठाउँमा रोजगारी सिर्जना गर्ने सोचका साथ अघि बढिरहेका छन्।

उनका अनुसार पछिल्लो समय रेमिट्यान्सलाई उद्योगतर्फ मोड्ने सोच विस्तारै बलियो बन्दै गएको छ। बैंकहरूले पनि उद्योगलाई प्राथमिकतामा राख्न थालेपछि युवा उद्यमशीलताको आकर्षण बढेको उनको अनुभव छ।

**पाण्डे एक प्रेरणादायी पात्रः**

आज पदमलाल पाण्डे केवल सफल व्यवसायी मात्र होइनन्, हजारौं युवाका लागि प्रेरणादायी पात्र बनेका छन्। उनले देखाएका छन्। कठिनाइलाई जितेर पनि सपना पूरा गर्न सकिन्छ। विदेश जान नसकेर निराश हुने हजारौं युवाका लागि उनी जीवित उदाहरण हुन्। गाउँको धुलोमाटोबाट उठेर पनि देशविदेशमा नाम कमाउन सकिन्छ भन्ने प्रमाण उनी स्वयं बनेका छन्।

उनको यो प्रेरणादायी संघर्षको कथा स्पष्ट सन्देश दिन्छ–देशमै अवसर खोज्न सकिन्छ, मेहनतले असम्भवलाई सम्भव बनाउन सकिन्छ, र आफ्नो मात्र होइन, अरूको भविष्य पनि उज्यालो बनाउन सकिन्छ। “आत्मविश्वासले भरिपूर्ण र लगनशील पदमलाल पाण्डे आफ्नै गाउँठाउँमा केही गर्नुपर्छ भन्ने सोचका युवा हुन्। आज उनीद्वारा उत्पादन हुने चाँदीका भाँडाकुडा, मूर्ति लगायतका सामग्री काठमाडौंमा मात्र सीमित नभई देशविदेशसम्म निर्यात हुने सफल ब्रान्ड बनेका छन्।

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सन्ध्या आचार्य
महिला उद्यमी
पद्मश्री ज्वेलर्स
न्यूरोड, काठमाडौं

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

भरत भट्ट
सञ्चालक
निर्जला बुक्स एण्ड स्टेशनरी
बनस्थली, काठमाडौं

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा धादिङको नीलकण्ठ नगरपालिका देशभरमै उत्कृष्ट



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्वमूलयांकन प्रणाली (लिजा) मा देशभरका ७ सय ५३ स्थानीयमध्ये नीलकण्ठ उत्कृष्ट बनेको हो। स्थानीय तह सुशासन स्वमूलयांकनमा पेश भएको तथ्य प्रमाणको आधारमा नीलकण्ठ नगरपालिकाले ९३.५ अंक पाएको छ।

विभिन्न १० विधामा भएको परीक्षणका आधारमा स्थानीय तहहरूको स्वमूल्यांकनको कुल अंक निर्धारण हुने गर्दछ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संस्थागत क्षमता स्वमूल्याङ्कन (लिसा) मा आर्थिक वर्ष २०८०८१ मा पनि उत्कृष्ट नगरपालिका बन्दै पुरस्कृत भएको छ। यीमध्ये स्थानीय तह संस्थागत क्षमता स्वमूलयाङ्कन (लिसा) मा उत्कृष्ट नतिजा हासिल गरेका ६ वटा उत्कृष्ट स्थानीय तहहरू यस्ता नमूना पालिका हुन् जसको अभ्यास सबैका लागि उदाहरणीय र अनुकरणीय बन्न सक्छन्।

आर्थिक वर्ष २०८०/८१ मा देशभरका ७५३ स्थानीय तहमध्ये ७३२ स्थानीय तह यो मूल्याङ्कन प्रक्रियामा सहभागी भएका थिए । नीलकण्ठ नगरपालिकातर्फ उत्कृष्ट तीनमा परेको हो । आर्थिक वर्ष २०७०/८० को स्वमूल्याङ्कनमा पनि नीलकण्ठ प्रथम बनेको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक वर्ष २०७५/०७६ मा नीलकण्ठ लगायत देशभरका ३८ स्थानीय तहमा पाइलटिङको रूपमा यो कार्यक्रम शुरू गरेको थियो। त्यस बेला पनि नीलकण्ठ प्रथम नै बनेको थियो।

लिसामा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य तथा समन्वय गरी १० वटा विषयगत क्षेत्रहरू रहेका छन्। यी विषयगत क्षेत्रहरूको ३ वटा आयाम र १०० वटा सूचकहरूको मूल्याङ्कनका आधारमा अंक प्रदान गरिन्छ।

हरेक सूचकको अंकभार एक रहेको र लिसा प्रणालीमा सबै सूचकहरूको प्रमाण सहित स्थानीय तहहरूले दाबी पेश गरेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुणस्तर परीक्षण गर्ने गर्दछ। मन्त्रालयले स्थानीय तहहरूले गरेको दाबी र प्रमाणलाई मूल्याङ्कनगरेर अंक प्रदान गर्दछ।

नीलकण्ठले आर्थिक वर्ष २०८०/०८१ को लागि लिजा प्रणालीमा ९८.५ अंक दाबी गरेको थियो। धेरै अंक दाबी गर्ने स्थानीय तहमा नीलकण्ठ ११औं स्थानमा रहेको थियो। मन्त्रालयले गुणस्तर परीक्षण पश्चात् नतिजा सार्वजनिक गर्दा नगरपालिका उत्कृष्ट तीनमा परेको हो।

# ललितपुर महानगरपालिकाको एफआरएमा सफलताका साथ उतकृष्ट




स्थानीय स्वायत्त शासनको प्रभावकारिताको मूल्याङ्कन गर्ने एउटा महत्वपूर्ण सूचक हो । Financial Responsibility Assessment-FRA । यो परीक्षणले कुनै पनि स्थानीय तहले आफ्नो स्रोत परिचालन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनलाई कत्तिको व्यवस्थित ढंगले अघि बढाएको छ भन्ने कुराको प्रतिविम्ब दिन्छ । हालै सम्पन्न आ.व. २०८०/०८१ को मूल्याङ्कनमा ललितपुर महानगरपालिका एफआरएमा उत्कृष्ट बनेको छ ।

स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन -FIDUCIARY/ RISK/ ASSESSMENT मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन ९३.५ प्रतिशत, वित्तीय जोखिम मूल्यांकन ९९.५ प्रतिशत र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्र् आयोगबाट गरिएको मूल्यांकन ७४.७१ प्रतिशत रहेको बताएको छ । ललितपुर महानगरपालिकाले चालु आर्थिक वर्षमा कुल ६८.१४ प्रतिशत बजेट खर्च गरेको छ ।

चालु आर्थिक वर्षमा महानगरपालिकाले चालु खर्च ८५.३२, राजश्व संकलन ७५ प्रतिशत र बेरूजु ०.५२ प्रतिशत रहेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन ९३.५ प्रतिशत, वित्तीय जोखिम मूल्यांकन ९९.५ प्रतिशत र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट गरिएको मूल्यांकन ७४.७१ प्रतिशत रहेको बताएको छ ।

महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ७ अर्ब ४७ करोड ४१ लाख ४७ हजार बजेट विनियोजन गरेको छ । महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि पुँजीगततर्फ ४ अर्ब ५० करोड ७७ लाख २० हजार, प्रशासनिक खर्चका लागि १ अर्ब ३३ करोड ३ लाख १८ हजार र सामाजिक सुरक्षा र सशर्त अनुदानतर्फ १ अर्ब ६३ करोड ६१ लाख विनियोजन गरेको छ ।

वित्तीय अनुशासनमा महानगरपालिकाले आन्तरिक आय वृद्धिमा जोड दिएको छ। कर संकलन प्रणालीलाई प्रविधिमैत्री बनाइ, अनलाइन भुक्तानीको सुविधा थपेको छ। पारदर्शिता र जवाफदेहिता वार्षिक बजेट, तिमाही प्रगति प्रतिवेदन र खर्च विवरण सार्वजनिक गर्ने प्रचलनलाई निरन्तरता दिइएको छ। यसले नागरिकमा विश्वास बढाएको छ।

स्रोत परिचालनमा संघीय तथा प्रदेश सरकारका अनुदानसँगै आफ्नै स्रोतबाट राजस्व बढाउनेतर्फ महानगरले प्राथमिकता दिएको छ । यो वित्तीय स्वावलम्बनतर्फको ठूलो कदम हो । नागरिक सहभागिता अन्य स्थानीयतह मध्ये बजेट निर्माणदेखि योजना छनोटसम्म नागरिकलाई सहभागी गराइएको छ । यसले नीतिहरू जनमुखी बनेको देखिन्छ ।

**एफआरएमा सफलता दिलाउने प्रमुख आधारहरूः-**

» आन्तरिक आय वृद्धि कर संकलन प्रणालीलाई डिजिटल प्रविधिमार्फत सजिलो र पारदर्शी बनाएको ।

» **पारदशी खर्चः** वार्षिक बजेट, खर्च विवरण र प्रगति प्रतिवेदनलाई नागरिकसँग साझा गरेको ।

» **वित्तीय व्यवस्थापनः** उपलब्ध स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्दै वित्तीय अनुशासन कायम राखेको ।

» नागरिक सहभागिताः योजना छनोटदेखि बजेट कार्यान्वयनसम्म सर्वसाधारणलाई सहभागी गराएको ।

ललितपुर महानगरपालिकाका एफआरएमा सफलता सम्पूर्ण स्थानीय सरकारका लागि प्रेरणा हो। पारदर्शी वित्तीय व्यवस्थापन र जिम्मेवार शासन सम्भव छ भन्ने उदाहरण यसले देखाएको छ। अब अन्य नगर-गाउँपालिकाले पनि यसबाट सिकेर आफ्ना वित्तीय अभ्यासलाई सुदृढ गर्नुपर्छ ।

# संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) सिन्धुपाल्चोककै प्रथम मेलम्ची नगरपालिका



सिन्धुपाल्चोक-जिल्लाका स्थानीय तहहरूबीच गरिएको संस्थागत क्षमता स्वमूल्याङ्कनमा मेलम्ची नगरपालिका उत्कृष्ट ठहरिएको छ। विभिन्न सूचकहरूमा उच्च अंक प्राप्त गर्दै मेलम्चीले ८८.२५ अंक हासिल गरी जिल्लाकै पहिलो स्थान हात पारेको हो।

शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना तर्जुमा, वित्तीय एवं आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, सहकार्य र समन्वयजस्ता सूचकमा प्राप्त अंकको आधारमा मेलम्ची उत्कृष्ट ठहरिएको हो।

मेलम्ची नगरपालिकाले आर्थिक बर्ष २०८०/०८१ मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ९१ अंक दाबी गरेको थियो। शासकीय प्रवन्ध १०० प्रतिशत, संगठन तथा प्रशासन, १०० प्रतिशत, वार्षिक बजेट तथा योजना व्यवस्थापन ९०.९१ प्रतिशत, वित्तीय एवम् आर्थिक व्यवस्थापन ९०.९१ प्रतिशत, सेवा प्रवाह ९६.८८ प्रतिशत, न्यायिक कार्य सम्पादन १०० प्रतिशत, भौतिक पूर्वाधार (८८.४६ प्रतिशत, सामाजिक समावेशीकरण प्रतिशत ७० प्रतिशत, वातावरण संरक्षण तथा विपद व्यवस्थापन ७७.७८ प्रतिशत, सहकार्य र समन्वय १०० प्रतिशत अंकभार प्राप्त गरेको छ।

सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहहरूको संस्थागत क्षमता मूल्याङ्कनले नगरपालिकाहरूबीच स्वस्थ प्रतिस्पर्धा बढाएको छ। मेलम्ची नगरपालिकाले हासिल गरेको सफलता स्थानीय सेवा प्रवाह, योजनाको प्रभावकारी कार्यान्वयन र जनतालाई दिइरहेको प्रत्यक्ष सुविधा नै यसको आधार बनेको देखिएको छ।

महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनले मुलुकभरका विभिन्न निकाय र स्थानीय तहमा आर्थिक अनियमितता, कमजोरी र सुधारका आवश्यकता औंल्याएको छ। यसै सन्दर्भमा मेलम्ची नगरपालिकासमेत प्रतिवेदनमा समेटिएको तथ्य महत्त्वपूर्ण छ। स्थानीय सरकारलाई जनताले सर्वाधिक नजिकको सरकारका रूपमा हेर्ने गरेका छन्। त्यसैले नगरपालिकामा हुने हरेक आर्थिक गतिविधि पारदर्शिता, जवाफदेहिता र नियमअनुसार हुन आवश्यक छ।

प्रतिवेदनमा मेलम्ची नगरपालिकामा लेखा व्यवस्थापन, बजेट कार्यान्वयन, योजना छनोट तथा कार्यान्वयन प्रक्रियामा कमजोरी देखाइएको छ। कतिपय योजनामा अनुमानित मूल्यांकन र वास्तविक खर्चबीच असमानता रहेको, सार्वजनिक खरिद नियमावलीअनुसार प्रक्रिया पूरा नगरी ठेक्का सम्झौता गरिएको, सम्पत्रि दर्ता, अभिलेख व्यवस्थापन र राजस्व संकलनमा आवश्यक ध्यान नदिइएकोजस्ता टिप्पणी गरिएको छ।

यस्ता टिप्पणी केवल आलोचनाका लागि मात्र नभई सुधारको अवसरका रूपमा लिनु जरूरी छ। स्थानीय सरकार जनताका करबाट सञ्चालित हुन्छन्। त्यसैले स्थानीय तहले खर्च गर्ने प्रत्येक रूपैयाँको उचित जवाफ दिनुपर्छ। महालेखा परीक्षकको प्रतिवेदनलाई गम्भीरतापूर्वक कार्यान्वयन गरेर मात्र पारदर्शिता र सुशासनमा विश्वास जगाउन सकिन्छ। मेलम्ची नगरपालिका मात्र होइन, सबै स्थानीय तहहरूले आफ्ना आन्तरिक लेखापरीक्षण प्रणालीलाई सबल बनाउनुपर्छ। खर्चपूर्व नियन्त्रण, योजनाको गुणस्तरीय कार्यान्वयन, समयमै सार्वजनिक विवरण प्रकाशन र जिम्मेवार निकायलाई कारबाहीको प्रावधान लागू गर्न सकेमा स्थानीय तहप्रति जनविश्वास अझ मजबुत हुनेछ।

यो स्थानीय प्रशासन, योजना बनाउने क्षमतामा आएको स्पष्ट सुधारको संकेत हो। भौगोलिक रूपमा चुनौतीपूर्ण, पूर्वाधार र स्रोत

सिमित ठाउँमा पनि मेलम्चीले यस्तो सफलता हासिल गर्नुको अर्थ छ। नेतृत्व, कर्मचारी क्षमता, सेवा प्रवाह र समुदायसँगको सम्बन्धमा सकारात्मक परिवर्तन आएको छ।

जिम्मेवारी र पारदर्शितामा सुधार जिला जस्तो स्वमूल्याङ्कनले संस्थागत कमजोरीहरू उजागर गर्ने मात्र हैन, तिनीहरू सुधार्ने मार्ग पनि देखाउँछ। मेलम्चीले यो प्रक्रिया आत्मसात गरेर आफ्ना प्रक्रियामा पारदर्शिता, लेखा/जोखा र रिपोर्टिङ प्रणाली सुदृढ गर्न लागिरहेको देखिन्छ। यसले नागरिक विश्वास बढ्छ र स्रोतको प्रभावकारी प्रयोग सुनिश्चित गर्छ।

योजना र कार्यान्वयन क्षमतामा प्रगति। स्वमूल्याङ्कनले योजना तयार गर्ने, प्राथमिकता तोक्ने र बजेटसँग समन्वय गर्ने क्षमतामा हेरफेर गरिरहेको हुनुपर्छ। मेलम्चीले सम्भवतः परियोजना छनोट, समयबद्धता र अनुगमनमा सुधार गर्ने सुरूआत गरिसकेको छ, जसले दीगो सेवा र पूर्वाधार विकासमा टेवा पुर्‍याउनेछ।

मानव संशाधन र तालिम लिजामा राम्रो नतिजा आउनु भनेको कर्मचारी र नेतृत्वले समसामयिक तालिम र क्षमता विकासमा ध्यान दिएको हुनसक्छ। कर्मचारीको पेशागत विकास, कामको स्पष्ट विवरण र आन्तरिक व्यवस्थापन प्रक्रियाले दीर्घकालीन सुधारको आधार तयार गर्छ।

समुदाय सहभागिता र सर्वसुलभता स्थानीय सरकारको वास्तविक शक्ति समुदायसँगको संवाद र सहभागितामा निहित हुन्छ । मेलम्चीले पारदर्शी सार्वजनिक सुनुवाइ, समावेशी सेवा पहुँच र कमजोर समुदायसम्म कार्यक्रम पुर्‍याउन सक्ने तन्त्र बलियो पारेको हुनुपर्छ – जुन स्थानीय विकासको लागि महत्त्वपूर्ण छ।

तालिम र नेतृत्व विकासमा निरन्तरतास् प्राप्त सुधारलाई टिकाउ बनाउने अर्को उपाय कर्मचारी र जनप्रतिनिधिहरूका लागि नियमित, लक्ष्यभित्ता तालिम र एक्सचेन्ज कार्यक्रम हो । स्रोतको दीगो व्यवस्थापनस् बजेट र स्रोत प्रवाहलाई प्रभावकारी बनाउँदै परियोजना छनोटमा दीगो र वातावरणमैत्री मापदण्ड लागू गर्नु जरूरी छ। सामुदायिक सहभागिता ष्लकतष्तगतष्यलबषिशभ गर्नुस् समुदायको सहभागिता आकस्मिक नभएर संस्थागत ढाँचामा समाहित होस् । वचनवद्धता, समावेशी निर्णय र जवाफदेहिता सुनिश्चित गर्न सुझाव अन्य स्थानीय तहहरूसँग अनुभव साझेदारीस् मेलम्चीको अनुभवलाई जिल्ला तथा प्रदेश स्तरमा छलफलगरी अरू स्थानीय तहलाई प्रेरित र मार्गदर्शन गर्नसके थपमजबुध हुनेछ।

तर उत्सव मात्र पर्याप्त छैन। केही संवेदनशील सिफारिसहरू आवश्यक छन् । नियमित अनुगमन र रिपोर्टिङ लिजाबाट प्राप्त कमजोर पक्षहरूमा आधारित कार्ययोजना तयार गरी अनुगमन प्रणालीद्वारा नियमित रिपोर्ट सार्वजनिक गरियोस् । यो नागरिकको विश्वास कायम राख्न सहयोगी हुनेछ ।

## हुप्सेकोट गाउँपालिकाको अनुरोध

- आफ्नो घर-आँगन सफा राखौं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- बालबालिकालाई विद्यालय पठाऔं।
- बालबालिकालाई काममा नलगाऔं।
- गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने।
- गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं।
- हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं।
- व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं।
- आगो बाल्नु परे काम सकिनासाथ तुरून्त निभाउने गरौं।

**लक्ष्मी देवी पाण्डे** अध्यक्ष | **पूर्ण सिंह राना मगर** उपाध्यक्ष | **हरि प्रसाद पराजुली** प्रमुख प्रशासकीय अधिकृत

**हुप्सेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
गण्डकी प्रदेश, नेपाल

## पाँचपोखरी थाङपाल गाउँपालिकाको अनुरोध

- आफ्नो घर-आँगन सफा राखौं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
- बालबालिकालाई विद्यालय पठाऔं।
- बालबालिकालाई काममा नलगाऔं।
- गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने।
- गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं।
- हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं।
- व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं।
- आगो बाल्नु परे काम सकिनासाथ तुरून्त निभाउने गरौं।

**टासी लामा** अध्यक्ष | **सुनिता अधिकारी** उपाध्यक्ष | **लक्ष्मण कुईकेल** प्रमुख प्रशासकीय अधिकृत

**पाँचपोखरी थाङपाल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# स्थानीय सरकारलाई सशक्त र जवाफदेही बनाउन हुप्सेकोट गाउँपालिकाको अभ्यास अनुकरणीय नमुना



स्थानीय शुसनलाई जनतामुखी, पारदर्शी र परिणाममुखी बनाउन नेपालभरि नै तीव्र प्रतिस्पर्धा चलिरहेको छ । यसबीच नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) स्थित हुप्सेकोट गाउँपालिकाले कार्यसम्पादनमा देखाएको उत्कृष्टताले उदाहरणीय स्थान बनाउन सफल भएको छ।

गत आर्थिक वर्षमा गाउँपालिकाले योजना तर्जुमा, बजेट कार्यान्वयन, जनसेवा वितरण, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार विकासमा देखाएको सक्रियता प्रशंसनीय छ । विशेषगरी स्वास्थ्य चौकी सशक्तिकरण, विद्यालय स्तरोन्नति, कृषि अनुदान वितरण र सडक विस्तारजस्ता गतिविधिले गाउँपालिकावासीको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याएको देखिन्छ।

योजना निर्माणमा जनसहभागिता, सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षणलाई प्राथमिकतामा राख्नु हुप्सेकोटको बलियो पक्षको रूपमा हेरिएको हो यसले सुशासन प्रवर्द्धन गर्ने मात्र नभई स्थानीय तहमा जनताको विश्वास अभिवृद्धि गरेको छ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको लिजा ८६.२५ प्रतिशत, स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको एफआरएमा ७८.५ र आर्थिक बर्ष २०८०/८१ महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनको २१ अनुसूची अनुसार कुल वेरूजु रकम (रू. हजारमा) ९६,२०६ र आर्थिक बर्ष २०८०/८१ मा फछ्र्यौट भएको वेरूजु रकम (रू. हजारमा) २४६९४ (फछ्र्यौट प्रतिशत ३६.१८) आर्थिक बर्ष २०८१/०८२ मा फछ्र्यौट गर्नुपर्ने कुल वेरूजु रकम (रू. हजारमा) ६८५१२ आफैमा असल कार्य हो । वेरूजु जिल्ला भरिका स्थानीय सरकारको सवै भन्दा कम हो र स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन लिजामा ८६.२५ गुणस्तर परिक्षण पश्चात यस हुप्सेकोटको गाउँपालिकालाई कार्यसम्पादनमा नमुनाको रूपमा लिन सकिन्छ।

आर्थिक वर्ष २०८०/०८१ मा सम्पादित कार्यहरूमा भुमिहिन, दलित र भुमिहिन सुकुम्बासी ११२ र अव्यवस्थित बसोबासी ७० गरि जम्मा १८२ पूर्जा वितरण गरिसकेको छ। यस पालिकाले युवा सीपमूलक तालिम कार्यक्रम अन्तरगत आफ्नै विद्यालमा वायरिङ गर्दै विद्यार्थीहरूलाई आत्मनिर्भरको बाटोमा डोर्याएको छ।

भैगोलिक हिसावले यस पालिकामा कार्यसम्पादनमा निकै कठिनाइ छ। सेवा प्रवाहलाई जनतालाई पाएक पर्ने स्थानबाटै सेवा प्रवाह दिदै आएको छ । वडा नं. ५ दुरूङ्गा र झयालबाँस सेवा लिनका लागि स्थानीयलाई पैदल यात्र ४ देखि ५ घण्टा समय खर्चिनु पर्ने हुन्छ। वडा न. ४ बाट पनि अतिरिक्त सेवा दिदै आएको छ यस पालिकाले। कुनै वडाहरू खण्ड-खण्ड अर्थात २ देखि ३ ठाउँबाट नागरिकलाई सेवा दिदै आएकाछन्।

**कृषि र पशु क्षेत्रको पहिचान, विशिष्ट उत्पादनमा जोड**

गाउँपालिकाका वडाहरूमा कृषि र पशु क्षेत्रमा विशिष्ट उत्पादनका क्षेत्रहरू पहिचान जोड दिएको छ। कृषि र पशु क्षेत्रका कृषकहरूलाई अनुदानको व्यवस्था गर्दै आएको छ।

फलफूल खेती बेर्ना, मागमा आधारित विभिन्न उन्नत जातका तरकारी विउविजन, टनेल र नर्सरी स्थापनामा ५० प्रतिशत अनुदानको व्यवस्था गरेको छ। पशु तर्फ व्यवसायिक रूपमा दुग्ध उत्पादन गर्ने कृषकहरूलाई प्रति लि. रू. १० का दरले अनुदानको व्यवस्था मिलाइएको र गाउँपालिकाको उक्त कार्यबाट पशुपालन क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएकले चालु आ.व.मा वृद्धि गरि रू. २० गरि प्रत्यक्ष अनुदानको व्यवस्था गरेको छ । त्यस्तै,

रासायनिक बिषादी न्यूनीकरणका लागि सचेतना कार्यक्रम अन्तर्गत हुप्सेकोट वडा-४८ामा  कृषक/समूहहरूको सहभागिता ग/इ बिषादी सचेतना सम्बन्धि तालिम दिदै आएको छ।

***"अभियानमूलक कार्यक्रम एवम् सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता सक्रिय पालिकाको रूपमा नमुना"***

हुप्सेकोट गाउँपालिका हालैका वर्षमा अभियानमूलक कार्यक्रम, प्रभावकारी सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिताका आधारमा सक्रिय र अनुकरणीय पालिकाको रूपमा उदाएको छ। स्वास्थ्य, शिक्षा, कृषि, खानेपानीदेखि सामाजिक सुरक्षा कार्यक्रमसम्म हुप्सेकोटले सञ्चालन गरेका अभियानले स्थानीयवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याएको छ । योजनाको छनोटदेखि कार्यान्वयनसम्म जनसहभागिता सुनिश्चित गरिएको छ भने नियमित सामाजिक लेखापरीक्षण र सार्वजनिक सुनुवाइमार्फत पारदर्शिता कायम गरिएको छ।

साना-साना आधारभूत पूर्वाधार योजनालाई प्राथमिकतामा राख्दै, स्रोतको सदुपयोग गरेर ठूलो प्रभाव पारेको हुप्सेकोटले सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन थालेको छ। यसले समय, खर्च र जनश्रमको बचतसँगै नागरिकमैत्री शासनको अभ्यासलाई सुदृढ पारेको छाजवाफदेही नेतृत्व, सक्रिय कर्मचारी र सचेत नागरिकबीचको सहकार्यका कारण हुप्सेकोट गाउँपालिका प्रदेश र देशभरकै नमुना स्थानीय तहका रूपमा स्थापित हुँदै गएको छाअनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्या दर्ता चलानी, राजस्व, MIS, DHIS, ELIMS, ETB, घटना दर्ता, नागरिकता सिफारीस (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये) नागरिक वडापत्र भएको, सूचना अधिकारी तोकेको, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्था भएको, निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरीरगुनासो संख्या नभएको, फछ्र्यौट संख्या नभएको,  पब्लिक अडिट र स्थलगत रिपोर्टले पनि थपमदत गरेको छ।

तर, अझै गर्नुपर्ने काम धेरै छन। स्रोत साधनको न्यूनतम सदुपयोग, प्रविधिमैत्री सेवा विस्तार, युवा रोजगारी सिर्जना र दिगो पूर्वाधार विकासमा निरन्तर ध्यान दिनु आवश्यक छ। हुप्सेकोट गाउँपालिकाले देखाएको कार्यसम्पादनको उत्कृष्टता अन्य स्थानीय तहका लागि पनि प्रेरणादायी बनेको छ। स्थानीय सरकारलाई सशक्त र जवाफदेही बनाउन हुप्सेकोटको अभ्यास अनुकरणीय नमुना बन्न सक्छ।


## मरिण गाउँपालिकाको अनुरोध

» आफ्नो घर-आँगन सफा राखौं।
» विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
» गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
» बालबालिकालाई विद्यालय पठाऔं।
» बालबालिकालाई काममा नलगाऔं।
» गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने।
» गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं।
» हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं।
» व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं।
» आगो बाल्नु परे काम सकिनासाथ तुरून्त निभाउने गरौं।

विमर्स मुक्तान
अध्यक्ष

विमला माझी
उपाध्यक्ष

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

**मरिण गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली, बागमती प्रदेश, नेपाल

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सुमन लुईटेल
सञ्चालक
ड्रिमसिटी एब्रोड एजुकेशनल कन्सल्टेन्सी
चावहिल-७, काठमाडौं, नेपाल

## हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।



सर्वेन्द्र खनाल
पूर्व प्रहरी महानिरीक्षक
काठमाडौं, नेपाल

# इन्द्रावती गाउँपालिका जिल्लामै दोस्रो उत्कृष्ट स्थानीय तह घोषित



सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक बर्ष २०८/०८१ को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (लिजा) नतिजामा इन्द्रावती गाउँपालिका जिल्लामै दोस्रो उत्कृष्ट स्थानीय तह घोषित भएको हो। प्रकाशित नतिजा अनुसार ८५.७५ अंक सहित इन्द्रावती गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको दोस्रो उत्कृष्ट स्थानीय तह बन्न पुग्यो।

सिन्धुपाल्चोकको नवलपुरमा केन्द्र रहेको ईन्द्रावती गाउँपालिका भौगोलिक, सांस्कृतिक र आर्थिक दृष्टिले महत्वपूर्ण स्थानीय तह हो। यस गाउँपालिकामा पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, कृषि तथा पर्यटनका क्षेत्रमा पछिल्ला वर्षहरूमा उल्लेखनीय उपलब्धि हासिल भएको देखिन्छ।

नेपालको संविधान २०७२ अनुसार गठन भएका स्थानीय तहहरूमध्ये ईन्द्रावतीले स्थानीय शासनलाई नागरिक नजिक पुर्‍याउने अभ्यासलाई मजबुत बनाउन सकेको छ। पारदर्शिता, जवाफदेहिता र सहभागितामूलक शासनको अभ्यास यसको विशेषता मानिन्छ। तर चुनौतीहरू अझै बाँकी छन् सडक सञ्जालको अभाव, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा विस्तार, रोजगारीको अवसर सिर्जना, विपद् व्यवस्थापन र वातावरणीय संरक्षण यहाँका प्रमुख आवश्यकता हुन्। भूकम्प र बाढी-पहिरोले पटक-पटक क्षति पुर्‍याउने भएकाले दीर्घकालीन योजना र प्रतिरोधी संरचना विकास अपरिहार्य देखिन्छ।

सिन्धुपाल्चोक जिल्लाको नवलपुर केन्द्र रहेको ईन्द्रावती गाउँपालिका स्थानीय तहको रूपमा स्थापना भएदेखि नै सेवा प्रवाह, योजना कार्यान्वयन र विकास गतिविधिमा सक्रिय रहँदै आएको छ। हालसम्मको कार्यसम्पादन हेर्दा यस पालिकाले केही उल्लेखनीय उपलब्धि हासिल गरेको देखिन्छ। ईन्द्रावती गाउँपालिकाको पूर्वाधार विकास गाउँगाउँमा सडक विस्तार, खानेपानी आयोजना, सामुदायिक भवन निर्माण र विद्युत् विस्तारमा प्रगति देखिएको छ। शिक्षा क्षेत्रमा पनि विद्यालय पुनर्निर्माण, छात्रवृत्रि वितरण तथा शिक्षामा डिजिटल प्रविधिको प्रयोग सुरू गरिएको छ। स्वास्थ्य सेवा - आधारभूत स्वास्थ्य केन्द्र सुदृढीकरण, महिला स्वास्थ्य स्वयंसेविकामार्फत प्राथमिक उपचार र स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। कृषि तथा रोजगारी, तरकारी उत्पादन, फलफूल खेती र पशुपालन प्रवर्द्धन गरेर स्थानीय आम्दानी बढाउने प्रयास भएको छ। पारदर्शिता र जवाफदेहिता-आर्थिक कारोबारमा अनलाइन प्रणाली, नागरिक बडापत्र र जनप्रतिनिधिसँग प्रत्यक्ष संवादमार्फत स्थानीयलाई निर्णय प्रक्रियामा सहभागी गराइएको छ।

चुनौती र भैगोलिक भू-वनोटले पनि विकास निर्माण पनि थप चुनैति भने कायमै छ। कार्यसम्पादनसँगै केही समस्या अझै कायम छन्। ग्रामीण सडक तथा पुलपुलियाको गुणस्तर र मर्मत-सम्भारमा कमजोरी, विपद् व्यवस्थापनमा अझै अपर्याप्त तयारी, स्वास्थ्य सेवामा दक्ष जनशक्ति र औषधि अभाव, युवा रोजगारी र दिगो उद्योग स्थापना गर्न नसकिएको अवस्थालाई यस ईन्द्रावती गाउँपालिकाले आगामी रणनितिकासाथ अगाडि वढेको देखिन्छ।

ईन्द्रावती गाउँपालिकामा कृषि, पशुपालन र पर्यटनलाई आधार बनाएर स्थानीय अर्थतन्त्र सबल बनाउन सकिन्छ। विशेषगरी उचाइअनुसारको कृषि उत्पादन, औषधिजन्य जडीबुटी, फलफूल खेती तथा स्थानीय सांस्कृतिक सम्पदासँग जोडिएको आन्तरिक पर्यटनले यहाँका बासिन्दालाई दीगो आम्दानी दिलाउन सक्छ। स्थानीय सरकारले प्राथमिकता दिएर शिक्षा र स्वास्थ्यमा गुणस्तर अभिवृद्धि, आधारभूत संरचनामा लगानी, दिगो कृषिमा प्रवर्द्धन, र रोजगारी सिर्जनामा जोड दिने हो भने ईन्द्रावती गाउँपालिका मात्र नभई सम्पूर्ण सिन्धुपाल्चोककै विकासमा योगदान पुर्‍याउन सक्छ। यसैले, ईन्द्रावती गाउँपालिका अवसर र चुनौती दुवै लिएर अगाडि बढिरहेको छ। सुव्यवस्थित योजना, पारदर्शी नेतृत्व र जनसहभागिताले यसलाई मोडेल गाउँपालिकाको रूपमा स्थापित गर्ने क्षमता राख्छ।

# शैक्षिक क्षेत्रमा अब्बल मरिण गाउँपालिका



मरिण गाउँपालिकाले आर्थिक बर्ष २०८०/८१ मा गरेको कार्यसम्पादन साँच्चै सराहनीय रहेको छ । स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (लिजा) जिल्ला प्रथम् भएको हो र अन्य सरकारी मूल्याङ्कनमा उत्कृष्ट अंक हासिल गरी यस पालिकाले अन्य गाउँपालिकाका लागि उदाहरण प्रस्तुत गरेको छ ।

कुनै बेला सामुदायिक विद्यालय भन्नासाथ नाक खुम्च्याउने अभिभावक र विद्यार्थीका लागि पश्चिम सिन्धुलीको कपिलाकोट माध्यमिक विद्यालय यतिबेला आकर्षणको केन्द्र बन्दै गएको छ । मरिण गाउँपालिका–७ महेश्वता छापमा रहेको कपिलाकोट माध्यमिक विद्यालयको शैक्षिक गुणस्तर अब्बल भएपछि अभिभावक र विद्यार्थीको आकर्षण बढेको हो । स्थानीय सरकार संरचना ऐन लागु भएसँगै शैक्षिक गुणस्तर सुधार भएको छ ।

मरिण गाउँपालिका बागमती प्रदेशमा नै पान उत्कृष्ट गाउँपालिका पुरस्कार २०८२ प्राप्त गर्ने पहिलो पालिका बन्न सफल भयो । पोखरामा आयोजित पानको दोस्रो राष्ट्रिय सम्मेलनका अवसरमा गाउँपालिकाका अध्यक्ष प्रख्यात मोक्तानले उक्त सम्मान ग्रहण गरेका थिए । प्रा.डा. विद्यानाथ कोइरालाको अध्यक्षतामा गठित मूल्याङ्कन समितिले निर्धारण गरेका २५ शैक्षिक मापदण्डहरूका आधारमा देशभरका गाउँपालिकाहरूको अध्ययन र विश्लेषण गर्दा मरिण गाउँपालिका बागमती प्रदेशको उत्कृष्ट गाउँपालिकाको रूपमा चयन भएको थियो ।

शिक्षा क्षेत्रमा देखिएको सक्रिय नेतृत्व, नवीन कार्यशैली र गुणस्तरीय प्रगतिका आधारमा मरिण गाउँपालिका सिन्धुलीलाई प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (पान) द्वारा प्रदान गरिने "पान उत्कृष्ट गाउँपालिका पुरस्कार २०८२" प्रदान गरिएको हो । शिक्षा क्षेत्रमा यस मरिण गाउँपालिका निकै सक्रिय नेतृत्व, नवीन कार्यशैली र गुणस्तरीय प्रगतिका आधारमा मरिण प्रिन्सिपल्स एसोसिएसन अफ नेपाल (पान) बाट प्रदान गरिने पान उत्कृष्ट गाउँपालिका पुरस्कार २०८२ बाग्मती प्रदेशबाट हाँसिल गरेको थियो ।

पालिकाको शैक्षिक शैक्षिक अवस्था सुधार निति, भौतिक पूर्वाधार विकास, सुशासन र पारदर्शिता विद्यालय सुधारको मुलमन्त्र हो । विद्यालयको बृहत्तर विकासलाई ध्यानमा राखेर योजना बनाउने र त्यसलाई कार्यान्वयन गर्ने कामको थालनी गर्दा अहिले विद्यार्थी र अभिभावकको आकर्षण बन्न थालेको छ ।'

केही वर्षअगाडिसम्म विद्यार्थी अभावमा घरघरमा पुगेर अभिभावक रिफाउने अवस्थामा रहेका सरकारी विद्यालयहरूको हविगत कपिलाकोटमा अन्त्य भएपछि शिक्षक र व्यवस्थापन समिति पनि अन्य विद्यालयको तुलनामा अब्बल व्यवस्थापनमा लागि परेका छन् ।

मरिण गाउँपालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि भन्दै चालु शैक्षिक शत्र २०८१/०८२ मा सरकारी कर्मचारी, जनप्रतिनिधि, सार्वजनिक पदधारण गरेका व्यक्तिका छोराछोरी अनिवार्य रूपमा सामुदायिक विद्यालयमा नै पढाउनु पर्ने नीतिगत निर्णय गरेको थियो । त्यसको विरोध भइरहँदा कपिलाकोट माविमा भने सरकारी कार्यालयमा कार्यरत कर्मचारी, सामुदायिक विदालयका शिक्षक तथा जनप्रतिनिधिका छोराछोरी उत्साहका साथ भर्ना गर्न थालिएको छ ।

यस सफलता पछाडि पारदर्शिता, जवाफदेहिता, सक्रिय नेतृत्व, र नागरिकमैत्री सेवा प्रवाहको ठूलो योगदान रहेको छ। समयमै विकास निर्माण कार्यक्रम सञ्चालन गर्नु, बजेट व्यवस्थापनमा दक्षता देखाउनु र नागरिक सहभागितामा जोड दिनु मरिण गाउँपालिकाको विशेषता हो । मरिण गाउँपालिकाद्धारा छोरी जन्माउने सुत्केरीलाई रू ५ लाख पोषण भत्ता दिदै आएको छ । सुत्केरी हुदाको बखत गर्भवती महिलालाई निस्शुलक एम्बुलेन्स सेवा दिदै आएको छ ।

यस्तो उत्कृष्ट कार्यसम्पादनले केवल अंकमा मात्र होइन, समुदायमा विश्वास र समृद्धिको भावना पनि जगाउँछ । मरिण गाउँपालिकाले देखाएको यो नमुना अन्य स्थानीय तहका लागि प्रेरणादायी साबित हुन्छ । यसरी निरन्तर सुधार र गुणस्तर कायम राख्न सकेमा गाउँपालिकाले दीर्घकालीन विकास र सामाजिक सन्तुलनमा पनि सफलता प्राप्त गर्नेछ ।

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको मूल्यांकनको उत्कृष्ट १० मा इलामको सूर्योदय नगरपालिका




काठमाडौं । इलामको सूर्योदय नगरपालिका स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकन (लिजा) मा नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको छ। मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/०८१ को स्थानीय सरकार संस्थागत क्षमता मूल्यांकनमा देशभरीका ७५३ वटा स्थानीय तहमध्ये ९० अंकसहित इलामको सूर्योदय नगरपालिका उत्कृष्ट १० भित्र पर्न सफल भएको हो।

शिक्षा, स्वास्थ्य, पर्यटनसहित विकास निर्माणका काममा अब्बल पालिकाका रूपमा अगाडि बढिरहेको सूर्योदय नगरपालिका गत वर्ष स्थानीय तह कार्य सम्पादनमा इलामका १० पालिका मध्ये पहिलो भएको थियो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको मूल्याङ्कनको नतिजा अनुसार सूर्योदय नगरपालिका ४१ दशमलव ८५ अङ्कसहित जिल्लाको पहिलो भएको थियो। त्यसै गरी गत वर्षकै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)मा पनि सूर्योदय नगरपालिका ९६ अङ्क सहित जिल्लाको उत्कृष्ट भएको थियो। मन्त्रालयले स्थानीय सरकारको क्षमता मूल्यांकनका लागि १० क्षेत्र र सूचक तोकेको थियो।

शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वय गरी १० वटा क्षेत्र र त्यसमा फरक फरक पूर्णांक तोकिएको थियो। त्यसमा नीलकण्ठ नगरपालिका सबैभन्दा बढी अंक ल्याएर पहिलो भएको हो।

स्थानीय तहको कार्यप्रक्रिया, उपलब्धि र शासकीय पद्धतिको लेखाजोखा गरी सुधारका क्षेत्र पहिचान गर्ने र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले मन्त्रालयले हरेक वर्ष यो मूल्यांकन गर्दै आएको छ । लामको सूर्योदय नगरपालिका शिक्षा क्षेत्रमा कोशी प्रदेशकै सवीत्कृष्ट पालिकाका रूपमा छनौट भएको छ देशभरका सामुदायिक विद्यालयका प्रधानाध्यापकको संस्था प्रिन्सिपल्स एसोसिएसन अफ् नेपालले सूर्योदयलाई शिक्षा क्षेत्रमा गरेको योगदानका आधारमा कोशी प्रदेशको उत्कृष्ट पालिकाका रूपमा छनौट गरेको हो । एसोसिएसनले शिक्षा क्षेत्रमा अतुलनीय योगदान गरेका उत्कृष्ट पालिका, विद्यालय र प्रधानाध्यापकलाई पुरस्कृत गर्न गठित मूल्याङ्कन समितिले कोशी प्रदेशमा सूर्योदयलाई छानेको जनाएको छ।

देशका सातै स्थानीय तहका एक-एक स्थानीय तह, एक-एक प्रधानाध्यापक र एक-एक विद्यालयलाई वर्ष उत्कृष्ट घोषणा गरी पुरस्कृत गर्न लागिएको हो। एसोसीएसनले पालिकाले छनौट गर्दा विभिन्न सूचक पूरा गरेको हुनुपर्ने जनाएको छ।

शिक्षाका सूचकमा शिक्षामा गरेको लगानीमा ३० अङ्क, निःशुल्क र समावेशी शिक्षामा १० अङ्क, दीर्घकालीन योजनामा १० अङ्क, असल अभ्यासमा २० अङ्क, प्राविधिक सञ्चालनमा १० अङ्क, स्थानीय पाठ्यक्रम तथा प्रविधिमा १० अङ्क र सुशासनमा १० अङ्क गरी मूल्याङ्कन गरेको थियो। त्रिभुवन विश्वविद्यालयका शिक्षा शास्त्रका डिन, प्राध्यापक डा।चित्रबहादुर बुढाथोकी संयोजक तथा काठमाडौं महानगरपालिकाका पूर्व शिक्षा विभाग प्रमुख (उपसचिव) रामप्रसाद सुवेदी, ज्ञानोदय मावि काठमाडौँका पूर्व प्रधानाध्यापक धनञ्जय शर्मा (अधिकारी) र शिक्षा पत्रकार प्रकृति अधिकारी सदस्य रहनुभएको समितिले नगरलाई कोशीको उत्कृष्ट छनौट गरेको हो। सूर्योदयले १२ महिना १२ कार्यक्रम, छोरी बुहारी शिक्षा, गणित विज्ञान प्रदर्शनी, बाल बचत खाता सञ्चालन, अभिभावक परिचयपत्र वितरण सहित विद्यालयलाई प्रविधिमैत्री बनाउने काम गरेको छ नगरले विगतदेखि नै शिक्षकको तलब समेत मासिक रूपमा उपलब्ध गराउँदै आएको छ।

# संस्थागत क्षमता स्वमूल्याङ्कनमा सोलुदूधकुण्ड नगरपालिका उत्कृष्ट




सोलुखुम्बुको सोलुदूधकुण्ड नगरपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा जिल्लाकै लगातार दोस्रो पटक उत्कृष्ट भएको छ। आठ स्थानीय तहमध्ये सबैभन्दा बढी अङ्क ८४ दशमलव ५० प्राप्त गर्दै सोलुदूधकुण्ड जिल्लाको उत्कृष्ट बनेको हो।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को स्वमूल्याङ्कन (लिसा) मा सोलुखुम्बुको सोलुदूधकुण्ड नगरपालिका जिल्लाको पहिलो स्थानीय तह भएको उल्लेख गरिएको छ।

नागरिकमैत्री सेवा प्रवाह, पारदर्शिता, जवाफदेहिता, विकास निर्माणमा देखिएको सक्रियता, सुशासन प्रवर्द्धन, सामाजिक उत्तर दायित्वप्रति देखाएको प्रतिबद्धता लगायतका सूचकाङ्कमा उच्च अंक प्राप्त गर्दै सोलुदुधकुण्ड नगरपालिकाले जिल्लाभित्र मात्र नभई प्रदेशमै उत्कृष्टता प्रदर्शन गरेको हो।

शासकीय पद्धति र विकास व्यवस्थापनमा गर्नुपर्ने सुधार का क्षेत्रहरू पहिचान गर्ने, आवधिक समीक्षाको आधार प्राप्त गर्ने र स्थानीय सरकारबिच स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराउने उद्देश्यले कार्यान्वयनमा रहेको लिसामा नगरपालिकाले अघिल्लो वर्षसमेत प्रथम स्थान हासिल गरेको थियो।

विभिन्न १० वटा बिषयक्षेत्र समेटेर तयार गरिने नतिजामा सङ्घीय मामिला मन्त्रालयले तय गरेको मापदण्ड अनुरूप काम गरेकाले नगपालिका उत्कृष्ट भएको हो।

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

गोविन्द पन्थी
अध्यक्ष
सरोकार केन्द्र
काठमाडौं, नेपाल


हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

पवन लाल श्रेष्ठ
सञ्चालक
युनिक प्रिन्ट हाउस
चावहिल-७, काठमाडौं

# जेन-जी आन्दोलन-नेताहरूलाई आत्मसमीक्षाको अवसर

बसन्त परियार

*पूराना दलहरूलाई यो आत्मसमीक्षाको अवसर हो । रूपान्तरणको अवसर हो । यसका लागि दलहरूभित्रका युवा आवाजहरूले साहस गर्नुपर्छ । कांग्रेस, एमाले र माओवादीले गत निर्वाचनमा बहुसंख्यक मतदाताको मत पाएका थिए । उनीहरूले जनताको त्यो मतको सम्मान गर्नसक्दा जनआक्रोशको आगो ले उनीहरूलाई सच्चिन बाध्य हुनुपर्ने अवस्थामा ल्याइपुऱ्याएको छ । उनीहरूले अब आफूलाई कसरी सच्याएर लैजान्छन्, त्यसले नै उनीहरूको भविष्यको बाटो तय गर्छ ।*



देशको धरातल आज आँसु र रगतले भिजेको छ। देश संकटको चपेटामा छ। जनताले शान्तिपूर्ण रूपमा उठाएको आवाजलाई दबाउन राज्यले गोली चलायो, अनि त्यो गोली कलिला छातीमा घुसेर धेरै विद्यार्थीहरूको ज्यान लियो। संसद् भवनदेखि सिंहदरबार र सर्वोच्च अदालतसम्म आगोले पोलिएका छन्। इतिहासका प्रतीकहरू खरानी भइरहेका छन्। युवाहरूको बलिदानले एउटा स्पष्ट सन्देश दिएको छ–यो मुलुक अब पूरानै ढर्रामा चल्न सक्दैन। जनतालाई गोली हान्ने, आन्दोलनलाई दमन गर्ने, पद र स्वार्थका लागि संविधान र कानुनसँग खेलवाड गर्ने दिनको अन्त्य गर्नुपर्ने छ। अब देश कता जानुपर्छ ? संसद्, सिंहदरबार वा सर्वोच्च अदालत सबै संस्थामाथि जनताको विश्वास धराशायी भएको छ। देशका पूरातात्विक महत्वका संरचनाहरू जलेर खरानी हुनु केवल भौतिक क्षति मात्र होइन, विश्वास टुक्रिएको दर्पण हो। यो दर्पणलाई फेरि जोड्ने उपाय भनेको पारदर्शिता, जवाफदेहिता र राजनीतिक संस्कृतिको पुनर्जागरण हो। जनतामाथि गोली चलाउने राज्यलाई अब जनताले विश्वास गर्दैन। यो विश्वास फर्काउन नेतृत्वले आँसु पुछ्ने होइन, आफ्नै गल्ती स्वीकार गरेर नयाँ बाटो रोज्नुपर्ने हुन्छ।

जेन-जी आन्दोलनले देशको राजनीतिक धेरै परिवर्तन आएको छ। फेरिन दुई  दिन पर्याप्त हुँदो रहेछ। दुई दिनको आन्दोलन र तीन दिनको संक्रमणपछि गत शुक्रबार बेलुकी नयाँ प्रधानमन्त्रीका रूपमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको शपथ र संसद विघटनपछि अहिले सबै कुरा सामान्य बन्न थालेको छ, कमसेकम दैनिक

जनजीवन । आम मानिसका लागि सहज दैनिक जनजीवनले धेरै अर्थ राख्छ । यो परिवर्तनका लागि ६२ जना भन्दा बढी प्रदर्शनकारी, प्रहरी र सर्वसाधारणको ज्यान र खर्बौंको सम्पत्ति गुम्यो । देशका महत्वपूर्ण संरचनाहरू जलेर खरानी भए । देउवा र उनकी पत्नीजस्ता कैयन अगुवा र नेताहरूले अपमानजनक ढंगले शारीरिक र मानसिक दुर्व्यवहार भोगे । आक्रोशको आगोले सबै डढाइदियो ।

आम मानिसको हृदय जलेको दलहरूले देख्न नसक्दा त्यो आक्रोशका रूपमा प्रकट भयो । भ्रष्टाचार र कुशासनले आम मानिसको हृदय जलेको कसैले महसुस गर्न सकेन । यी केही दिनमा कत्ति पनि फेरिएका छैनन् भने पूराना पार्टीहरू- खासगरी एमाले र माओवादी । उनीहरू फेरिनै चाहेका छैनन् । बोली, वचन र व्यवहारमा त्यो देखिएको छैनन् । कांग्रेसका गगन थापा, विश्वप्रकाश शर्मा लगायत केही नेताहरूले सार्वजनिक रूपमा क्षमायाचना गरेका छन् र फेरिने संकल्प गरेका छन् । तत्कालीन प्रधानमन्त्री केपी ओलीले अहिलेसम्म क्षमायाचना गरेका छैनन् । उनकै अहंकारले अहिलेको आन्दोलन र विध्वंशका लागि झिल्कोको काम गरेको हो भन्ने उनलाई कसैले बुझाइदिनुपर्छ भन्ने मलाई लाग्छ । क्षमायाचनाले हृदयको वेदनालाई धेरै कम गर्छ । शेरबहादुर देउवाले पनि अहिलेसम्म कुनै क्षमायाचना गरेका छैनन् । प्रचण्ड आफूलाई जेनजी आन्दोलनको मार्गदर्शक वा पक्का समर्थककै रूपमा प्रस्तुत गरिरहेका छन् । जेनजीका माग आफूले यसअघि नै राख्दै आएको भन्दै उनले गोहीका आँसु चुहाउने प्रयास गरेका छन् ।

एमालेबाट ओली र उनको पुस्ता तथा माओवादीबाट प्रचण्ड र उनको पुस्ताले अब राजनीतिबाट सन्यास लिनैपर्छ । उनीहरूलाई सम्मानित रूपमा सल्लाहकार बनाएर राख्नुपर्छ । माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराईसहित पूर्वप्रधानमन्त्रीहरूले सन्यास लिनुपर्ने जुन आवाज अहिले उठिरहेको छ, त्यो जरूरी छ । कांग्रेस, एमाले र माओवादीका युवा नेतृत्वले पार्टीमा पुनर्संरचना गर्ने त्यो साहस राख्नुपर्छ । माओवादी र एमालेभित्र थुप्रै राम्रा नामहरू छन् । एमालेमा उषाकिरण तिम्सेनाजस्ता नामहरूले आशाका किरणहरू बोकेका छन् । माओवादीभित्र पनि हुनसक्छन् त्यस्ता केही नामहरू जसले अब पार्टीभित्र पुनर्संरचना र परिवर्तनको आवाजलाई बुलन्द गर्नसक्छ । उषाकिरणले शुक्रबार राति सामाजिक सञ्जालमा एमाले महासचिव शंकर पोखरेललाई अब पूरानै ढंगले पार्टी अगाडि बढ्न नसक्ने चेतावनी दिएकी छन् । यो चेतावनीको शक्तिलाई उनले कतिसम्म अगाडि बढाउन सक्छिन् भन्ने परीक्षण अब हुन्छ ।

अबको बाटो प्रतिनिधिसभाको चुनाव हो । चुनौती धेरै छन् तर अब चुनाव हुन्छ । चुनावले दिने ताजा जनादेशले संविधान र यसका व्यवस्थाहरूमा हामी जे पनि परिवर्तन गर्न सकिहाल्छौं । दीर्घकालीन परिवर्तनका लागि दलहरूले आत्मसमीक्षा र पुनर्संरचनाको बाटो लिनैपर्छ । जेनजीले राज्यमा परिवर्तन ल्याएका छन् अब जेनजी जेनवाइ वा जेनएक्सले पार्टीभित्र रूपान्तरण ल्याउनुपर्छ । अहिलेको आन्दोलनले आत्मसमीक्षाको मौका दिएको छ । कांग्रेस, एमाले र माओवादीले आफूलाई आत्मसमीक्षा गरून्। राप्रपा र रास्वपाले आफूलाई आत्मसमीक्षा गरून् । म अलि जिद्दी छु भन्ने भाष्य कमसेकम राजनीतिमा उपयुक्त हुँदैन । राजनीतिमा सामूहिकताको शक्ति र सम्मान, राजनीतिमा बहुमत र अल्पमतको शक्ति र सम्मान, राजनीतिमा पारदर्शिताको शक्ति र सम्मान हुन्छ, हुनुपर्छ । केपी ओली प्रवृत्तिले अब राजनीति अगाडि बढ्न सक्दैन । केपी ओलीको अहंकारले निम्त्याएको राजनीतिक दुर्घटना- अहंकारको आकार कति सुक्ष्म तर कति विराट हुन्छ भन्ने उदाहरणका लागि प्रधानमन्त्री केपी ओलीका हरेक अभिव्यक्ति र क्रियाकलाप पर्याप्त छन् । यसअघिका वक्तव्य र गतिविधिमात्र होइन, १९ जनाको ज्यान जाने रक्तकुण्डपछि सोमबार मध्यरातमा दिएको वक्तव्यमा पनि उनको त्यो अहंकार प्रस्टै देखिन्छ । रगतको आहालपछि पनि संवैधानिक संरचनाको सुरक्षाका क्रममा अप्रिय स्थिति निम्तिएको भन्दै उनले जेनजी आन्दोलनकारीसँग चेतावनीको भाषा बोलेका छन् । देशको घाउमा क्षतिपूर्ति र उपचारखर्चको आश्वासन दिएर भर्ने प्रयास गरेका छन् । केपी ओलामात्र होइन, बर्बर सत्ताका अर्का सारथी कांग्रेस सभापति शेरबहादुर देउवा र प्रतिपक्षीको सिटमा विराजमान प्रचण्ड पनि अहंकारका भीमकाय अवतारबाहेक केही होइनन् । नयाँ पुस्ताको आकांक्षा, सोच र उडानलाई बुझ्नसक्ने सानो पनि क्षमता उनीहरूमा छैन । नयाँ पुस्ताको कल्पना, आवश्यकता र यात्रालाई महसुस गर्नसक्ने क्षमता ओली सरकार र उनका सहयोगीहरूको हुन्थ्यो भने सोमबार यो तहको रक्तपात देशमा मच्चिने थिएन ।

प्रधानमन्त्री ओली, सभापति देउवा र अध्यक्ष प्रचण्डमा समानुभूति र विवेकको बिउ नभएको देखियो । मनोविज्ञानको सामान्य परीक्षणले यसको पुष्टि भइहाल्छ । यसका लागि अनेक माथापच्ची र तर्कवितर्क गरिरहनु पर्दैन । समानुभूति र विवेकको बिउ पनि नभएको मानिस हाडमासुको पुतलामात्र हो । बिहीबार ओली सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगायो । ओली, अपराधका अर्का सारथी पृथ्वी सुब्बा गुरूङमात्र होइन, एमाले र सरकारमा रहेका सबै सानाठूला नामहरू यसको समर्थनमा उत्रिए । एक्सले सञ्चारमन्त्रालयमा पठाएको इमेलमा उच्च भ्रष्टाचार भएको नेपालजस्तो मुलुकमा दर्ता हुन आउँदिन भनेर उल्लेख गरेको छ । मेटा र एक्सजस्ता कम्पनीहरूसँग डिल गर्न ओली सरकार र उनका सूचनाप्रविधि विज्ञहरूको तयारी नपुगेको सबैका सामु प्रस्ट छ । उनीहरू व्यापारी हुन् तर तपाईंहरूले जरिवाना ठोक्ने वा धम्क्याउनेगरी सामान्य व्यापारी होइनन् । उनीहरूसँग डिल गर्न उच्च कूटनीतिक दक्षता र त्यो तहको ज्ञान चाहिन्छ । ओली-देउवा र

उनका सारथीहरूसँग त्यो तहको दक्षता छैन ।

आइतबार रातिमात्र प्रधानमन्त्री ओलीले जेन-जी पुस्तालाई 'ठगी खाने भाँडो' र 'कानुन त बुझ्केकै होला' भन्दै धम्क्याएका थिए । उनले जेनजी पुस्ताको आन्दोलनलाई तुच्छ भाषामा उडाउँदै निकृष्टताको परिचयमात्र दिएका थिएनन्, सम्भावित परिणतिको चेतावनी पनि दिएका थिए । के सोमबारको भयानक दुर्घटनाका लागि ओलीको पूर्वतयारी नै थियो ? अब जेन-जीको आन्दोलन कसैले रोकेर रोक्न सक्दैन । विस्फोटको आकार बढ्नेबाहेक अरू कुनै विकल्प नै छैन । यसको स्वभाव झन् सघन र विस्तारित भएरै जान्छ । यहाँनेर विवेकपूर्ण नेतृत्व आवश्यक हुन्छ । यसलाई थाम्न प्रेम र समानुभूतिले भरिएको हृदय चाहिन्छ । हामीले गल्ती गर्‍यौँ भन्नसक्ने छाती चाहिन्छ ।

भ्रष्टाचार र कुशासनका लागि नेपाल स्वर्णभूमि हो। सूचकहरूले त्यो बोलेकै छन् । नयाँ पुस्ताले त्यो भोगिरहेकै छ । संसारले त्यो देखिरहेकै छ । सत्तासँग नयाँ पुस्ताको विरक्ति कुनै न कुनै रूपमा सामाजिक सञ्जालमा पोखिँदा त्यसले हिजोसम्म ठूलो रूप लिने मौका पाएको थिएन । सामाजिक सञ्जाल जीवनशैली र आधारभूत आवश्यकता बनिसकेको थियो, सम्पर्कमा रहन, बोल्न र विरक्ति अभिव्यक्त गर्न जसले आक्रोशका आवाजहरूलाई रोकिरहेको थियो । तर नयाँ पुस्ताको हृदयलाई थोरैमात्र पनि बुझ्न नसकेको केपी ओली सरकारले उनीहरूको मुख बन्द गर्नेमात्र होइन, त्यसको औचित्य पनि पुष्टि गर्ने प्रयास गर्‍यो जसले विस्फोटको रूप लियो । त्यो विस्फोटलाई सरकारले पानी हालेर मत्थर पार्ने होइन कि बारूदले अझ विस्फोटक र त्रासद बनाइदियो ।

म बाहेक संसारमा कोही पनि असल छैन, मभन्दा संसारमा कोही पनि जान्ने छैन भन्ने नार्सिसिस्ट सोच कमसेकम नेताहरूमा हुनु हुँदैन । नयाँ पुस्तामा विवेक र समानुभूतिको भण्डार तपाईंहामी महसुस गर्नसक्छौँ। सरल र स्पष्ट माग लिएर सडकमा उत्रिएका मायालाग्दा जेन-जी पुस्ताहरूमाथि केपी ओली सरकारले दागेको निर्मम गोली इतिहासको पानामा सबैभन्दा कलंकपूर्ण दिन हो । अब देश केपी ओली र उनीजस्तै अहंकारीहरूको थप सिकार बनिरहनु हुँदैन । समानुभूति र विवेकको अभ्यास पनि गर्न सकिन्छ तर अब पूराना पुस्ताका नेताहरू जो सत्ता र शक्तिको आकांक्षाले पुरै भरिएका छन्, उनीहरूको हृदयमा केही पनि नयाँ उम्रन सक्दैन । समानुभूति र विवेकको लागि ठूलो हृदय चाहिन्छ । त्यो ठूलो हृदय र समझ पूरानो हृदयका नेताहरूबाट सम्भव छैन ।


## फिक्कल गाउँपालिकाको अनुरोध

» आफ्नो घर-आँगन सफा राखौं ।
» विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
» गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।
» बालबालिकालाई विद्यालय पठाऔं ।
» बालबालिकालाई काममा नलगाऔं ।
» गाउँपालिकाभित्र सञ्चालन हुने सम्पूर्ण व्यापार व्यवसाय गाउँपालिकामा मात्र दर्ता गरेर सञ्चालन गर्ने ।
» गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण कर समयमै भुक्तानी गरि जरिवानाबाट बचौं ।
» हावाहुरी चल्ने समयमा जथाभावी आगो नबालौं ।
» व्यक्तिगत घटना दर्ता, विवाह, बसाई-सराई, जन्मदर्ता, विवाहदर्ता समयमै गरौं ।
» आगो बाल्नु परे काम सकिनासाथ तुरून्त निभाउने गरौं ।

**पार्वती सुनुवार** अध्यक्ष | **राजु बराल** उपाध्यक्ष | **डम्बरबहादुर रजन मगर** प्रमुख प्रशासकीय अधिकृत

**फिक्कल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सिन्धुली, बागमती प्रदेश, नेपाल

## सोलुदुधकुण्ड नगरपालिकाको अनुरोध

» बालविवाहलाई निरूत्साहित गरौं र विवाह ऐन उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं ।
» सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
» सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
» कर तिर्नु सबै नागरिकको कर्तव्य हो । कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
» सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
» सार्वजनिक स्थलमा धम्रपान मद्यपान नगरौं/नगराऔं । हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
» लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।

**नाम्गेल जाङबु शेर्पा** नगर प्रमुख | **गान्धीमाया तामाङ** नगर उप-प्रमुख | **टुक्ति शेर्पा** प्रमुख प्रशासकीय अधिकृत

**सोलुदुधकुण्ड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
सोलुखुम्बु, नेपाल

# सामाजिक उत्तरदायित्वमा सक्रिय व्याँस गाउँपालिका



व्याँस गाउँपालिका सामाजिक उत्तरदायित्वमा सक्रिय स्थानीय सरकारको उदाहरणका रूपमा स्थापित हुँदै गएको छ। गाउँपालिकाले आधारभूत सेवा प्रवाह मात्र नभई शिक्षा, स्वास्थ्य, पूर्वाधार, दैवी प्रकोप व्यवस्थापन, विपन्न वर्ग र असहाय नागरिकलाई सहयोगजस्ता क्षेत्रमा उल्लेखनीय योगदान दिइरहेको छ।

विशेषगरी सामुदायिक विद्यालय सुदृढीकरण, स्वास्थ्य संस्थाको गुणस्तर सुधार, सरसफाइ अभियान, दिगो वातावरण संरक्षण, विपन्न परिवारलाई सहुलियत कर्जा तथा राहत सहयोग, महिला तथा युवालाई आत्मनिर्भर बनाउन उद्यमशील कार्यक्रम जस्ता काम मार्फत गाउँपालिकाले आफ्नो सामाजिक उत्तरदायित्वलाई व्यवहारमै उतारिरहेको छ। यस गाउँपालकिामा असाय, विपन्न बर्ग, बेवारिसे अवश्थामा रहेका नागरकिलाई गाँस, बाँस र कपासको निःशुल्क आवास निर्माण गरि व्यापस्थापन गर्दै आएको छ।

व्याँस गाउँपालिकाले सेवा प्रवाहलाई मात्र आफ्नो दायित्व ठानेर सामाजिक उत्तरदायित्वमा समेत उल्लेखनीय योगदान दिइरहेको छ। शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, विपन्न र असहाय वर्गको सहयोगदेखि महिला तथा युवालाई आत्मनिर्भर बनाउन सञ्चालन गरिएका कार्यक्रमहरूले गाउँपालिकालाई उत्तरदायी र संवेदनशील स्थानीय सरकारको रूपमा स्थापित गरेको छ।

योजनामा जनसहभागिता, कार्यान्वयनमा पारदर्शिता र परिणाममा जवाफदेहिताको अभ्यासले व्याँस गाउँपालिकाको कार्यशैलीलाई आदर्श बनाएको छ। आपतकालीन उद्धार, राहत वितरण तथा आधारभूत सेवामा देखाइएको सक्रियताले सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धता झन् स्पष्ट गरेको छ।

यस्तै, जनसहभागिता, पारदर्शिता र जवाफदेहितामार्फत नीति तथा योजना निर्माण गर्ने अभ्यासले पनि गाउँपालिकाको सामाजिक जवाफदेहिताको स्तर उच्च बनाएको छ। आपतकालीन अवस्थामा शीघ्र राहत र उद्धार कार्य, विपन्न र असहायलाई स्वास्थ्य उपचार तथा शिक्षा सहयोगमा गरिएको सक्रियताले व्याँस गाउँपालिकाको सामाजिक उत्तरदायित्वलाई अझ प्रस्ट रूपमा देखाएको छ।

यसरी हेर्दा, सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै व्याँस गाउँपालिकाले विकास मात्र होइन, मानवीय संवेदनशीलतालाई पनि समान महत्व दिएको छ, जसले यसलाई अन्य पालिकाका लागि प्रेरणादायी नमुना बनाएको छ।

# फिक्कल गाउँपालिकाले सेवा प्रवाहमा दिएको सन्देश



फिक्कल गाउँपालिका सेवा प्रवाहले दिएको सन्देश "जनताकै हितका लागि पारदर्शी, छरितो र जवाफदेही प्रशासन" हो। फिक्कल गाउँपालिकाले हालसम्म प्रस्तुत गरेका गतिविधि र सेवाहरूले स्थानीय सरकारको मूल दर्शनलाई स्पष्ट रूपमा अभिव्यक्त गरेको देखिन्छ। नागरिकको जीवनयापन सहज बनाउन र आवश्यकता अनुसार सेवा उपलब्ध गराउन पालिकाले शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सडक पूर्वाधारदेखि प्रशासनिक कार्यसम्पादनसम्मका क्षेत्रमा जिम्मेवार र सक्रिय भूमिका निर्वाह गरिरहेको छ।


सेवा प्रवाहले दिएको प्रमुख सन्देश भनेको ूजनताकै हितका लागि पारदर्शी, छरितो र जवाफदेही प्रशासनू हो। स्थानीय तह स्थापना हुनुको मूल आधार नै जनताको आवश्यकता अनुसार विकास र सुशासनलाई संस्थागत गर्नु हो। यस सन्दर्भमा फिक्कल गाउँपालिकाले आफ्ना कार्यक्रम र कार्यशैलीमार्फत जनमुखी सेवाको उदाहरण प्रस्तुत गरेको छ।

फिक्कल गाउँपालिकाले आन्तरीक कर संकलनको लागि आर्थिक बर्ष २०८२/०८३ को लागि ठेक्का आव्हान गरेर पालिकाको आन्तरिक स्रोतका रूपमा नयाँ योजनालाई अगाडि वढाएको छ। जस्मा जडिबुटी, कवाडी, वनजन्य वनस्पती र प्रचलित कानुनले निषेध गरे वाहेकका जीव जन्तुको प्वाख, खुर, सिङ र छाला फिक्कल गाउँपालिका क्षेत्र बाहिर निकासी हुँदा लाग्ने कर उठाउनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मान्यता प्राप्त निकायबाट इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको तपसिल बमोजिमको शर्तहरूको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र वोलपत्र पेस गर्नुहुन सार्वजनिक सूचना टाँस गरि एक रचनात्क कार्य गर्दै आएको छ। यि त, केवल प्रतिनिधि कार्यमात्र हुन्। गाउँपालिकाले नीति निर्माणदेखि कार्यान्वयनसम्म जनसहभागिता, पारदर्शिता र जवाफदेहिताको अभ्यासलाई प्राथमिकता दिएको पाइन्छ यसले न केवल स्थानीय तहप्रतिको जनविश्वास बढाएको छ, बरू नागरिकलाई आफ्नै सरकारसँग नजिक ल्याएको छ।

त्यसैले, फिक्कल गाउँपालिकाको सेवा प्रवाहले दिएको सन्देश स्पष्ट छ। स्थानीय सरकारको लक्ष्य विकास मात्र होइन, सुशासनसहित नागरिकलाई अनुभूति हुने खालको सेवा उपलब्ध गराउनु हो।

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



हेम बहादुर गुरुङ
अध्यक्ष
एसओएस म्यानपावर सर्भिस प्रा. लि.
धापासी, काठमाडौं, नेपाल

हार्दिक शुभकामना

विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत तथा छठ पर्व २०८२ सालको सु-अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।



महेश चालिसे
सञ्चालक
ड्रिमसिटी एब्रोड एजुकेशनल कन्सल्टेन्सी
चावहिल-७, काठमाडौं, नेपाल

# स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा दोस्रो पटक उत्कृष्ट बन्यो रूरूक्षेत्र गाउँपालिका



काठमाडौं । गुल्मीको रूरूक्षेत्र गाउँपालिका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन(लिजा)मा लगातार दोस्रो पटक उत्कृष्ट बनेको छ ।

आर्थिक वर्ष २०८०/०८१का लागि मन्त्रालयद्वारा स्थानीय तहहरूको कार्यसम्पादन, प्रशासनिक दक्षता, पारदर्शिता र सामाजिक समावेशीताको आधारमा गरिएको मूल्यांकनमा रूरूक्षेत्र गाउँपालिका लगातार दोस्रो वर्ष पनि उत्कृष्ट बन्न सफल भएको हो । ९० अंक प्राप्त गरेको रूरूक्षेत्र गाउँपालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनमा मात्र नभइ अन्य विषयमा पनि उत्कृष्ट अंक प्राप्त गरेको छ।

गुल्मीको रूरूक्षेत्र गाउँपालिका कार्यसम्पादनमा लगातार अब्बल बन्दै गएको छ । जिल्लाका दुई नगरपालिका र दश गाउँपालिका गरि १२ स्थानीय तहमध्ये स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा) मा रूरूक्षेत्र लगातार दास्रो वर्ष लुम्बिनी प्रदेश 'उत्कृष्ट' भएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार आर्थिक वर्ष २०८१/०८१ को सार्वजनिक गरेको नतिजा अनुसार रूरूक्षेत्र गाउँपालिकाले ९० अंक ल्याउँदै लुम्बिनीका ७४ गाउँपालिकामा प्रथम र देशभरका चार सय ६० गाउँपालिका मध्ये दोस्रो स्थान हासिल गरेको छ। स्थानीय तहलाई प्रभावकारी, उत्तरदायी र पारदर्शी बनाउन संस्थागत क्षमताको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। संस्थागत क्षमता भनेको केवल भौतिक संरचना वा कर्मचारी संख्यामा मात्र सीमित हुँदैन। यसले योजना निर्माणदेखि कार्यान्वयन, वित्तीय व्यवस्थापन, सेवा प्रवाह, पारदर्शिता र जवाफदेहितासम्मका सबै पक्षलाई समेट्छ। यसै कारण, रूरूक्षेत्र गाउँपालिकाले संस्थागत क्षमता स्वमूल्यांकनमा लगातार दोस्रो पटक उत्कृष्ट नतिजा हासिल गर्नु उल्लेखनीय उपलब्धि हो ।

यस उपलब्धिले गाउँपालिकाको संगठनात्मक शक्ति, जनउत्तर दायित्वप्रति प्रतिबद्धता र सुशासनप्रतिको गहिरो लगावलाई प्रष्ट पार्छ । सेवा प्रवाहमा सुधार, कर्मचारीको कार्यसम्पादन, स्थानीय स्तर मा योजना निर्माणमा नागरिक सहभागिता, र वित्तीय पारदर्शितामा गरेको जोडले नै रूरूक्षेत्रलाई उत्कृष्ट बनाउन सहयोग पुर्याएको छ।

यद्यपि उत्कृष्ट उपलब्धि हासिल गर्नु मात्र पर्याप्त हुँदैन। यसलाई निरन्तरता दिन र अझै सबल बनाउन पनि चुनौतीहरू छन्: स्रोत-साधनको सीमितता, प्राविधिक जनशक्ति अभाव, र योजनाको दीर्घकालीन स्थायित्व जस्ता चुनौतीलाई सामना गर्दै रूरूक्षेत्रले आगामी दिनमा अझ नमुना तह बन्ने अपेक्षा गरिएको छ।

यद्यपि उत्कृष्ट उपलब्धि हासिल गर्नु मात्र पर्याप्त हुँदैन । यसलाई निरन्तरता दिन र अझै सबल बनाउन पनि चुनौतीहरू छन्: स्रोत-साधनको सीमितता, प्राविधिक जनशक्ति अभाव, र योजनाको दीर्घकालीन स्थायित्व जस्ता चुनौतीलाई सामना गर्दै रूरूक्षेत्रले आगामी दिनमा अझ नमुना तह बन्ने अपेक्षा गरिएको छ।

# आमा
## (गद्यकविता)



गद्यकविः लक्ष्मीप्रसाद ढकाल
दर्शनाचार्य
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

आमा,
म सपुत हुँ कि कपुत हुँ ?
आज मैले सिंहदरबारमा दागबत्ती दिएँ
त्यो सिंहदरबार म जन्मिनुभन्दा अघि नै मरिसकेको रहेछ
त्यो सिंहदरबार भ्रष्टहरूको अखडा रहेछ
त्यो सिंहदरबारका नाममा स्यालदरबार रहेछ त्यो सिंहदरबार देशको साझा सम्पत्ति हो
तर पनि दगबत्ती दिएँ आमा
त्यो सिंहदरबार लङ्का जलेझैँ जलिरह्यो
त्यो धरोहर जलेको देख्दा म आफैँ धुरुधुरु रोएँ
रुँदै शवमा दागबत्ती दिएँ आमा
युवाविद्रोह न आँधीले रोक्न सक्छ न बाढीले छेक्न ।

आमा,
म सपुत हुँ कि कपुत हुँ ?
मैले आज सर्वोच्च अदालतमा दागबत्ती दिएँ सर्वोच्च अदालत म जन्मिनुभन्दा अघि नै मरिसकेको रहेछ
भ्रष्ट न्यायाधीश र भ्रष्ट वकिलले न्याय मारेका रहेछन्
ठुलालाई चैन सानालाई ऐन बनेको रहेछ न्यायको तराजुमा अन्याय जोखिँदो रहेछ
त्यो सर्वोच्च अदालत देशको साझा सम्पत्ती हो
तर पनि दागबत्ती दिएँ आमा
त्यो देशको धरोहर जल्दा विक्षिप्त भएर रोएँ रुँदै शवमा दागबत्ती दिएँ आमा
युवा विद्रोह न हुरीले रोक्न सक्छ न आँधीले ।

आमा,
म सपुत हुँ कि कपुत हुँ ?
मैले आज संसद भवनमा दागबत्ती दिएँ
संसद भवन रावणको दरबार जलेझैँ जलिरह्यो ,
मैले टुलुटुलु हेरेर रोइरहेँ
संसद भवन मभन्दा कान्छो तर अल्पायुमै मरेको रहेछ
ऐन , नियम बनाउने सांसदहरू कोही भेडाजस्ता ,बौलाहाजस्ता
अख्तियारलाई पनि दागबत्ती दिएँ
यति धेरैलाई दागबत्ती दिने म भाग्यमानी कि अभागी, थाहा छैन
तर पनि दागबत्ती दिएँ आमा
भक्कानिँदै शवमा दागबत्ती दिएँ आमा
अझै आन्दोलन सकिएको छैन, आन्दोलन त हुरी मात्र हो
क्रान्ति आँधी हो, मलाई अझै क्रान्ति गर्न मन छ आमा क्रान्ति गर्न ।

# डोका र डोलाबाट पाएको आशीर्वाद



**कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।**
**मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥**
**(श्रीमद्भगवद्गीता)**

अर्जुनकुमार श्रेष्ठ

अर्जुन दृष्टि; अर्थात् मेरो लक्ष्य । नामअनुसार मैले कर्मका निम्ति आफूलाई समर्पित गर्नुपर्छ । जसलाई मैले जीवनको एउटा छुट्टै सङ्कल्पका रूपमा लिएँ। सङ्कल्पको इन्जिनियरिङ गरें अर्थात् एउटा अमूर्त नक्सा मेरो मानसपटलमा कोरियो । त्यही नक्सामा क्रमशः श्रमका मसलाहरूको पिलर गाड्दै गएँ। बिस्तारै सपनाहरू विपनाका खम्बाहरूमा परिणत हुन थाले। आज एउटा आवासको सानो कोठा निर्माण भएको महसुस हुँदै छ। हरक्षण सोच मग्न हुन्छु; यसलाई एउटा विशाल महलमा रूपान्तरण गर्नु मेरो अर्जुनदृष्टि हुने छ।

जीवनको सार्थकता केही कृति अर्थात् कर्म छाडेर अस्त हुनुमा रहन्छ । भगवद्गीतामा कृष्णले अर्जुनलाई देखाएको ज्ञान, कर्म र भक्तिमार्गलाई आफूभित्र समाहित गर्नु मेरो वर्तमान र भविष्यको चिनारी हुने छ। यही गीतारूपी वाणीको फेर पक्रेर म आफूमा सोही अर्जुनको प्रतिच्छाया खोज्दछु र सङ्कल्प गर्छु-कर्म मेरो साधन हो; मानव सेवा साध्य।

जन्म र मृत्युको शाश्वत सत्यभित्र वर्तमानमा जिउनुपर्छ । आफ्ना लागि त सबैले गर्छ; हरप्राणीमा आफ्ना लागि भन्ने गुण अन्तर्निहित देखिन्छ तर हामी मानव जाति त्यसको व्यतिरेक छौँ । हामी जे गर्छौं आफ्ना अतिरिक्त आफू जस्तै अरूलाई पनि हुने गरी गर्छौं । यही दृढ आकाङ्क्षाको प्रतिफल हो मेरो व्यावसायिक यात्राको प्रारम्भ।

साठीको दशकको बिचबाट प्रारम्भ भएको व्यावसायिक यात्राको प्रभाव आजको स्थितिसम्म आइपुग्दा देश-विदेशका विभिन्न भूभागसम्म फैलिएको छ। व्यवसाय प्रारम्भ गरें यद्यपि यसलाई केवल पुँजी सङ्कलनको साधन ठानिनँ । मेरो साध्य स्वास्थ्य र राष्ट्रसँग जोडिएको थियो । म तत्कालीन अवस्थामा धूमपान-मदिरालगायत स्वास्थ्यलाई प्रत्यक्ष-परोक्ष असर पार्ने व्यवसाय रोजेर धनी हुने साथीहरूका विपरीत उभिएँ। मैले आफूलाई जनताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने गरी औषधि व्यवसायतर्फ आकर्षित गराएँ। जसका आरोह-अवरोह मसँग सुरक्षित छन् । जसलाई सङ्क्षेपमा नै भए पनि पाठकीय चेतनासम्म अवतरण गराउनु आवश्यक ठानेको छु।

हरेक व्यवसायका प्रारम्भ आफैँमा चुनौतीको चाङ हो । म त्यही चाङको आँगनीबाट क्रमशः अघि बढ्न थालें । औषधि व्यवसाय मानवको जीवन-मरणसँग प्रत्यक्ष सरोकार राख्ने व्यवसाय हो । आफू, आफ्ना र दक्ष जनशक्तिको रोजीरोटी पनि चल्ने र मानव सेवा पनि हुने हिसाबले मेरो व्यवसायको कलिला पाइलाहरू 'टुकुटुकु' हिँड्न थाले।

हरेक व्यवसायका आफ्नै नैतिक आधारहरू हुन्छन् । विशेष परिस्थितिहरू हुन्छन्। त्यसलाई सँगालेर काम गर्दै गर्दा प्रारम्भमा केही अप्ठ्यारो स्थिति सिर्जना हुनु स्वाभाविक कुरा हुन् । यही सन्दर्भसँग सामना गर्नु र त्यसलाई नियमितता दिनु नै सो परिस्थितिसँग स्थापित हुनु हो । म फिजिक्सको विद्यार्थी हुँ; यसर्थ मलाई बोध छ कि 'बाँच्नका लागि सङ्घर्ष' । जसले भन्छ-योग्य मात्र अस्तित्वमा रहन्छ। वर्तमानमा महसुस गरिरहेको छु; म मेरो व्यवसायमा त्यही डार्विनवादको प्राणी हुँ जसले बाँच्नका लागि सङ्घर्ष गऱ्यो । सोही क्रममा भोगेका अनेकौं आरोह-अवरोहले मलाई 'वातावरण अनुकूल' बनायो अर्थात् परिस्थितिको योग्य ठहरिएँ।

२०५४ सालको सेरोफेरो तत्कालीन म्याग्दी जिल्लामा औषधि व्यवसायको परिदृश्य सर्वसाधारणको पहुँचभन्दा बाहिर थियो। जिल्लामा ल्याइने अन्य देशका र नेपालमै उत्पादित औषधि पनि नेपाल सरकारले तोकेको रकमभन्दा चार गुनासम्म महँगो रकम तिर्न स्थानीय जनता बाध्य थिए । मैले यही समस्यालाई थोरै भए पनि मलम लगाउनुपर्छ भनेर इन्डियन करेन्सी अङ्कित औषधिलाई तत्कालीन राष्ट्रबैंकले तोकेको विनिमयदरमा रही १.६ अर्थात् १० रुपियाँको १६ रुपियाँ गरी लिने अभियान सुरु गरें भने अन्य औषधिमा पनि सोहीअनुसार कम मूल्य निर्धारण गरें । यसप्रति आफ्नो मनोमानीमा चलिरहेका औषधि व्यावसायी म र मेरो

व्यवसायप्रति रुष्ट बने। जुन स्वाभाविक छँदै थियो भने अर्कातर्फ बजार मूल्यभन्दा धेरै कममा औषधि दिँदै गर्दा आम उपभोक्तामा भने फरक धारणा स्थापित भएको पाएँ। उपभोक्ताले ठाने- पक्कै पनि यसले गुणस्तरहीन औषधि वा नक्कली औषधि हामीलाई वितरण गर्दै छ। जब समयले उपभोक्तामा सत्य कर्म रहेछ भन्ने आभास दियो तब मैले आफ्ना कर्मलाई थप बलियो बनाउँदै लैजाने आधार प्राप्त गर्दै गएँ। अब बिस्तारै गाउँगाउँबाट डोका र डोलामा बिरामी बोकेर आएका सर्वसाधरणहरू मेरो व्यवसायतर्फ आकर्षित हुन थाले । जीर्ण शरीर लिएर आएका बिरामीहरूलाई प्रत्यक्ष राहत महसुस हुने गरी मेरो व्यवसायले गति लिँदै गयो। बिरामीका शुष्क शरीरमा रस भर्नु आफैँमा सन्तुष्टिको अनुपम दृश्य हुँदो रहेछ।

विश्वास तत्काल प्राप्त गर्ने वस्तु होइन रहेछ। सम्बन्धका जालोहरू फैलँदै जाँदा विश्वासका हाँगाहरू पनि फैलँदै जाँदो रहेछ। मुख्य कुरो यो हो कि विश्वासका हाँगा पलाउने गरी सम्बन्धका विरुवाहरू रोप्नु पर्छ। म त्यही विरुवामा मलजल गरिरहेको छु। म्याग्दी जिल्लासँगै तत्कालीन धौलागिरि क्षेत्रका आम उपभोक्ताले दिएका विश्वासको फैलावट अर्थात् डोला र डोकाबाट प्राप्त आशीर्वाद हो 'ओम मेगाश्री फार्मास्युटिकल्स'।

ooo

*(प्रस्तुत लेख श्री श्रेष्ठकृत 'अर्जुनदृष्टि : जीवनका पाँच दशक' पुस्तकबाट साभार गरिएको हो। हाल श्रेष्ठ स्वास्थ्य र राष्ट्रका लागि एक सङ्कल्प मूल मन्त्रसाथ स्थापित ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडका अध्यक्ष छन्। ओम मेगाश्री फर्मास्युटिकल्स नेपाली फार्मा इतिहास एवम् स्वास्थ्य क्षेत्रमै नेपाल सरकार धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त भई आइपिओमा आउन सफल पब्लिक कम्पनी हो।)*



# ड्युटीमा प्रहरी, फुर्सदमा गीतकार-संगीतकारः इन्स्पेक्टर भुपेन्द्र बुढाथोकी

दीपक राज जोशी

*शान्त, विनम्र र अनुशासित स्वभावका भुपेन्द्र ड्युटीमा पूर्ण समर्पणसहित काम गर्छन् । फुर्सद मिल्दा उनले आफ्नो भावनाका तरंगहरू नोटबुक वा मोबाइलमा टिप्छन्, जसले पछि गीतको रूप लिन्छ ।*





सल्यान जिल्लाको एक मध्यम वर्गीय परिवारमा जन्मिएका भुपेन्द्र बुढाथोकी बाल्यकालदेखि नै बहुप्रतिभाशाली, लगनशील र लक्ष्यप्रति दृढ थिए। साने उमेरदेखि कविता, गजल र गीत लेखनमा रुचि राख्ने उनी संगीत र सिर्जनशीलताको दुनियाँमा रमाउने गर्थे। सँगसँगै, लाहुरे बन्ने सपना पनि उनको मनमा पलाएको थियो।

२०६० सालतिर उनको परिवार दाङ, तुलसीपुर सरेपछि उनले तुलसी बोर्डिङ स्कूलमा औपचारिक अध्ययन थाले । मेहनती र होनहार विद्यार्थीका रूपमा चिनिएका भुपेन्द्रले २०६८ सालमा एस.एल.सी.मा डिस्टिङ्क्सन प्राप्त गर्दै आफ्नो शैक्षिक उत्कृष्टता प्रमाणित गरे। त्यसपछि गोर्खा स्कूलबाट प्लस-टु उच्च अंकसहित पूरा गर्दै उनले अध्ययनमा निरन्तरता दिए।

२०७३ सालमा उनले आफ्नो जीवनको अर्को अध्याय सुरु गरे–नेपाल प्रहरी सेवामा प्रवेश गर्दै। पहिलो पोष्टिङ बाँके जिल्लामा भयो, जहाँबाट सुरु भएको प्रहरी जीवनले उनलाई अनुशासन, जिम्मेवारी र देशसेवाको गहिरो अर्थ सिकायो। तर प्रहरीको व्यस्त जीवनबीच पनि उनको मनका शब्द र संगीत कहिल्यै मौन भएनन्।

### प्रहरी जीवन र गीत-संगीतको संगम

भुपेन्द्रका गीतहरूमा प्रहरीको समर्पण, पीडा र देशप्रतिको अथाह माया गहिरो रूपमा झल्किन्छ। उनका शब्दहरूमा प्रहरीको संघर्ष र गौरव जिवन्त बन्छन् –



*"२४ घन्टा ड्युटी हाम्रो, देशको सेवा गर्ने,*
*कहिले हिमाल, कहिले पहाड, कहिले तराई झर्ने ।*
*यो छातीमा कुल्चे पनि देश उठ्छ भने,*
*सहन्छु म हाँसी-हाँसी, मुटु फुट्छ भने ।*
*राष्ट्र सेवक हौं, हामी प्रहरी..."*

यस्ता गहिरा भावनाले उनलाई गीत लेखनतर्फ अझ प्रेरित बनायो । यही भावनाबाट जन्मियो उनको पहिलो सर्जना–'हामी नेपाल प्रहरी', जसमा स्वर दिएका थिए चर्चित गायक राजेश पायल राईले । यो गीतले प्रहरी संगठनभित्र मात्र होइन, आम नेपालीको हृदयमा पनि विशेष स्थान बनायो ।

त्यसपछि उनले गीत-संगीतलाई आफ्नो दोस्रो पहिचानको रूपमा अघि बढाए । उनको अर्को चर्चित गीत "फूल भनौं जिन्दगीलाई फुल्न नपाई झरिसक्यो" करोडौं दर्शकले युट्युबमा हेरिसकेका छन् । यस गीतबाट उनले राष्ट्रिय अवार्ड समेत प्राप्त गरे, जसले उनलाई नेपाली संगीत क्षेत्रमा सशक्त सर्जकको रूपमा चिनायो ।

## समाज र जीवनको कथा गीतमा

भुपेन्द्रका गीतहरू समाजको वास्तविकता र मानवीय संवेदनाको प्रतिबिम्ब हुन् । उनका अनुसार –

*"समाज र जीवनलाई टाढा राखेर लेखिएको गीत, गीत हुन सक्दैन । सर्जकले लेख्ने गीतमा समाजकै कथा, पीडा र स्वर हुनुपर्छ ।"*

उनका लोकप्रिय गीतहरूमा "भाग्य लेख्ने भगवान कहाँ छौ", "अब खुशी", "डाँडापारि मेरो माया", "परदेशीको दशैं", "मुटु टुट्दा", "धोकामाथि धोका", र "परदेशी हुनै मन छैन" जस्ता सशक्त सिर्जनाहरू समावेश छन् ।

गायक प्रमोद खरेलको स्वरमा रहेको "धोकामाथि धोका" गीतले युट्युबमा ६० लाखभन्दा बढी भ्युज पाएको छ र रिलिज हुँदा ट्रेन्डिङ-२ सम्म पुगेको थियो । यसले उनको गीतकारको प्रतिभा र लोकप्रियता दुवैलाई नयाँ उचाइमा पुर्‍यायो ।

## प्रहरी र संगीतको सन्तुलन

हाल भुपेन्द्र बुढाथोकी काठमाण्डौ दरबारमार्गमा प्रहरी निरीक्षकका रूपमा कार्यरत छन् । प्रहरी जीवनको अनुभवले उनलाई समाज नजिकबाट बुझ्ने दृष्टि दिएको छ । उनका शब्दमा –

"प्रहरी जीवन समाज हेर्ने आँखीझ्याल हो, जहाँ नेपाली जीवनका असल-बेथिताका सबै रूप देख्न सकिन्छ ।"

शान्त, विनम्र र अनुशासित स्वभावका भुपेन्द्र ड्युटीमा पूर्ण समर्पणसहित काम गर्छन् । फुर्सद मिल्दा उनले आफ्नो भावनाका तरंगहरू नोटबुक वा मोबाइलमा टिप्छन्, जसले पछि गीतको रूप लिन्छ ।

उनका गीतहरूले लाखौं श्रोताको मन जितेका छन् । अहिले उनका युट्युबमा ६ लाखभन्दा बढी सब्स्क्राइबर छन् र उनले सिल्भर प्ले बटन समेत प्राप्त गरेका छन् – सम्भवतः यस्तो उपलब्धि हासिल गर्ने पहिलो प्रहरी अधिकृतका रूपमा ।

## पुरस्कार र उपलब्धिहरू

भुपेन्द्र बुढाथोकीले संगीत क्षेत्रमा पाएको सम्मान र अवार्डहरूको सूची उल्लेखनीय छ –

» नेशनल राप्ती म्युजिक अवार्ड
» नेशनल ब्रान्ड म्युजिक अवार्ड
» ओएस नेपाल म्युजिक अवार्ड
» सगरमाथा म्युजिक अवार्ड

लगायतका प्रतिष्ठित सम्मानहरू प्राप्त गरेर उनले प्रहरी र कलाकार दुवै परिचयलाई गौरवान्वित बनाएका छन् ।

## प्रेरणादायी जीवन यात्रा

इन्स्पेक्टर भुपेन्द्र बुढाथोकीको जीवन कथा प्रहरीको अनुशासन, कलाकारको संवेदनशीलता र देशसेवकको भावना मिसिएको एक अद्भुत प्रेरणा हो । उनले प्रमाणित गरेका छन् –

ड्युटी र सिर्जनशीलता विरोधी होइनन्, बरु एक-अर्काको पूरक हुन सक्छन् ।

उनका गीतहरूले देश, समाज र मानवीय भावनाको कथा बोल्छन् । उनको जीवन यात्राले नेपाली युवाहरूलाई यही सन्देश दिन्छ – ***"जहाँ इच्छाशक्ति, मेहनत र लगनशीलता हुन्छ, त्यहाँ सफलता अवश्य प्राप्त हुन्छ ।"***

# SDMIRACLE

A Pioneer Consultancy for SOUTH KOREA

11 YEARS OF EXCELLENCE

## Study ABROAD

- STUDY ABROAD
- CAREER COUNSELING
- EXPERT GUIDANCE
- TEST PREPARATION & REGISTRATION

7+ Destinations

200+ Universities

## AUTHORISED IELTS REGISTRATION CENTER

BRITISH COUNCIL

idp | IELTS

### ACCREDITATION

Approved by: Government of Nepal Ministry of Education

ICEF ACCREDITED TRUSTED AGENCY

Proud Member of KECAN

ICEF Trained Agent Counselors

TITI Certified Counselor

## Why SD Miracle?

- **SD Miracle** is **Pioneer Consultancy** for South Korea in Nepal, working since a decade.
- Have **200+ Partner Universities** in South Korea.
- **Licensed Consultancy** from Ministry of Education in Nepal
- Member of ICEF, **Certified Counsellor** from ITTI & PIER
- **Established in South Korea** since 2019 A.D.
- **Largest Sub Agent Network** in Nepal

sdmiracle.com.np

**HEAD OFFICE**
Bagbazar-28, Kathmandu
01-5358568, 01-5916568

**KOREA OFFICE**
Level 3, 413 Jongno-ro, Jongno-gu
Seoul, South Korea | +82 010 3157 8827

**CHITWAN OFFICE**
Sahid chowk-3, Bharatpur
056-494701, 9757219650


**POKHARA OFFICE**
Siddhartha Chowk, Pokhara
061-591101, 9843184182

FREE JAPANESE LANGUAGE CLASS

IELTS/PTE CLASS

Study ABROAD





UK JAPAN KOREA

AUSTRALIA USA

DREAMCITY ABROAD EDUCATION CONSULTANCY PVT. LTD.

MORE DETAILS

Chabahil-7, Kathmandu

01- 5924044 9866279606 info@dreamcityedu.com.np

30TH ANNIVERSARY

SOS GROUP

# सफल वैदेशिक रोजगारीको लागि एउटै नाम

**SOS Manpower**



Email us at apply@sosgroup.com.np
Whatsapp: 9818603999, 9801082204, 9815081288
Tel: 4955745, 4965986*89

CITY EXPRESS GROUP | cityPAY

CITY EXPRESS MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस

यो दशैं तिहारमा
सिटी एक्सप्रेसको साथ
# हरेक हप्ता १ लाख

हात खाली नजाने
**OFFER**



- हरेक दिन सबैलाई सिटी पे बाट **Cashback**
- हरेक हप्ता बम्परमा १ जनालाई रु. १ लाख

यो योजना **भाद्र १६** देखि **कार्तिक १५**, २०८२ सम्म लागू हुनेछ ।

विश्वका जुनसुकै देशबाट सिटी एक्सप्रेस मार्फत नेपालमा पैसा पठाएर यो योजनामा सहभागी हुन सकिन्छ ।

#City आयो

www.ctxpress.com | ctxpressmt | cityexpressmt | cityexpressmt